# भोकयुद्ध

कपिल लामिछाने

ई. पुस्तकालयका लागि।

# भोकयुद्ध

(कथासङ्ग्रह)

कपिल लामिछाने

परिवेश प्रकाशन प्रा.लि.
काठमाडौं।

| | | |
|---|---|---|
| कृति | : | **भोकयुद्ध** (कथासङ्ग्रह) |
| कथाकार | : | कपिल लामिछाने |
| प्रकाशक | : | परिवेश प्रकाशन प्रा.लि., नयाँ बानेश्वर, काठमाडौं। |
| संस्करण | : | दोस्रो : २०६५ |
| प्रति | : | ११०० |
| कम्प्युटर | : | विद्या लामिछाने |
| आवरणकला | : | सिद्धार्थ शाक्य |
| सर्वाधिकार | : | कथाकारमा |
| मूल्य | : | रु. १५०।- |
| मुद्रक | : | न्यू श्रेष्ठ छापाखाना, भैरहवा, फोन : ०७१-५२११९१ |

ISBN : 978-99946-633-3-0

# प्रकाशकीय

कथाकार कपिल लामिछाने चालीसको दशकदेखि नेपाली कथासाहित्यका फाँटमा देखापरेका युवास्रष्टा हुन् । कथा, लघुकथा र सूत्रकथाको लेखनमा जिम्मेवारीपूर्ण ढङ्गले लागिपरेका कपिल लामिछानेका दुईवटा कथासङ्ग्रह र दुईवटा लघुकथासङ्ग्रह गरी चारवटा सङ्ग्रह प्रकाशित भइसकेका छन् । २०५७ सालमा पहिलो संस्करण प्रकाशित भएपछि लगत्तैजसो सकिएको **भोकयुद्ध** बजारमा अप्राप्य भएको धेरै भइसक्यो । त्यसैले यो सुलभ हुन सकोस् भनेर हामीले यसको दोस्रो संस्करण प्रकाशित गर्ने जमर्को गरेका हौं । हामीलाई यो अवसर प्रदान गर्नुहुने कथाकार लामिछानेप्रति हामी आभार प्रकट गर्दछौं ।

**भोकयुद्ध**का कथाहरूले मूलत: २०४५ देखि २०४८ सम्मको नेपाली राष्ट्रिय परिवेश ओगटेका छन् । उक्त अवधि पञ्चायतको अवसान र प्रजातन्त्रको बहाली हुने सङ्क्रमणकाल हो । सङ्क्रमणकालीन व्यक्ति, समाज र शासक-प्रशासकको मानसिकतालाई देखाउनुका साथै यी कथाले मानवीय निकृष्टता, खस्कँदो मानवता, मानवनिर्मित यन्त्रको वशमा परी ट्रयाजडी भोग्दै गरेको मानवीय निरीहता र नियति आदि शाश्वत मूल्यलाई पनि औंल्याएका छन् । **भोकयुद्ध**को पहिलो संस्करण प्रकाशन भएपछिका आठ वर्षमा कपिल लामिछानेको कलमले धेरै कुरा देख्यो-लेख्यो र नेपाली साहित्यलाई गुन लगाइसक्यो, तर **भोकयुद्ध**को ऐतिहासिक महत्त्व जस्ताको तस्तै छ । स्तरहीन राजनीति, सीमान्तीकृत समुदायका पीडा, नयाँ-पुरानो सामाजिक मूल्यको बीचमा उत्पन्न द्वन्द्व, काठमाडौंबाहिरका जनजीवनको यथार्थबोध गर्न आजका पाठकले **भोकयुद्ध** पढ्नु वाञ्छनीय छ भन्ने मनसायवश पनि दोस्रो संस्करणको प्रकाशन आवश्यक देखिएको हो । कथाकारको छरितो कथाबान्की र सघन प्रस्तुतिभित्र निहित ज्योतिर्मय

सम्भावनाको लेखाजोखाका निम्ति प्रस्तुत कथासङ्ग्रह पठनीय छ । यान्त्रिकतामुक्त कथाकारिता कपिल लामिछानेको खास परिचय हो । प्रगतिशील दृष्टिकोणका साथै वैचारिक दृष्टिले सबल र कथाशिल्पका दृष्टिले नवीन **भोकयुद्ध**का यी कथा विशिष्ट उपलब्धि हुन् भन्ने हामीलाई लागेको छ । मोफसललाई कर्मथलो बनाएर यस्ता कथाको रचना गर्ने कथाकार लामिछाने निश्चय नै बधाईका पात्र छन् । हामी उनलाई यस्तो कर्मपथमा डटिरहन-खटिरहन र लागिरहन हौसला मिलिरहोस् भन्ने चाहन्छौं ।

बासुदेव अधिकारी
परिवेश प्रकाशन प्रा.लि.का निम्ति
२०६५।१०।११ नयाँ बानेश्वर, काठमाडौं ।

# प्राक्कथन

कथा पढ्नु, कथाका बारेमा पढ्नु, कथा लेख्नु र कथाका बारेमा लेख्नु तथा कथा सुन्नु- सुनाउनु पनि मेरो रूचिको विषय हो । कथा, लघुकथा, सूत्रकथा, बालकथा र लोककथा ! तर अहिले म मात्र कथाको कुरा गर्दै छु । कथाको किताब लिएर उभिएको छु- **भोकयुद्ध** ।

**भोकयुद्ध** यसअघि २०५७ मा जनमत प्रकाशनबाट प्रकाशित भएको हो ।
यस सङ्ग्रहमा २०४५ देखि २०४८ सम्म लेखिएका २४ बटा कथाहरू छन् ।
यिनले त्यसैबेलाको परिवेश र पृष्ठभूमि पाएका छन् ।
त्यतिखेरको परिवेशले रोकेका केही विषयमा प्रतीकको सहारा पनि लिएको छु ।
संसारमा भोक र भोकयुद्ध अविरल छ, निरन्तर छ ।

भोकयुद्ध सकिएको छैन, तर **भोकयुद्ध** सकिएछ ।
यसले भोटो फेर्ने भएछ । दसैं आएजस्तो भएको छ ।
त्यतिखेर यसलाई प्रकाशन गर्ने जनमतलाई साधुवाद !
यतिखेर यसलाई छाप्न काँध थाप्ने परिवेश प्रकाशन प्रा. लि. लाई धन्यवाद ।

यस्तै, यस सङ्ग्रहलाई पढिदिने, यसका बारेमा समीक्षा, टिप्पणी, समालोचना र शोध गर्ने सबैप्रति आभार प्रकट गर्न चाहन्छु ।

२०६५।११।११

**कपिल लामिछाने**
सिद्धार्थनगर, भैरहवा

# कथाक्रम

| | |
|---|---|
| १. अन्यमनस्क ... ... ... ... ... ... ... ... | १ |
| २. श्यामचरन काका ... ... ... ... ... | ६ |
| ३. अतिथि परिवार ... ... ... ... ... | ११ |
| ४. आतङ्क ... ... ... ... ... ... | १४ |
| ५. रेडियो काका : एक शब्दचित्र .... | १६ |
| ६. घर घाट ... ... ... ... ... ... ... | १९ |
| ७. महासमरमा ... ... ... ... ... ... | २१ |
| ८. पाल्तु कुकुर ... ... ... ... ... ... | २४ |
| ९. सुपर मानिमा-००९ ... ... ... | २६ |
| १०. मान्छे र मम ... ... ... ... ... | २९ |
| ११. शङ्कास्पद व्यक्ति ... ... ... ... | ३३ |
| १२. भोकयुद्ध ... ... ... ... ... ... | ३८ |
| १३. सहिदको रगत ... ... ... ... | ४१ |
| १४. भ्रमित ... ... ... ... ... ... ... | ४४ |
| १५. साहेब ... ... ... ... ... ... ... | ४६ |
| १६. विप्लव ... ... ... ... ... ... | ४९ |
| १७. अलिखित नाटक ... ... ... ... | ५२ |
| १८. मगनसिंह ... ... ... ... ... | ५५ |
| १९. भूकम्प ... ... ... ... ... ... | ६५ |
| २०. बोर्डिङको सान ... ... ... ... | ७१ |
| २१. रोगशय्यामा ... ... ... ... ... | ७४ |
| २२. भोक-उन्मूलन ... ... ... ... | ७८ |
| २३. प्रवाह ... ... ... ... ... ... ... | ८० |
| २४. थिसिस ... ... ... ... ... ... ... | ८२ |

# अन्यमनस्क

उनी घुम्ने कुर्सीमा गरुङ्गो टाउको लिएर बसिरहेका छन् । उनका अगाडि ठूलो टेबिल छ .... टेबिलमा थरीथरीका कलम र कलमदानी छन् ... मसीदानी छन् ... टेबिल क्यालेन्डर छन् ... एस्.टी.डी. फोन सेट छ अनि राजपरिवारको एउटा सामूहिक फोटो पनि छ । उनका पछाडि टाउकामाथि भित्तामा कार्यालयको प्रगति-विवरण, कर्मचारी-विवरण आदिको ग्राफ-तालिका पनि छ ... भित्तेघडी छ र छ ....।

उनी घरि टेबिलको वस्तुस्थिति नियाल्छन् घरि समुच्चा कार्यालयको । घुम्ने कुर्सी घुमिरहन्छ– घरि यता घरि उता । उनी अस्थिर छन् । उनको मन अस्थिर छ । उनी घरि आफ्नो टेबिलको ऱ्याक खोल्छन् घरि बन्द गर्छन् ... घरि आफ्नो डायरी पल्टाउँछन् घरि बन्द गर्छन् ... घरि हत्केलामा टाउको अड्याएर टेबिलमा उड्छन् ...घरि सिलिङतिर हेर्छन् अनि घरि झ्यालबाट बाहिर कार्यालय-परिसरतिर आँखा दगुराउँछन्, जहाँ केही वृक्षरोपण भएको छ .... केही फूलबारी छ ....केही कार्यालयका अरू विभागीय भवन बनेका छन् ...चुना पोतिएको छ ...रङ पोतिएको छ ... सबसबतिर उनको मन डुलेको छ ....मन डुल्दै उनको आफ्नो निजी भनिने घर पुग्छ, जुन घरमा पनि त्यस्तै चुना र रङ पोतिएको छ .... कार्यालयका पर्दा, सोफासेट, दराज, स्टेसनरी, फर्निचर आदिको आभास घरमा पनि आउँछ ... किन आउँछ, किन ? उनी आफैंसित अनुत्तरित प्रश्न गर्छन् ।

यस्तैमा एउटा हृष्टपुष्ट अनुहार टाइप गरिएका चारपाँच पाना कागत लिएर आउँछ ....उनका टेबिलमा उनका अगाडि राख्छ .... उनी त्यो टिप्छन् .... तल दायाँतर्फ हस्ताक्षर गरिदिन्छन् .... ऊ ती लिएर जान्छ ....उनी कोठामा पुनः एक्लै हुन्छन्- उत्साहहीन र आशाविहीन ।

उनको टाउको अलिअलि रन्कन थालेको उनी महसुस गर्छन् .... ओठमुख सुक्दै आएको अनुभव गर्छन् र उनका अभ्यस्त हात टेबिलमा फिट गरिएको स्विचमा पुग्छ .... स्विच थिच्नासाथ बाहिर कतै घन्टीको मधुर स्वर तरङ्गिन थाल्छ र एउटा च्याउँसे अनुहार उनका कोठाको ढोकामा उभिन्छ । उनी बूढी औंलो आफ्नो ओठतिर ढल्काएर त्यस च्याउँसे अनुहारतिर हेर्छन् ..... ऊ तुरुन्त फर्केर जान्छ र गिलासभरि पानी लिएर

आउँछ ... पानीको गिलास बडो अदबसाथ टेबिलमा राख्छ र उभिन्छ। घुम्ने कुर्सीमा अवस्थित व्यक्तित्व पानी एक सासमा तनक्क पिउँछन्।

आज उनका कोठामा कोही आएको छैन। जो आएको छ त्यो नमस्ते बजाउँदै हाजिर गरेर टाप ठोकिसकेको छ- कता-कता। आफ्ना मानिस भनेर अस्तिसम्म जसका लागि उनले कत्रो जोखिम लिए ती पनि आज टाप कसेका छन्। अस्तिसम्म जो कार्यालयमा हरवखत गाँडाघेर लगाएर बस्थे र उनका हरेक गफमा ज्यू-हजुर गर्दा आफूलाई गौरवान्वित ठान्थे ती आज आफूलाई 'प्रजातन्त्रवादी' भन्दै हिँडेका छन् .... पछाडि उनलाई 'मण्डले' भन्छन् रे ! .... कार्यालयमा पस्तैनन् ... पसे पनि बस्तैनन् ....ठुस्स परेर हिँडिहाल्छन् ....नौलेको लवजभन्दा बढी बोल्दैनन् ....कोही खुलेको छैन अगाडि। किन कोही खुलेको छैन ? किन कोही ....? सायद यस कारणले कि उनको अनुहार प्रतिकूल छ- उनी प्रतिकूल छन्- परिवेशदेखि, समयदेखि, मानिसदेखि ? उनी आफैं सोच्छन् र उनका मुखबाट सुन्न सकिने स्वर निक्लन्छ- म कसरी प्रतिकूल छु- परिवेशदेखि, समयदेखि, मानिसदेखि ? !.... स्वर उनका कानमा पनि टक्कराउँछ .... बरु बाहिर कतै उनको आदेश पर्खेर बसेको च्याउँसे अनुहारका कानमा नटक्कराएको हुनसक्छ। आफ्नो स्वरले उनी आफैं तर्सिन्छन्, झस्किन्छन् ...आतङ्कित हुन थाल्छन्- कतै विक्षिप्त त हुन लागिन भनेर। उनी सामयिक परिवेशलाई बुझ्न खोज्छन्।

सहिदका रगतका भेलले एउटा जनविरोधी व्यवस्थाको भरखर अन्त भएको छ। जनताले चाहे जति अधिकार नपाएका भए पनि एउटा कालरातको पर्खाल ढलेको छ र सुनौला बिहानीको सुरुआत भएको छ। कतिले आइरहेको झिसमिसेलाई पत्याउन र पचाउन सकिरहेका छैनन्। उनी पनि सायद त्यस्तैमध्येमा पर्छन् क्यार !

एकातिर प्रतिक्रियावादी तत्त्व प्रतिक्रान्तिका निम्ति षड्यन्त्रका जाल बुन्ने दुष्प्रयासमा लागेको छ, ... ठाउँठाउँमा सरकारी कार्यालय जलाइँदै छन् ... कागतपत्र समाप्त पारिँदै छन् ...गोली चल्दै छन् ...बन फाँडिँदै छन्। यता जनताद्वारा कालोमोसो दलिँदै छ ...अपराधी, हत्यारा र अस्ति जनआन्दोलन दबाउन सक्रिय भूमिका निर्वाह गर्ने कुख्यात मण्डलेहरूलाई जनअदालतमा उभ्याइँदै छ ...आन्दोलन रोकिएको छैन ... स्वरूप बदलिएको भने अवश्य छ।

उनी सब सोच्छन् र हतारहतार टेबिलको एउटा घर्रा तान्छन् ...दुईचारवटा फाइल टेबिलमा निकाल्छन् ...पल्टाउन र पढ्न थाल्छन्। उनको ओठमुख फेरि पनि सुक्छ, तर अहिले पनि उनी पानी मगाइहाल्ने सुरमा छैनन्। पढ्ने सुरमा छन् क्यार- उनी फाइलभित्रका कागतका पातापाता पल्टाउँदै जान्छन् ....पढ्दै जान्छन्। उनको टाउको रनक्क रन्कन्छ ...उनी सोच्छन् ....सोच्दासोच्दै उनी दसबारजना व्यक्तिको अनुहार सम्झन्छन्, जसको सम्बन्ध पल्टाइएको फाइलसित कुनै न कुनै रूपमा आबद्ध छ। ...

... त्यसैबेला, एकजना कर्मचारी हाजिर गर्न उनका कोठामा प्रवेश गर्छ ...टेबिलभरि छरपस्ट कागतपत्र देखेर त्यो दङ्ग पर्छ ...उनी भरङ्ग हुन्छन् र तिलमिलाउन थाल्छन्।

उसलाई सोच्ने बुझ्ने र बोल्ने मौकै नदिन उनी भन्छन्- यो आउने बेला हो ?

- बिर्सनुभएछ कि ? तपाईं आउँदा त म काम गर्दै थिएँ । तपाईं नै बरु.... ऊ वाक्य पुरा गर्न सक्दैन अझै ।

- भो' मलाई अहिले कसैको स्पष्टीकरण चाहिएको छैन । जानुस् । ... उनी आफ्नो फितलोपना प्रकट भएको ठान्छन् र आत्मग्लानिले उनको हृदय विदीर्ण हुनथाल्छ ।

ऊ हाजिर गरेर 'हं !' भन्दै निकलन्छ ।

उनी आफ्नो कोठाबाट निक्लिरहेको कर्मचारीलाई रिसाएको रंगाले झैं हेर्छन् ।

सबै फाइल समेटेर घर्रामा कोचार्छन् ।

उनी फेरि एक टकले सोच्न थाल्छन् र हातले आँखीभौं कोर्‍याउँछन् । जिल्ला र अञ्चलका 'खासखास' व्यक्तिलाई जनताले च्यापचुप पारेर सभामा 'बेइज्जत' गरेको उनी सम्झन्छन् । हिजोमात्र हो प्रजिअलाई बेहाल गरेको ... अस्तिमात्र हो अञ्चलाधीशलाई घेरेको ... जिशिअलाई जुत्ताको माला लगाइदिएको ... फलानो क्याम्पस प्रमुखलाई कालोमोसो दली बजारबजार घुमाएको ... 'माननीय' भनिने तर तस्करी गर्ने कथित पञ्चलाई चारपाटा मुडेको ...आदि-आदि सब घटना उनका मनमस्तिष्कमा चलचित्रमा झैं वा टेलिभिजन प्रसारणको कुनै रूपक या वृत्तचित्र झैं एकपछि अर्को गर्दै आइरहन्छन्- लगातार, लगातार ।

उनी आफूलाई पनि त्यसो गर्नसक्ने सम्भाबनालाई पुछ्न सक्दैनन् । फाइल र फाइलभित्रका कागतपत्र यताउति पार्दैमा जनताका मनमस्तिष्कमा परेको छाप मेटिन्न .... छाप तलमाथि पार्न सकिन्न ... चोखिन सकिन्न ...गधालाई माडेर गाई हुन्न रे ! जनविश्वास बलियो छ भन्ने उनलाई थाहा छ । फेरि पनि के विचार आएर हो उनी एउटा अर्को फाइल पल्टाउँछन् र त्यसबाट एउटा कागतको पातो निकालेर हातमा लिन्छन् ... ध्वारं च्यात्छन् ...दुईवटा हातमा एकएकवटा टुक्रा देखिन्छन् .... एकछिन घोरिन्छन् अनि फेरि किन हो कुन्नि उनी सेलोटेप निकालेर दुई टुक्रा भएको त्यो टङ्कित कागतलाई जोड्छन् र त्यहीं राख्छन्, जहांबाट त्यो उनले निकालेका थिए ।

फोनको घन्टी बज्छ ...उनी त्यो उठाउँछन् .... बोल्छन् .... राख्छन् ... उनका अनुहारमा अवशिष्ट उज्यालोपना पखालिन्छ ....फोनमा कस्तो पानी आएको थियो कुन्नि !...उनी तुरुन्त एक अर्को फोन नम्बर डायल गर्छन्...बोल्छन्...राख्छन्...थप आतङ्कको आभास अनुहरमा पोतिदै जान्छ...उनी फेरिफेरि पनि फोन गर्छन् (त्यो ट्रङ्क कल पनि हुनसक्छ) ...बोल्छन् ...राख्छन् ...सोच्छन् ...उनी आफूलाई नितान्त एक्लो र एक्लो बेसहारा भएको पाउँछन् ।

उनी एउटा सादा कागत टिप्छन्...केही लेख्छन्....केर्छन्....अनि फेरि लेख्छन्...पढ्छन्...थपथाप पार्छन् ...घन्टी बजाउँछन् .....च्याउँसे अनुहार देखापर्छ ....त्यसलाई उनी त्यो लेखोट दिन्छन् र भन्छन्-टाइपमा दे ।

उनी अर्को-अर्को घर्रा, दराज र बाकसहरू खोल्छन् ....हेर्छन्... कागतपत्र यता

पल्टाउँछन् उता पल्टाउँछन् .....र केही बाहिर पाखा ना निकाल्छन् ....पढ्छन् .....ब्यागमा राख्छन् ....पुन: कुर्सीमा बस्छन् कुर्सी हल्लाउँछन् ... ठेडु बाँदरले रूखको हाँगो हल्लाएझैं ... हल्लाउँदाहल्लाउँदै मज्जाले मच्चाउन थाल्छन् ...सायद यसअघि त्यस कुर्सीलाई यतिसारो कहिल्यै मच्चाएका थिएनन्, जुन उनकै फर्मायसमा किनिएको थियो र त्यसभन्दा पहिलेको कुर्सी घर पुऱ्याइएको थियो ...उनले त्यसरी कुर्सी मच्चाउँदा कुर्सीको कुनै पार्टबाट करक्क आवाज आउँछ...उनी सतर्क हुन खोज्छन् ...तर करक्क गरेकै वेलामा च्याउँसे अनुहार भित्र पस्छ... देख्छ...सुन्छ। उसले त के ठान्छ कुन्नि। तर उनी रिस गरेको ठान्छन्, द्वेष गरेको ठान्छन्, विद्रोह गर्न खोजेको ठान्छन् ...भोलिकाहरूलाई आफ्नो वर्तमान चरित्र जाहेर गर्छ भन्ने ठान्छन्। ऊ टड्डित कागत टेबिलमा पेपर वेटले अठ्याएर केही थाहा नपाएझैं गरी जान्छ। उनी त्यो पढ्न थाल्छन् .... माथिल्ला दाँतले तल्लो ओठ टोक्न थाल्छन् .... कलमदानीबाट कलम झिक्छन् .... खेलाउँछन् र एकछिनपछि त्यसको उपयोगै नगरी त्यसै ठाउँमा राख्छन्, जहाँबाट भरखर उनले त्यो झिकेका थिए। अनि उनी आफैंमा भुतभुनाउँछन्- यत्रो दिन्छन् त्यत्तिकै राजिनामा !

उनी घन्टी बजाउँछन् ... च्याउँसे अनुहार ढोकामा देखापर्छ। उनी एकाउन्टेन्टलाई बोलाउने आदेश दिन्छन्। ऊ जान्छ र उनी यताउति सतर्कतापूर्वक हेर्छन् .... सोच्छन् .... मर्नै परेपछि खुट्टै पसारेर मर्नु नि ! खातामा किन छाड्ने ? फेरि यस्तो मौका आउन्न ... जमाना गयो। .....थुइक्क, यस्ता दिन पनि आउँदारहेछन् ... अस्तिसम्म बिताँसरह रहेको यो अफिस आज बिरानोझैं लाग्न थालेको छ .... एकछिन उनी त्यसै घोरिन्छन् अनि उनका मुखबाट अनायास आश्चर्य, खेद र प्रश्नमिश्रित स्पष्ट स्वर निक्लन्छ– अँ, रोक्का !?

उनका कोठाको ढोकामा एउटा खाइलाग्दो अनुहार उभिन्छ। त्यो च्याउँसे अनुहार होइन। त्यसलाई देखेर उनी कुर्सीमा थप रबाफसाथ हल्लिन्छन् ... टाउको हल्लाउँछन् र भन्छन्- ल, भंइगो अहिलेलाई। अनि त्यो अनुहार त्यहाँबाट नबोली फरक्क फर्किन्छ।

एउटा कुरा स्मरणीय छ– जो, जति र जस्ता अनुहार देखापरे पनि प्राय: सबको अनुहारमा एक प्रकारको समानता पाइन्छ- निन्याउरो र भरखर बाबुलाई घाटमा सेलाएर आएजस्तो।

लघुशङ्काले च्याप्छ क्यार ....उनी उठ्छन् ....बाथरुम एटेच्ड छ ....खोल्छन् ...पस्छन् ... एकछिनलाई कोठा टुहुरो हुन्छ ...मौरीबिनाको घार हुन्छ ... तर त्यस्तो अवस्था धेरै बेर रहन्न ...उनी बाथरुमबाट निक्लन्छन् .... तौलियामा हात पुछ्छन् ...घुम्ने कुर्सीमा बस्छन् ...स्विच थिच्छन् ... च्याउँसे अनुहार आउँछ ...चिया ल्याउँछ ...उनी चुस्की लिन थाल्छन् .... सधैंझैं चियामा साथ दिने कोही छैन ... उनी चियाको 'टेस्ट' पनि पाउन्नन्। फोन आउँछ ...कुरा गर्छन् ...राख्छन् ...अनुहार घरि सामान्य हुन्छ ... घरि मलिनो घरि रुन्चे र घरि विद्रोही हुन्छ, तर त्यो विद्रोह कसप्रति ...सायद उनैलाई पनि थाहा छैन।

एउटा अर्को हृष्टपुष्ट अनुहार कोठामा पस्छ ....अनुहारमा केही हाँसो र केही बिस्मात् छ ...हातमा टङ्गित केही कागजपत्र छन् ....अर्को हातमा कलम छ ... त्यो ती कागत उनका सामुन्ने टेबिलमा राख्छ ....दुबै मुखामुख गर्छन् ...ऊ हस्ताक्षरतर्फ इङ्गित गर्दै भन्छ– अगि साइन गरेको कागतमा नाम मेरो साइन तपाईंको भएछ ...कस्तो उल्टो पनं गएछ ? उनी झस्किन्छन्, तर्सिन्छन् र तोरीफुला हुन्छन् ...सचेतझैं भएर उनी निर्दिष्ट स्थानमा हस्ताक्षर गर्छन् र ती कागतलाई पर सार्छन् ...हृष्टपुष्ट अनुहार ती टिप्छ हेर्छ र हिंड्न थाल्छ । उनी भन्न चाहन्छन्- तपाईंलाई आज के भएको छ ? तर उनी त्यो प्रश्न आफैंमाथि खनिने भयले बोल्दैनन् । ...उनका मनमा ठूलो आँधीतुफान आएको आभास उनका अनुहारमा झल्किन्छ ।

उनी आफ्नो टेबिलको एकाछेउमा रहेको राजपरिवारको सामूहिक फोटोतर्फ यस्सो हेर्छन् ... हेरिरहन्छन् ...सोच्छन् र त्यो फोटोलाई घर्रामा घुसार्छन् अनि खाली ठाउँमा एकटकले हेरिरहन्छन् ।

...भित्तेघडीको टइटइले उनको ध्यान तान्छ । उनी झस्किन्छन् । घडीले छ हानेको हुन्छ ...उनी बेसुरझैं उठ्छन् ....गाथमा फुर्ती छैन ...मन चङ्गा छैन...लबाइ भने पूर्ववत् ठाँटकै छ । ...रङ पोतेर जतिसुकै चम्काइएको भए पनि झ्यालढोका धमिराले भित्रभित्रैदेखि खाइसकेको छ ...काठको हरेक चिज धमिराको आहार बनेको छ ...कोठामा टाँसेका फोटाहरू सामुन्नेबाट दुरुस्त देखिए पनि पछाडिबाट धमिराले खाएर उजाड तुल्याएको छ । काँटी अड्याउन ठोकिएका गुल्ली पनि धमिराको आहार हुनबाट बचेका छैनन् ....उनी घुम्ने कुर्सीबाट उठ्नेबित्तिकै उनका टाउकामा एउटा ठूलो फोटो फ्रेमसहित खस्छ र उनी आफ्नो टाउको फुटेर चकनाचुर भएको महसुस गर्छन् ...छाम्छन् ...उनले सोचेझैं टाउको फुटेर टुक्राटुक्रा भएको छैन ....सिसाले काटेर पुर्पुराबाट रगत बगेकोसम्म हुन्छ ....टुक्राटुक्रा त सिसा पो भएको छ ...उनी अनायास तौलियाले रगत पुछ्छन् ...अलिक सचेत भएपछि उनी देख्छन्- रानीको फोटो खसेको छ, जुन फोटो उनले नै किनेर ल्याएका थिए ...राजारानीका अलगअलग फोटा ल्याउँदा दस हजारको विल बनेको थियो र त्यसबाट उनलाई नौ हजारको नाफा भएको थियो । उनी अहिले पनि त्यो झलझली सम्झन्छन् ... ।

केही खसेको आबाज सुनेर च्याउँसे अनुहार दौडँदै कोठामा पुग्छ ....देख्छ ... हेर्छ .... के बोल्नु के नबोल्नु ? ऊ किंकर्तव्यबिमूढ हुन्छ । उनी टाउको समातेर लथालिङ्ग अवस्थामै घुम्ने कुर्सीमा थचक्क बस्छन् ...टाउकालाई फेरि टेबिलमा अड्याउँछन् । ...च्याउँसे अनुहार मूक दर्शकमात्र बन्छ । अन्यमनस्क छ ऊ पनि ।

जुही, २०४७, पूर्णाङ्क ३० ।

***

# श्यामचरन काका

श्यामचरन चौधरीको घर मेरै टोलमा पर्थ्यो । बीचका चारपाँच घरले उसको र मेरो घरलाई अलग्याइदिएका थिए, तर सम्बन्धलाई अलग्याउन सकेका थिएनन । ऊ मेरो परिवारको सदस्यजस्तो थियो । अलिकति केही सोचविचार गर्नुपर्‍यो कि ऊ तुरुन्त मकहाँ पुग्थ्यो । केही नयाँ कुरा थाहा पायो वा उसले केही नयाँ काम गर्ने भयो वा गर्‍यो वा उसलाई केही गारोसाँगुरो पर्‍यो कि ऊ लुङ्गी स्याहार्दै मकहाँ पुगिहाल्थ्यो । कुनै कामै वा गर्फे नभए पनि ऊ ओहोरदोहोर गर्दा 'जय नेपाल, बाबु !' भन्दै सुर्तीले खिया परेका दाँत डिच्याएर हिंड्थ्यो ।

ऊ जमिन भएका तर जाँगर नभएका जागिरेको चारपाँच बिघा खेत अधियाँमा कमाउँथ्यो । आफ्नो भन्नु पाँच कट्ठामात्र थियो । त्यतिले परिवार पाल्न सम्भव थिएन । अधियाँ गर्नैपर्थ्यो । सिचाइको सुविधा थिएन । कि भने आकाशको भर पर्नुपर्थ्यो कि भने पम्पिङ्सेटको । चैत-बैशाखमा केको आकाशको भर ? भरखर मकै लगाएको थियो र पम्पिङ्सेटले पानी तानेर त्यसलाई बचाउनु र बढाउनुपर्थ्यो ।

एकदिन ऊ केही खिन्न र उग्र रूपमा मकहाँ पुग्यो र भन्यो, "मास्टरबाबु, पम्पिङ्सेट के पानीबाट चलाऊँ !?"

"के कुरा गरेको काका त्यस्तो ?" जिल्ल परेर मैले सोधें ।

"अनि के त ! यहाँ मकै भरखर उम्रेको, जम्मै सुकिसक्न लाग्यो । बल्लबल्ल पम्पिङ्सेट खोजें । डिजेल छैन । कुपन लिन लाममा लाग्दालाग्दा हैरान, सरोकार नै नगर्ने सरकार पनि के सरकार !" ऊ ठुस्स परेर बस्यो । मानौं म नै उसको सरकार हुँ र मैले नै उसको सरोकार राखिन ।

मैले भनें- "काका, संसारमा जति र जस्ता सरकार छन् ती सबै सरोकार राख्छन् । हाम्रो सरकार पनि त सरोकार राख्छ नि ! अनि ?"

"मेरो मतलब, बाबु, जनताको सरोकारसित छ । भित्रभित्र जब त्यस्तो नै थियो भने सरकारले पहिल्यै किन जानकारी दिएन ? हामी त गँवार मानिस । सन्धिसन्धि के थाहा ! किसानलाई त उसको खेती-किसानी धन्दाको पो थाहा हुन्छ ! पछि डिजेल पाइन्न भन्ने थाहा भएको भए कमसेकम तरकारी र मकै बालीका लागि त साँचिराख्थ्यौं । अब मर्नु परिरहेछ ।"

"व्यर्थ चिन्ता गर्नुहुन्न, श्यामचरन काका । जसोतसो काम चलाउनुहोस् । सरकार

सरोकारवाला छ । सरोकार राख्छ । दुईचार दिनमै व्यवस्था भइहाल्ला नि ।" मैले आश्वस्त पार्न खोज्दै भनें ।

उसले ओठ लेप्याउँदै भन्यो, "खै मलाई त विश्वास लाग्दैन है ।.....जय नेपाल ।"

**

यसै त श्यामचरन चौधरी तर्क नगर्ने, जे भन्यो त्यसमा ज्यू-हजुर गर्ने व्यक्ति होइन । उसको मृदु तर्क मलाई मीठै लाग्थ्यो । उसमा न्यायाधीशको जस्तो कठोर तर्क कहिल्यै जन्मन सकेन । ऊ मसँग प्रायः सधैं तर्कवितर्क गरिरहन्थ्यो र उसलाई यो पनि थाहा थियो कि म उसका तर्कबाट तर्किन्न, क्षुब्ध हुन्न, दुखी हुन्न, बरु खुसी नै हुन्छु । तर आज ऊ 'जय नेपाल' ठोकेर त्यत्तिकै हिंड्यो । अलिकति मेरो घरपरिवारका बारेमा टिप्पणी नगरी ऊ कस्तै बेफुर्सदमा पनि हिंड्दैनथ्यो । मलाई अलिक कस्तो-कस्तो लाग्यो ।

साँझपख घुम्ने मेरो सानैदेखिको बानी हो । क्षुब्ध मन लिएर म अनायास उसकै घरतिरको बाटो जान लागें । घरमा नभेटेर खेतमा पुगें । मन अलिकति हलुङ्गो भयो । कारण के थियो भने ऊ पम्पिङ्सेटका छेउमा खिया परेका दाँत हिस्याएर उभिएको थियो र पानी छहरा भएर छरछराइरहेको थियो अनि मकैका जराजरामा भिज्दै थियो ।

मैले गर्वसाथ भनें, "काका, तपाईंमा यति धैर्य पनि छैन, के भन्नु ? बिहान व्यर्थमा गुनासो गर्दै हुनुहुन्थ्यो । अहिले कुपन पाईकन पनि डिजेल ल्याएर पानी समेत चालु !"

"ठीकै भन्नुभयो, बाबु, सरोकारवाला सरकार भएको भए यस्तै हुनुपर्थ्यो, तर यो त कुपनको डिजेल होइन । त्यो यहाँ पुगुन्जेलसम्म त मकै सुकिसक्थे । पानीले चलाएको छु बाबु, पानीले ।" उसले छाती तन्काउँदै भन्यो ।

"पानीले ?"

"अँ, पानीले । अर्थात् पानीझैं पैसा बगाएर ल्याएको डिजेलले ।"

"मतलब ?" मैले अलिक रोकिएर सोधें ।

उसले बिस्तारै भन्यो, "मतलब के भने नि, मास्टर बाबु ! सुनौलीमा उताबाट डिजेल, पेट्रोल ओसारिएको छ । अलिकति भाउ बढेको छ । त्यो बेग्लै कुरा हो । त्यसलाई बीस रुपियाँ दिएर ल्याएँ । पानी तान्ने मेसिन पनि कसरी पानीले चल्न सक्दोरहेछ । सरोकारवाला सरकार भएपछि ? अब त घैंटामा घाम लाग्यो होला बाबुको ?"

एकछिन सोचें र भनें, "कालो धन्दा सुरु ? ...जेहोस्, श्यामचरन काका, तपाईंले त्यस्तो डिजेल ल्याएर कालो धन्दालाई बढावा दिनु कदापि हुँदैन । त्यस्ता धन्दा त राष्ट्रहित विपरीत हुन्छन् । असल नागरिकले त्यस्ता काम न गर्नुहुन्छ न गर्न दिनुहुन्छ । जसले त्यस्तो धन्दा गरेको छ र जसले गर्न दिएको छ ती सबै नै वास्तविक देशद्रोही हुन् ।"

"मुनासिब ! मास्टरबाबुको सङ्केतले म त्यतिसम्म बुझ्नसक्ने भएको छु, तर एउटा कुरा बाबु, मर्नुभन्दा बहुलाउनु निको भन्ने उखान पनि त बेमुनासिब छैन नि ! न बजारमा डिजेल पाइन्छ न सजिलैसित कुपन पाइन्छ । कुपन पाइहाले डिजेल पाइन्न । लाममा लाग्नुमात्रै । डिजेल नभए पम्पिङ्सेट चल्दैन । पम्पिङ्सेट नचले अन्न फल्दैन ।

अन्न नफले के हामी किसानको जीवन ढल्दैन, बाबु ? ल भन्नहोस् त ! त्यसरी ढल्नुभन्दा बरु यसरी नै ल्याएर काम चलाउनु बुद्धिमानी हो कि ? यस्ता कुरामा तपाईले पक्का सल्लाह दिनु हुन्थेन । त्यसैले थाहै नदिई ल्याएं । अब त यो पनि थाहा भइहाल्यो ।"

**

यो त्यस समयको कुरो हो, जब नेपाल-भारत वाणिज्य तथा पारवहन सन्धि समाप्त भएका थिए र तिनलाई नवीकरण गरिएको थिएन र नयाँ सन्धि पनि भएको थिएन । स्थिति विकराल थियो र जनजीवन कष्टप्रद । प्रत्येक नेपालीको मूल चासोको विषय नै सन्धि थियो- सन्धि ! सन्धि ! तर सन्धि हुने सुरसारसम्म थिएन ।

भोलिपल्ट साँझ पर्नुअगि निमको रूखमुनि सितलोमा बसेर पत्रपत्रिका पढिरहेको थिएं । कुनै पनि पत्रिकाले सन्धि शीघ्र हुने सम्भावना देखाएका थिएनन् । मन झन् पाक्दै थियो । त्यत्तिकैमा साइकिलमा चढेर श्यामचरन चौधरी घर फर्किरहेको थियो । मेरा गेटनिर साइकल रोकेर नओर्लीकनै उसले भन्यो, "जय नेपाल, बाबु ।"

"जय नेपाल, काका ।" मैले भने, "सारै हतारमा भएजस्तो देखिनुहुन्छ नि !"

"केको हतार हुनु ? फेरि पनि साइकिल घरमै पुऱ्याएर आऊं कि !"

"मकहाँ साइकिल उभ्याउन हुन्न र एकछिनलाई ?"

उसले अनकनाई-अनकनाई साइकिल भित्र ल्याएर उभ्यायो । क्यारियरका दुवैतर्फ झुन्ड्याएका ग्यालिंडले मेरा मनमस्तिष्क र आँखालाई त्यसरी नै हल्लाइदिए जसरी साइकिल हिंड्दा ती हल्लिन्छन् । सोधें, "के ल्याउनुभयो, काका ?"

"डिजेल ।....कहिलेसम्म पानीले चलाउनू ।"

"यसको मतलब तपाईले डिजेल प्रशस्त पाउनुभएछ ।"

"निश्चय नै जति ल्याए पनि पाएको छु तर अहिले बीस लिटरमात्र ।"

डिजेल देशभित्र भित्रिएको थिएन । त्यो उसलाई भन्दा अलिकति मलाई नै बढी थाहा थियो । खुलारूपमा बिक्रीवितरण गर्न त्यत्रो भण्डारण (स्टक) पनि थिएन भने उसले जति ल्याए पनि पाएको छु भनेर भन्नुको तात्पर्य के हो ? मैले बुझ्ने प्रयत्न गरें । उसले त्यो डिजेल सीमापारबाट भन्सार छलेर ल्याएको हो भन्ने निष्कर्षमा पुग्न मलाई बेर लागेन ।

मलाई सोचमा डुबेको देखेर उसले भन्यो, "तपाई आश्चर्यमा पर्नुभयो, बाबु ! त्यस्तो ठूलो कुरै छैन । आखिर मैले कहिलेसम्म कालोबजारीमा डिजेल किन्नू ? घुस खाएको पैसा त होइन किसानको ! तपाईले पनि मन पराउनु भएन । त्यसैले नौतनवा गएर ल्याएको, देहातको बाटो । पुलिसले लिटरको रुपियाँ माग्दै थियो । मेरो पालो कुदाएं साइकिल ।"

"सारै नराम्रो काम भयो, काका ! तपाईबाट पनि यस्तो काम ?"

"मास्टरबाबु, मैले त के ल्याएं र ! बेचेर नाफा खान ल्याएको होइन । महिना दिनलाई पुग्यो अब ! ...थाहा छ ? रामकिसन, शिवपूजन, पशुपति, जीतबहादुर, रामाश्रे, बालकिसन यादव र घनश्याम बरईले दिनमा तीनचार चोटि ओसारेका छन् र नाफा

खाएका छन् । नाफा पनि कति ? एकको चार । त्यो चाहिँ देख्नुहुन्न । मलाई मात्रै ।"

"ए । तिनीहरूले पनि ओसारेका छन् ? र त्यो पनि नाफाका लागि ।"

"अनि के त !"

"पुलिसले केही गर्दैनन् !"

"के गर्छन् भन्नू ? आफ्नो दानापानीको बाटो को रोक्छ ? ... भन्सारका मानिसले देखे त पुलिसतिर आँखा सन्काउँछन् । ब्रम्हलुट पो छ त ।" ऊ प्रसङ्ग बदलेर यताउताका कुरा गर्न खोज्दै थियो । मैले काम छ । घुम्न निक्लने बेला पनि भयो भनेर टारिदिएँ ।

भारतीय पत्रपत्रिकाहरू नगण्यरूपमा मात्र आउँथे । नेपाल-भारत सम्बन्धका बारेमा भारतीय प्रेसको दृष्टिकोण बुझ्ने इच्छाले नौतनवाँ गएँ । फर्किंदा पेट्रोलपम्पमा लामो लाम देखें । रामकिसन, पशुपति, जीतबहादुर, शिवपूजन, रामाश्रे पनि मुठी बाँधेर लाममा लागेका थिए । सायद मुठीमा पैसा हुँदो हो । मान्छेभन्दा बढी ग्यालिङ थिए ! मैले मसिन्याएर हेरें । श्यामचरनले डिजेल पाइसकेको थियो क्यार !! ऊ एउटा छेउमा साइकिल उभ्याएर सुर्ती मल्दै थियो । अस्तिमात्र एक महिनालाई पुग्यो भन्थ्यो । आज फेरि उसलाई लाममा देखेर म चकित भएँ र उसप्रतिको मेरो बिश्वास डगमगायो ।

दस मिनेटको बाटो एक घन्टा लगाएर घर पुगें र भारतीय पत्रपत्रिका पल्टाउन थालें । नेपाल-भारत सम्बन्धका बारेमा विभिन्न पत्रिकाले विभिन्न शीर्षकमा समाचार, टिप्पणी र सम्पादकीय लेखेका थिए । जस्तो कि -

नेपाल भारतका प्रहरी अब नहीं रहा

तस्करों में तेजी

भारत-नेपालकी सन्धि टूटने के बाद भी तस्करों में चाँदी

भारतका बिस्तारबादी नीतिका एक और प्रमाण

नेपाल से भारत के आतङ्कवादिओंको बिदेशी हतियार की सप्लाइ

इत्यादि, इत्यादि....।

मैले शीर्षकहरू पनि हेरिसकेको थिइन । श्यामचरन 'जय नेपाल, बाबु !' भन्दै पुग्यो । मैले प्रत्युत्तरमा सधैंझैं 'जय नेपाल' भनिनँ । 'जय नेपाल'को अपमान हुने सम्झें । कोप्रा आँखाले उसका मुखमा क्वारक्वारती हेरें । ऊ केही हच्केको मैले अनुभव गरें ।

"दिउँसो कहाँ हुनुहुन्थ्यो, काका ?" मैले पिउनलाई झैं सोधें, यद्यपि उसलाई त्यसरी सोध्ने मेरो कुनै अधिकार थिएन । न ऊ मेरो कार्यालयको तल्लो तहको कारिन्दा थियो न परिवारको सदस्य ।

"कहाँ हुनु ? खेतमै त थिएँ नि ! किन तपाईं जानुभएको थियो र !"

"खेतमै भएको भए त 'जानुभएको थियो ?' भनेर सोध्ने पर्ने थिएन । होइन र ?"

"मास्टर बाबु, तपाईंसँग कुरा गर्न कसले सकोस् ? भने पनि रिसाउने नभने पनि रिसाउने । ....म नौतनवाँ गएको थिएँ, पेट्रोल-डिजेल ओसार्न । आजमात्रै चार सय नाफा भयो । दिनको चार सय कमाउनु सानो कुरा हो ? आफिसका हाकिमले पनि यति कमाउन्नन् होला । सब गएका छन्...तर बाबु, यो मुतको न्यानो नै हुने भयो हामीलाई !...." अनि उसले

कानमा आएर खासखुसे स्वरमा थप्यो, "त्यो छ नि माडे ! ठेक्कै पायो रे । उतातिर कन्ट्याक् गरेको छ रे ! उताकाले बोडर कटाइदिने र उसले यता बेच्ने, मनमानीमा । त्यससित अरू चारपाँचजना पनि मिलेका छन् रे । प्रशासनले नै अराएको रे लौ । त्यस्तो पनि होला ? अबदेखि अरूले ल्याउन नपाउने रे ! आजै पुलिसले समातेर धन्ने जाकेको...। त्यसले नदिएर हुन्छ ? हामी सबै एकजुट भएर ल्याउनुपर्छ भनेर सबलाई भनेको छु । कमाइको कुरा हो । पशुपति, जीतबहादुर र रामाश्रे त पुलिसलाई कुट्ने भन्दै थिए । बढ्ता गऱ्यो भने कुट्छन् पनि है । माडेले त्यत्रो-त्यत्रो ल्याउन हुने, हामीले मात्रै किन ल्याउन नहुने ?!..."

श्यामचरन चौधरी पक्रिएको थियो र अब धेरै कुरा छर्लङ्ग भइसकेको थियो अनि ऊ आवेगमा भएको कुरा उसको भनाइ र हाउभाउबाट स्पष्ट देखिन्थ्यो ।

मैले सम्झाउने सुरमा र चेतावनी दिने पारामा भनें, "काका, चोरको चर्को स्वर भनेको यही हो । एक त तपाईं नराम्रो काम गर्दै हुनुहुन्छ । त्यसमा पुलिसलाई कुटपिट गर्ने कुरा गर्नुहुन्छ । कुट्ने काम त पुलिसको पो हो । यसै हो भने म सहन सक्तिन है ! उजुर पारिदिउँला ! जानोस् सबैलाई यही भनिदिनु होला ।"

श्यामचरन चौधरीले पिच्च सुर्ती थुक्दै भन्यो, "उजुर गर्ने त्यत्रो इच्छा छ, हिम्मत छ र सक्नुहुन्छ भने माडेलाई गर्नोस् न हेरौं ! हामीलाई किन ? हामी त मुठीका माखा हौं । छाडे उड्छौं । मारे मर्छौं । त्यसले कसरी ल्याएको छ गएर हेर्नोस् न एकपटक !..."

ऊ करले झैं कडा स्वरमा 'जय नेपाल !' भनेर हिंड्यो ।

भोलिपल्ट साँझमा म सीमाक्षेत्रतिर घुम्न निस्कें । गर्मी उग्र थियो । सूर्य डुब्न लागेको भए पनि तातो हावा कायमै थियो । .....भैरहवा, मर्चवार, कृष्णनगर र परासीको बाटो डिजेल र पेट्रोल अवैध रूपमा ल्याइएको कुरा पत्रपत्रिकाले लेखेका थिए । ठूला व्यापारीसमेत त्यस कार्यमा सामेल छन् भन्ने श्यामचरनको भनाइमा सत्यता कति थियो सो बुझ्ने इच्छाले तानिएर म भैरहवा भन्सार कार्यालयनेर पुगें । अनि बिस्तारै पूर्वतर्फ लागें । जतातत्तै डिजेलकै गन्ध आउँदै थियो । ठाउँठाउँमा ट्याङ्कर ठिङ्ग उभिएका थिए । त्यस्तै एकाध किलोमिटर अगाडि पुगिसकेको थिएँ हुँला । एउटा अस्पष्ट दृश्य देखें र अझ अगाडि बढ्दै जाँदा क्रमशः दृश्य स्पष्ट र झन् स्पष्ट हुँदै गयो । साइकिल लडेको थियो । बीबीस लिटरका दुईवटा ग्यालिङ पनि पल्टेका थिए र छेउमै जस्तो एउटा मान्छे ढलेको थियो-निश्चेष्ट भएर । नजिकै गएर हेरें, त्यो श्यामचरन चौधरी थियो र मैले उसलाई छामछुम पारें, घचघच्याएँ, तर श्यामचरन चौधरी थिएन, उसको पार्थिव शरीरमात्र त्यहाँ बेवारिस थियो !...।

**जनमत, २०४६ आश्विन**
**गरिमा, २०४६ कार्तिक ।**

***

# अतिथि परिवार

हिमालयका काखमा एउटा रमाइलो गाउँ थियो । त्यहाँका सबै बासिन्दा सुखद र स्वतन्त्र जीवन बिताइरहेका थिए । एकअर्कामा एकदम मेल थियो ।

एकदिन त्यस गाउँमा टाढैको कुनै अर्को गाउँबाट एउटा परिवार बास बस्न आयो । गाउँलेले त्यस परिवारलाई गाउँको एउटा सार्वजनिक पाटीमा बास दिए, गासको बन्दोबस्त पनि गरिदिए । नवागन्तुक अतिथि परिवार सुखसित बस्यो । रात सजिलै बित्यो ।

भोलिपल्ट त्यस अतिथि परिवारको थकालीले गाउँलेहरूसित भन्यो, "यता हिमाल, उता समथर मैदान, खोलानाला, पहाडपर्वत सारै रमाइलो गाउँ रहेछ यो । विभिन्न जाति, धर्म र सम्प्रदायका मान्छे मिलेर बसेकाले यो झन् शान्त पनि त रहेछ नि ! मलाई त सारै मन पऱ्यो ।"

उसका कुराले गाउँले आनन्दित भए । लट्ठ परे । आफ्नो कुरा सबैले मन पराएको देखी थकालीले फेरि भन्यो, "मेरो त यहाँ कोही छैन । केही छैन । तपाईंहरू चाहनुहुन्छ भने म सधैं यहीं बस्थें ।...."

गाउँले वाल्ल परे ।

त्यसपछि उसले अरू थप्दै भन्यो, "गाउँको छेउमा ठूलो चउर रहेछ । त्यहीं तपाईं सबैले मिलेर सहयोग गरेर एउटा स-सानो झुप्रो बनाइदिनु भयो भने त भइहाल्यो नि ! कुन ठूलो कुरा छ र ?"

गाउँलेले चाहे र आँटेमा साँच्चै नै त्यो कुनै ठूलो कुरा थिएन, किनभने उनीहरूका अगाडि हरेक कुरा सामान्य र सानै हुन्छ । गाउँलेले थकालीको कुरा माने । प्रत्येक घरबाट मानिस निक्ले । बनबाट काठ काटे । खानीबाट ढुङ्गा झिके । कसैले बोके । कसैले कुँदे । कसैले जग खने । कसैले झ्याल, ढोका र खापा तयार पारे । अनि घर ठड्याउन सुरु भयो- सबैको भन्दा सुन्दर र मजबुत । त्यसमाथि ठूलो कम्पाउन्ड वाल लगाइयो कम्पाउन्डभित्र रूख र फलफूलका बिरुवा रोपिए । कसैले महल भन्न थाले र कसैले दरबार । अतिथि परिवार प्रसन्न भएर रजगज गर्न थाल्यो । गाउँलेले त्यस

परिवारका निमित्त थुप्रै पर्ती जग्गालाई आवाद पनि गरिदिए ।

अतिथि परिवार कुनै काम गर्दैनथ्यो । खेतीकिसानीको काम त झन् छुँदै छुँदैनथ्यो । पछिपछि त कुराले लट्ठ पारेर आफ्नो घर कम्पाउन्डभित्रका सानातिना काम पनि गाउँलेलाई नै गराउन थाल्यो । बसीबसी खाएकाले बोसो बढी लागेको थियो । परिवारको हरेक सदस्य मोटोघाटो र देख्दा लोभलाग्दो थियो । त्यसैले कतिपय गाउँले तिनीहरूप्रति त्यत्तिकै नतमस्तक हुनथाले, जे भने पनि मान्न थाले, जसो भने पनि गर्न थाले, तलुवा चाट्न समेत तयार भए । भनौं, बाबुलाई भन्दा बढी मान्न थाले । त्यस्ता गाउँलेलाई अतिथि परिवारको थकाली खुब मानेझैं गर्थ्यो । उनीहरूको पक्ष लिइदिन्थ्यो र केही अनावश्यक विवाद खडा गराएर आफ्ना हिमायतीका पक्षमा बोल्थ्यो । यसो हुँदा गाउँलेहरू फुटे । जुन दिन गाउँलेहरू स्पष्ट रूपमा फुटे त्यस दिन उसले सन्तोषको लामो सास फेर्‍यो ।

अब गाउँमा बेलाबेलामा गाउँलेहरूमै विवाद र झगडा हुन थाले । उत्पादन घट्न थाल्यो । दुकानदारले मनपरी गर्न थाले । गाउँमा सन्त्रास र अशान्ति फैलिन थाल्यो । गाउँका स्कुल, क्लब, संघ, संस्था र विभिन्न योजनामा अतिथि परिवारको पकड हुन थाल्यो, कुनै न कुनै सदस्यको हात रहन थाल्यो । तिनको सर्वत्र प्रभुत्व रहन थाल्यो । अतिथि परिवारका सदस्यको रवाफ बढ्यो । जनमतको कदर हुन छाड्यो । गाउँमा अन्याय, अत्याचार र व्यभिचार बढ्यो । जिउधनको सुरक्षा हुन छाड्यो । ....गाउँले सारै आत्तिन थाले ।

अतिथि परिवारको थकालीले अर्को घर बनाउने फर्मायस राख्यो । एकथरी गाउँले त्यसमा सहमत भइदिए । त्यसैले अरू सबैले फेरि अर्को घर बनाउने काममा गएर सहयोग गर्नैपर्‍यो । त्यस्ता घर पटकपटक र नयाँभन्दा नयाँ बने । सुविधायुक्त घर बने । जुन घर जसले बनाए तिनलाई नै ती घरमा पछि प्रवेश निषेध हुन्थ्यो । थकाली त्यस्ता घर बेच्थ्यो पनि र त्यो पैसा अर्कै गाउँमा लगेर राख्थ्यो । गाउँलेलाई सबै थाहा थियो, तर तिनीहरू थाहै नपाएझैं गरी बस्न विवश थिए । गाउँले आफ्ना जन्मदिवस त मनाउँदैनथे, तर थकालीको जन्मदिनमा उनीहरू एकै ठाउँमा भेला हुनुपर्ने नियम बस्यो । गाउँलेको चित्त यहाँनेर पनि दुखेको थियो । त्यतिमात्र होइन, त्यस अतिथि परिवारका हरेक सदस्य जन्मदा र मर्दा अनि जन्मेको र मरेको उपलक्ष्यमा सबले आ-आफ्ना कामधन्दा छाडेर त्यसमा सहभागी बन्नुपर्ने भयो । तिनका फोटाहरू दैलादैलामा टाँस्नुपर्ने भयो ।

हुँदाहुँदा सबै गाउँलेले अतिथि परिवारका सदस्यका खटनमा बस्नुपर्ने भयो । त्यतिमात्र होइन, तिनीहरूका हिमायतीका भ्रष्टाचारका विरोधमा पनि कसैले बोल्न, कुरा गर्न नहुने भयो ।

अतिथि परिवार त्यस गाउँमा आएदेखि नै गाउँमा अशान्ति, अनेकता र साम्प्रदायिकता फैलिई सन्त्रासपूर्ण वातावरणको सिर्जना भएकाले केही सचेत गाउँलेहरू मिलेर त्यस

परिवारलाई गाउँ छाडी जान भन्नका निमित्त एकदिन तिनीहरूका घरतर्फ लागे, तर त्यसको सुईंको पाएर बीचैमा अतिथि परिवारका हिमायती गाउँलेले नै तिनलाई कुटपिट गरेर एउटा कोठामा थुनिदिए । तिनलाई ग्रामद्रोही, थकालीका शत्रु र डाँकाको अभियोग लगाएर थुनेको थुन्यै पारियो ।

अति भएपछि, धेरै दिनपछि, गाउँलेहरू आ-आफ्ना मतभेदलाई बिर्सेर एकजुट भए । प्रत्येक घरबाट मानिसहरू सडकमा ओर्ले । प्रत्येकले लाठो र राँको लिएर अतिथि परिवारका घरलाई घेरे । घरमा आगो सल्काइदिए । 'थकाली चोर, गाउँ छोड' भन्दै नारा लगाए । अतिथि परिवारका सबै सदस्यलाई च्यापचुप पारेर समाते र लछारपछार पार्दै गाउँका सडक, डहर र गल्लीगल्लीमा घुमाए ।...

साँच्चै नै गाउँ फेरि पहिलेकै गाउँमा साटिन पुग्यो । हिमालयका काखमा रहेको त्यस रमाइलो गाउँको बासिन्दाले पुनः सुखद र स्वतन्त्र जीवन बिताउन पाए ।

**जनमत**, २०४७, पूर्णाङ्क ३६ ।

***

# आतङ्क

उनी सुसम्पन्न नै थिए- सम्पत्ति र सन्तान दुवै दृष्टिले । परिवारमा उनलाई सबैले सारै हाइहाई गर्दथे । नगरुन् पनि किन ? सम्पत्ति जुन थियो उनको नाममा ? उनी पनि परिवारको हरेक सदस्यलाई सारै स्नेह गर्दथे । लाग्थ्यो, त्यनि आदर्श परिवार अन्यत्र पाइन्न ।

उनी बूढै नभए पनि उनले नेपालको औसत आयु काटिसकेका थिए । सोचे, "जीवनको के ठेकान छ र ! बीचैमा म केही भएँ भने यही सम्पत्तिका लागि पनि छोराहरूले दुख खेप्नु पर्नेछ ।" पछि उनले तीनवटै छोराहरूसँग सल्लाह गरी सम्पत्ति अंशबण्डा गरिदिए । आफू त डाँडाको जून, आफूलाई किन पो केही चाहियो र भन्ने सोची उनले आफ्ना नाममा केही बाँकी राखेनन् । जुन छोराकहाँ इच्छा भयो त्यसैकहाँ खाए/बसे त भइहाल्छ ।

एक परिवार तीन परिवारमा बाँडियो ।

केही महिनासम्म त जीवन त्यसरी नै चल्दै गयो जसरी उनले सोचे-सम्झेका थिए, कि उनलाई कुनै प्रकारको शारीरिक-मानसिक दुखकष्ट हुनेछैन, तर सधैं एकनास हुँदो रहेनछ । यस कुराको आत्मज्ञान उनलाई अब हुनथाल्यो । प्रत्येक छोराबुहारीको अधिकांश समय बाबु आफूकहाँ खान बस्न छाडेर अर्कोकहाँ बसोस्-खाओस् भन्ने सोच्नमा वित्न थाल्यो । पहिले व्यवहारबाट यो क्रम सुरु भयो र पछि व्यवहार र मुख दुवैबाट । हातखुट्टा रिजर्भ नै थिए । क्रमशः उनी तीनवटै परिवारमा अनफिट देखिन थाले । पहिलेको हाइहाई हरायो ।

उनलाई आतस लाग्न थाल्यो ।

घर उही, समाज उही, छोराबुहारी सब उही । आखिर किन यस्तो भइरहेछ ? किन यस्तो विभेद ? उनको काम थिएन र यस्तै चिन्तन गर्थे । उनले निष्कर्ष निकाले- समाज, सन्तान र सम्पत्ति उही भए पनि तिनको अवस्थिति वा सेटिङमा फरक आएको छ र मर्यादामा फरक आउनु स्वाभाविक हो । निष्कर्ष जे निकाले पनि उनी आफ्नै सन्तानबाट अपहेलित भएर बस्न चाहँदैनथे ।

एकदिन उनी केही नभनी घरबाट निक्ले । स्थिति कस्तो थियो भने भन्नुको कुनै

अर्थ पनि थिएन । दुई दिन एउटा सामान्य खालको लजमा बसे । यिनै दुई दिनमा उनले अलिकति ऋण खोजे, एउटा ठूलो पाएसम्मको पुरानो बाकस किने केही लिलामी कपडा, इँटा पनि किने र त्यही बाकसमा भरे । बाकस भरिएपछि ठूलो ताल्चा लगाए । दङ्ग पर्नु के थियो भने उनले नयाँ ताल्चा किनेर त्यसै पसलेसित पुरानोसित साटेका थिए ।

तेस्रो दिन, उनी नाम्लेलाई बाकस बोकाएर घर पुगे । सब गुमसुम थिए । नाम्ले पसिनापसिना भएको थियो । उनी सकेसम्म हँसिलो देखिन चाहन्थे । एकएक किलोका तीन पोका अङ्गुर उनका हातमा थिए । प्रत्येक परिबारलाई एकएक पोका बाँडिदिए । तबसम्म पनि कोही केही बोलेन । बोल्ने आवश्यकता सम्झेन सायद । उनी आफैं प्रसन्न मुद्रामा बोले, "सबैथोक बाँडिदिएँ भनेको त महत्त्वपूर्ण कुरै बिर्सेको रहेछु । म पनि कस्तो ! एकजना मेरा घनिष्ठ मित्र छन्, जसकहाँ मैले यो बाकस उहिल्यैदेखि राखेको थिएँ । उनकहाँ असुरक्षाको डर छैन त्यसैले । हीरामोतीजडित सुनचाँदीका गहनाहरू, चाँदीका पुराना सिक्काहरू यसमा छन् । केही भाँडावर्तन पनि छन् । एक दिन यी सब पनि बाँडिदिन पाए टाउको हलुङ्गो हुन्थ्यो । अँ, घरको मामिला हो । अन्त हल्ला नगर्नू !"

सब बिलखबन्दमा परे ।

मेरो बुबा ! सबै बुहारीहरू उनका गोडामा छाँद हाल्नपुगे ।

उनले नाम्लेलाई पचासको नोट निकालेर दिए । ऊ खुसी हुँदै गयो । सबैले हात लगाएर बाकसलाई ससम्मान भित्र लगे ।

बाकसको खुब चर्चा हुनथाल्यो । उनको हाईहाई पनि हुनथाल्यो । बाबुलाई कसकोमा राख्ने र ख्वाउने भन्ने बारे हानथाप हुनथाल्यो । बाकसको चर्चा टोलछिमेकमा समेत फैलियो । उनले लगभग पूर्ववत् जीवन यापन गर्नथाले । बस, उनले त्यो बाकस कसैले खोल्न नपाओस् भन्ने सावधानीमात्र पुऱ्याए पुग्थ्यो- कमसेकम आफू जीवित छउन्जेल । पहिले एउटा परिबार आदर्श थियो अब तीनतीन परिबार आदर्श देखिनथाले ।

फेरि पनि, उनको हृदयका कुनै कुनामा शान्ति र सन्तुष्टिको बीज अङ्कुरित हुन सकेन । आतस झन्झन् बढ्दै गयो । उनी सन्त्रस्त र आतङ्कित रहनथाले, तबसम्म जबसम्म उनले आफूलाई जीवित अनुभव गरिरहे ।

❖

# रेडियो काका : एक शब्दचित्र

खुन्ते काका पढालेखा थिएनन्, तापनि रेडियो सुन्नका लागि सौखिन थिए । रेडियोबाहेक उनको अर्को कुनै सौख थिएन । उनी आफैंमा के हुन् वा कुन विचारका हुन् ? यसै भन्न सक्दिन । तर पञ्चायतकालमा रेडियो सुन्दासुन्दा उनी आफूलाई पञ्च भन्थे- 'सबै नेपाली पञ्च'को भाकामा । अनि गाउँघरका पञ्चायत विरोधीहरूलाई उनी उसै गरी सराप्दथे जसरी रेडियो नेपालले र पञ्चायती शासकले सराप्दथे- अराष्ट्रिय तत्व, उग्रवादीहरू, विदेशी दलाल, भेडाको छाला ओढेका ब्वाँसाहरू, राष्ट्रघाती आदिआदि ।

उनलाई सानैदेखि देख्दै आएको हुँ । हामीकहाँ देख्नुलाई नै चिन्नु भन्छन्, तर मैले खुन्ते काकालाई कहिल्यै चिन्न सकिन । उनी सधैं जसो खेतीकिसानीमै लागिरहन्थे । त्यसो हुँदा उनको भेउ नपाउनु कुनै अचम्म भएन । आन्दोलनताक आन्दोलन सञ्चालन गर्न आफू गाउँमै बसिरहनुपरेको हुँदा खुन्ते काकालाई केही मसिनो गरी चिन्न पाएँ ।

आन्दोलन चर्कियो र रेडियो नेपालका माध्यमबाट पञ्चायत बम्किन थाल्यो । त्यतिखेर चाहिं खुन्ते काका चुप भइसकेका थिए । कारण, गाउँघरमा रातारात मसाल जुलुस निक्लन थालेका थिए, डाँडाकाँडाबाट पञ्चायतविरुद्ध आन्दोलनमा उत्रन कटुवालभैं घोकेर आह्वान भइरहेको थियो, आन्दोलन दबाउने वा बिथोल्ने प्रयास भइरहेका थिए र त्यस्ता तत्वलाई जनता र आन्दोलनकारीहरूले घोक्रेसुत्ती लगाउन थालिसकेका थिए । खुन्ते काका त्यस्ता दुर्घटनामा होमिन चाहँदैनथे ।

आन्दोलनताक उनी पञ्च थिए, 'पञ्चायतै ठीक हजुर' भन्थे र आन्दोलनकारी भेटे 'कहाँको ? बहुदलै चाहिन्छ !' भन्थे । दुवै एकै ठाउँमा भेटे के भन्थे होला ? तर त्यतिखेर दुवै एकै ठाउँमा भेट्नु भनेको बाघबाख्रोको हिसाब हुन्थ्यो ।

जनआन्दोलन २०४६, बीचैमा रोकियो । बहुदल आयो । खुन्ते काका पनि अब बहुदलीय रेडियो सुन्न थाले । अब उनले पञ्चायत ठीक भन्न छाडिसकेका थिए । गाउँमा व्यापक रूपमा राजनीतिक कार्यकर्ता देखापर्न थाले । पहिले थुनिएका छाडिए । भूमिगत भएका खुला भए । जो मरे ती सहिद भए । रेडियो सुन्दासुन्दा खुन्ते काका कट्टर बहुदलवादी भएर निक्ले । रेडियो नेपालबाट पञ्चायतका ज्यादतीको बयान सुन्दा उनी आफूलाई धिक्कार्न थाल्थे- 'थुइक्क त्यस्तो प्रतिगामी पनि हुनु ?' र घरिघरि टाउको

हल्लाउँदै छातीमा मुड्कीले हिर्काउँथे ।

अब उनी काङ्ग्रेसै ठीक भन्न थाले । काङ्ग्रेसी नेताले बोलेको सुन्नासाथ खुसीले बुरुक्क उफ्रन्थे ।

एउटा बिशेषता के थियो भने उनी रेडियो नेपालबाहेक अर्को स्टेसन सुन्दैनथे, किनभने उनको रेडियोमा अरू मिटर नै लाग्दैनथ्यो ।

संबिधान आयो । कसैले बत्ती बाले । कसैले निभाए । उनलाई कसैले बाल पनि भनेन निभा पनि भनेन । उनी किंकर्तव्यविमूढ भए । रेडियोले बत्ती बाल्नेको प्रशंसा र निभाउनेको निन्दा गऱ्यो । किन ? उनी झन् अलमलमा परे । यस्ता प्रश्न उनका मानसमा थुप्रिन थाले ।

यस्ता केही प्रश्न उनी मसित पनि गर्थे । म केहीको त जवाफ दिइहाल्थें र भन्थें - काका, यसरी जस्तातस्ता प्रश्न काँत गरी हिँड्नुहुन्छ ? बरु आफैं गहिरिएर सोच्नबुझ्नपट्टि लाग्नोस् न ! कहिलेसम्म प्रश्नको कुटुरो काखी च्यापी हिँड्ने ? उनी बल्ल बुझें भनेझैं टाउको हल्लाएर जान्थे ।

अनि उनी आफैं सोच्नबुझ्न लागे । किन ठीक ? किन बेठीक ? पढालेखा नभए पनि उनले संबिधानका बारेमा धेरैका कुरा सुने, धेरैसित बुझे- किसानसित, विद्यार्थी, नेता, शिक्षक सबैसित । संबिधानका बारेमा सोध्दा बत्ती बाल्ने कि निभाउने भन्ने प्रश्न पनि सँगै गाँसिएको हुन्थ्यो । एकदिन उनले मसित पनि सोधे । अन्तमा उनी आफैंले गरेको काम नै ठीक रहेछ भन्ने निष्कर्षमा पुगे अर्थात् देशमा जुन किसिमले संबिधान आएको थियो त्यसका सन्दर्भमा न त धुमधामसित दीपावली गर्नु ठीक थियो न त सधैं बालिआएको टुकी पनि निभाएर घर अँध्यारो पार्नु ठीक थियो । यसले गर्दा उनमा आफ्नो कामप्रति विश्वास जाग्यो, आत्मबल बढ्यो ।

त्यसपछि उनले रेडियोको भनाइलाई मात्र विश्वास गर्न छाडे । मैले पनि भनें- 'काका, सबको सुन्नोस् र गर्दा बुझेर गर्नोस् ।' जसरी पञ्चायती रेडियोले उनलाई धोका दिएको थियो- उनको भावनालाई धोका, उनको बिश्बासलाई धोका, उनको अत्मबललाई धोका, उनको बिचारलाई धोका र उनको स्वयम् सोच्ने शक्तिलाई धोका- त्यसरी नै अहिलेको काङ्ग्रेसी रेडियोले धोका नदेला भन्ने कुरामा उनी बिश्वस्त हुनसकेका थिएनन्, किनभने त्यही बहुदलीय रेडियो सुरुमा आन्दोलन काङ्ग्रेस-कम्युनिस्ट मिलेर गरेका र सफल भएको भन्थ्यो भने अब आएर एक्लै काङ्ग्रेसले गरेको भन्न थालिसकेको थियो । भोलि गएर जनता र सहिदको बदिलानलाई नभुल्ला भन्ने उनलाई लाग्दैन । आन्दोलनमा उनको भूमिका नभए तापनि उनका मानसपटलमा चित्राङ्कित अरू गाउँलेको योगदानलाई उनी बिर्सिन सक्दैनथे ।

उनी रेडियो सधैं साथमा लिएर हिँड्थे । खेतमा काम गर्न जाँदा पनि सँगै लैजान्थे र कान्लाउँदो झुन्ड्याएर काम गर्थे ।

गाउँलेहरू टिप्पणी गर्थे- 'खुन्तेको लागि रेडियो त काँधको जनै हो ।'

गाउँलेको भनाइमा अतिशयोक्ति थिएन ।

एकदिन उनी उसै गरी कान्लाको रूखमा रेडियो झुन्ड्याएर काममा व्यस्त थिए । समाचारको समय भयो । ध्यान दिएर सुन्ने बेला भयो र उनी त्यसै रूखमुनि छायामा सुस्ताउन थाले । समाचारमा देशमा सम्पन्न हुन गइरहेको आम चुनावमा प्रजातन्त्रमा समर्पित पार्टीलाई जिताउनुपर्ने, काङ्ग्रेस नै समाजवादी-प्रजातन्त्रवादी पार्टी भएकाले त्यसैलाई जिताएर एकमना सरकार बनाउने जिम्मेवारी दिनुपर्ने, कांग्रेसको विजय नै प्रजातन्त्रको विजय हो भन्ने कुरा प्रसारित भयो । खुन्ते काका किन त्यसै पार्टीलाई जिताउने भन्ने तर्कना गर्न थाले, तर उत्तर पाएनन् । रेडियोबाट उनका हरेक तर्क र प्रश्नको जवाफ आउँदा पनि आउँदैनथ्यो र आउन सक्दा पनि सक्दैनथ्यो ।

उनको रेडियो थोत्रो थियो र एउटै थियो । उनी त्यसैलाई सुन्थे । रेडियो बिग्रिरहन्थ्यो र उनी महिनैपिच्छेजस्तो त्यसलाई बनाउन सहर जान्थे । सबै कुरा छाडी पुछारमा हात भनेझैं उनी अरू काम छाडेर भए तापनि रेडियोमा ब्याट्री हाल्दथे । रेडियो नै उनको एकान्तको साथी थियो र त्यो नै सूचना, मनोरञ्जन र विलासको एकमात्र साधन थियो । रेडियो उनको जीवन थियो । जीवन सधैं उनका साथमा हुन्थ्यो र त्यसैले गाउँले उनलाई रेडियो काका भन्थे । यस्तो पदावलीको प्रयोग उनका सामुन्ने कोही गर्दैनथ्यो । उनी ठट्टा गर्दैनथे । एकपटक ठट्टामै सामुन्ने नै रेडियो काका भनिदिएँ, तर अचम्म, उनलाई त्यसले कत्ति असर गरेन । मैले सोचेविपरीत भयो ।

ठट्टामै अर्को दिन मैले रेडियोले झैं नै भनें- 'रेडियो काका, आउँदो चुनाउमा काङ्ग्रेसलाई जिताउनै पर्छ है ।'

उनी झट्ट जाइलागे- 'मलाई उल्लू ठान्या छौ, बाबु ? पहिले भए कुन्नि, अब त ! अब त काङ्ग्रेसमा मण्डलेपञ्च नै बढी छन् । काङ्ग्रेसलाई जिताउनु भनेको त फेरि पनि पञ्चायतलाई जिताउनु हो ।'

वास्तवमा मैले काङ्ग्रेसको त्यति सटीक मूल्याङ्कन गर्न सकेकोरहेनछु भन्ने मलाई लाग्यो । घरिघरि खुन्ते काका पञ्चायती प्रजातन्त्र नै कतै समाजवादी प्रजातन्त्र त होइन भनी घोरिन्थे र मलाई आत्मज्ञान भयो, खुन्तेकाका अलिक ढिलै भए पनि एउटा पार्टी-कार्यकर्ताले भन्दा कम कुरा बुझ्दैनन् ।

पछि मैले सुनें, एउटा शक्तिशाली दलका कार्यकर्ताहरूको निर्मम प्रहारबाट खुन्ते काकाको असामयिक निधन भयो । त्यसबेला म गाउँदेखि टाढा रहेकाले मैले उनको शवमा श्रद्धाञ्जली अर्पण गर्न पाइन । त्यसले गर्दा उनको स्मृति झन् टड्कारो बनेको छ ।

❖

# घर/घाट

उनी सामन्ती समाजमा पालिएका-पोसिएका हुन् भन्ने कुरामा शङ्का छैन । त्यसो हुनाले स्वभावत: उनमा त्यो संस्कार थियो । फेरि पनि उनमा विज्ञानसम्मत विचार र सोचाइ नरहेको होइन । त्यसले गर्दा नै मेरा हृदयमा उनका लागि विशेष सम्मानको स्थान थियो ।

न्याय, सदाचार, समानता र जनताका पक्षधर तमाम तपस्वीको बलिदानको परिणामस्वरूप देशमा केही होलोपन पलाएको थियो । जनताले चाहेको जस्तो व्यवस्था वा प्रजातन्त्र नआएको भए पनि बुर्जुवा प्रजातन्त्र आएको थियो र मान्छेहरू बोल्न, लेख्न र सभा-सङ्गठन गर्न स्वतन्त्र भएका थिए । पहिलेका खुंखारहरू अवसरवादका चेला बन्दै काङ्ग्रेस र कम्युनिस्टका बिल्ला लगाएर झन्डा बोकेर हिँड्न थालिसकेका थिए । केही पार्टीले त सम्पूर्ण हत्यारा, जनद्रोही, तस्करका लागि समेत घोषित रूपमा स्वागतमको ढोका खोलेका थिए ।

उनी पहिलेदेखि नै वामपन्थीहरूप्रति सहानुभूतिका आँखाले हेर्थे । त्यति नै पर्याप्त लाग्दथ्यो । साम्यवादबारे उनको कत्तिको अध्ययन थियो ? साम्यवाद कत्तिको बुझेका थिए ? त्यसलाई व्यवहारमा कत्तिको उतार्दथे ? यी सब प्रश्न न मैले कहिल्यै सोचें न तिनको जवाफतर्फ नै विचार गरें, किनभने उनी पञ्चायतकालमा कारिन्दा थिए ।

बहुदल आएपछि उनी मेरो झन्‌झन् नजिक हुनथाले । मसित उनी पञ्चायती र काङ्ग्रेसी नेता र नीतिको निन्दाचर्चा गर्दथे । मैले सोचें, ती कर्मचारी हुन् र पञ्चायतले कर्मचारीलाई त्यही संस्कार दिएको छ भने उनी के गरून् ? म उनका त्यस्ता अनावश्यक निन्दाचर्चा र स्तुतिप्रशंसापट्टि बेवास्ता गर्दथें । उनी अलिक खिन्नमना देखिन्थे । त्यसैले म उनको मन राख्न भए पनि बेलामौकामा अँ-अँ भन्दै टाउकोसम्म हल्लाइदिन्थें ।

समय बित्दै जाँदा उनी साम्यवादका पूर्ण समर्थक भए । उनले आफ्ना छरछिमेकका कति युवा र महिलालाई पनि सम्यवादी विचारका पक्षधर बनाए । उनले त्यस बाटोमा लगाएका युवाहरू अखिलमा लागे र सङ्गठनको काममा खटेर काम गर्न थाले । त्यो सब मैले देखिरहेको थिएं । अझ पछि उनले जातभात र छुवाछुतको विरोधमा एउटा सभाकै आयोजना गरे । सभा उपलब्धिमूलक भयो । सामन्ती समाजमा तल्लो जातका मानिनेहरू उनका माध्यमले हालै नै साम्यवादी दलमा प्रतिबद्ध भए । उनले तमाम धार्मिक आडम्बर, पुंजीवाद, साम्राज्यवाद र विस्तारवादको जोडतोडका साथ विरोध घन्काए । राजतन्त्र

तथा भारतीय दलाल मानिने नेपाली काङ्ग्रेसका गलत नीति र व्यवहारको भर्त्सना पनि गरे । समग्रमा उनी जस्ता देखिन्थे, त्यस्तो साम्यवादी अर्को खोज्दा पाइन्छ पनि भन्ने धारणा मानिसमा हट्दै गएको थियो । उनले सबलाई ठगिसकेको जस्तो लाग्थ्यो । म दङ्दास भएँ ।

मेरो आश्चर्य त्यतिखेर झन् चरमचुलीमा पुग्यो, जुन बेला उनी गलामा फूलमाला र निधारमा अबिरको टीका लगाएर अनि कोटमा काङ्ग्रेसको ब्याच लगाएर हिंड्दै थिए । सधैं टाढैबाट देख्नासाथ हेलो कमरेड, लालसलाम भन्दै भलाकुसारी गर्न आउने मेरा ती मित्र टाउको घुमाई हिंडेको देखेर म झन् पनि तीन छक्क परें । विचार बदलेको भए पनि मित्रता नबदल्नुपर्ने ! मैले सोचें ।

कर्तव्य दोहोरो हुन्छ । म आफैंले उनको ध्यानाकर्षण गरें र लालसलाम भनें । उनले 'जय नेपाल' भने । मैले अर्को पटक 'जय नेपाल' नै भनें, किनभने नेपालको जय भन्ने काम कुनै दल वा व्यक्तिले ठेक्का लिएको म ठान्दिन ।

मैले उनको शरीरलाई इङ्गित गर्दै भनें- होइन यो, यो के गरेको कमरेड ? ...किन ?

उनी अनकनाए । टाउको कनाए । नाक खुम्च्याए र भने- मैले कम्युनिस्ट पार्टीका लागि कति काम गरें, तपाईंलाई थाहै छ । फेरि पनि मैले के पाएँ ? अर्को कुरा कम्युनिजम आउने त कहिले हो कहिले ? आफ्नो पालोमा देख्नै नपाइने रहेछ । कम्युनिस्टहरू पनि अहिले त समाजवादका लागि लड्दै रहेछन् । ....त्यसैले म त अन्तै लागें । नगर समितिमा ठाउँ पनि पाइहालें ।

उनको निधारको टीकाले बीसौं शताब्दीलाई उपहास गरेझैं लाग्दथ्यो । उनका कोटको ब्याचले जनआन्दोलनका उपलब्धिलाई उपेक्षा गरेझैं लाग्दथ्यो ।

मैले भनें- प्रश्न पार्टीको होइन, विचारको हो, स्वार्थको होइन, परार्थको हो । कुनै पनि विचारमा लाग्न मानिस मौलिक रूपमा स्वतन्त्र छ, तर बुझेर लाग्नुपर्छ । घर-घाट छुट्याउन सक्नुपर्छ । कसले घरमा पुऱ्याउँछ र कसले घाटमा ? सिद्धान्तका सूत्र नरटे पनि मूल अवधारणा स्पष्ट हुनुपर्छ । स्पष्ट अवधारणाको अभावमा मानिस कुहिराको काग हुन्छ । तपाईं जता लागें भन्दै हुनुहुन्छ त्यो गलत वा ठीक म केही पनि भन्दिन, तर यसबीचमा तपाईंले स्वस्थ समाजको विकासका लागि जे गर्नुभयो त्यसका निम्ति धन्यवाद भन्न चाहन्छु !...तातै खाऊँ जल्दै मरुँ साम्यवाद मान्दैन । मै खाऊँ, मै लाऊँ पनि भन्दैन । ...रह्यो कुरा ठाउँ पाउनुको । ठाउँ किन पाउनुपऱ्यो ? ठाउँ खाली थियो । जुन पार्टीमा मान्छे छैनन् त्यसमा ठाउँ जति पनि खाली हुन्छ । कुकुर बिरालाले पनि ठाउँ पाउँछन् र पाएका छन् । र जुन पार्टीमा मान्छे तमाम छन् त्यसमा सितिमिति ठाउँ हुन्न र जोकोहीले ठाउँ पाउँदा पनि पाउन्न । अनि....

म बोल्दै थिएँ । उनका अनुहारमा गम्भीरताका विभिन्न रेखाहरू सलबलाउन थाले । उनी मौन । म मौन । लाग्थ्यो, त्यतिखेर विश्व नै मौन थियो ।

म हिंड्ने विचारले मित्रलाई 'जय नेपाल' भनेर अगाडि बढें, तर उनी मलाई हेर्दै अन्यमनस्क टोलाइरहेका थिए ।

❖

# महासमरमा

प्रजातन्त्र जिन्दावाद !

पञ्चायती व्यवस्था मुर्दाबाद !!

भरखर भकाउनै लागेका इन्द्रप्रसादका कानमा कसैले भीरले रोपेको अनुभव भयो। जुरुक्क उठेर ओछ्यानमै पलेटी कसी टुक्रुक्क बसेर चुरोट सल्काए। आवाज ख्यालख्याल थिएन र उनले परिवेश नियाल्दा के थाहा पाए भने उनी कुनै दुर्दान्त सपना पनि देखिरहेका थिएनन्। जो थियो बास्तविकता थियो। हिजैमात्र जिल्ला कार्यालयमा गाउँको रिपोर्ट लेखाएको उनी भलभली सम्भन्छन्। मेरो गाउं मेरो जिम्मा भो' सब मिलाइसक्या छु। कोही चुं गर्न सक्दैन। उति भाँती भनेको ! सोच्दासोच्दै उनको हात आफ्नो सिरानीमुनि पुग्यो। हिजै बैंकबाट चेक भजाएर ल्याएका केही नोट छन् त्यहां। मानौं त्यसले उनलाई सञ्जीवनीको काम गर्छ र उनी सजग भएर आवाज सुन्न थाल्छन्। –

प्रजातन्त्र जिन्दावाद !

पञ्चायती व्यवस्था मुर्दाबाद !!

नारा जो लागिरहेका थिए, घाम झै सत्य थियो। जुलुस निक्लेको थियो र त्यो नजिकनजिक आउँदै थियो। जुलुसमा प्रत्येक दुई जनामा एउटाले राँको र प्रत्येक दस जनामा एक जनाले मट्टितेलको ग्यालिङ बोकेका थिए। अगिअगि हिंड्नेले राँको समातेको त थिएन, तर उही नारा भट्याउँदै थियो, किनभने उसका हातमा माइक थियो र त्यो मुखमा जोडेर जोडजोडले कराउँदै थियो। सबैले टाउकामा कालो कपडाको नातो गुतेका थिए। राँकाको उजेलोमा उनले सबै देखे। पाखापखेरा, भीरओढार, बनबुट्यान र दिग्दिगन्त आवाज गुन्जिरहेको थियो। गाउँलेहरू कोही बाटोछेउ उभिएर अरू राँका थप्दै थिए, कोही आफै जुलुसमा मिसिदै थिए, कोही डराईडराई ताली बजाएर जुलुसलाई प्रोत्साहित गर्दै थिए। कोही आफ्नै घरदैलो र आँखीभ्यालबाट चियाउँदै थिए। उजेलो सबैतिर छाउँदै थियो। उनले सब देखे। दृश्य जो देखे यथार्थ थियो। आवाज जो सुने बुलन्द थियो। –

प्रजातन्त्र जिन्दावाद
पञ्चायती व्यवस्था मुर्दावाद ।

दृश्य त्यस्तो यथार्थ थियो, जसलाई छल्न सकिन्न र त्यो उनको घरनजिकै पुग्नथाल्यो । घर बाटैमा थियो । उनी ठूलो अन्योलमा परे । के गर्नु र कसो गर्नु उचित हुन्छ ? केही बुझ्न सकेनन् । घर पो लुट्ने हुन् कि ? घरमा आगो पो लगाइदिने हुन् कि ? .... उनी नानाभाँतीका कुरा सोच्न थाले । सिरानीमुनिको 'सञ्जीवनी' गोजीमा हाले । मानौं अहिले त्यसले काम गर्न सक्दैन । स्वास्नी छोराछोरी पनि ब्युँझिसकेका थिए र सबैले अवस्था बुझिसकेका थिए । स्वास्नी र छोरी उनीझैं डराएका थिए, तर छोरोचाहिं भन्दै थियो, डराउनुपर्दैन । हामीले बिगारेका छैनौं भने किन डराउने ? बिगारेकै भए सजाय भोग्नैपर्छ । ...उनी छोरालाई आँखा पल्टाएर हेर्दै तल झरे । स्वास्नी रुन थालिन् । आमा रोएको देखेर छोरी रुन थाली । छोराले सम्झायो- बुबा, जो दूधखाने नानी हुनुहुन्न, किन आत्तिनुपर्‍यो ? तर ऊ स्वयम् बाबुको क्रियाकलापदेखि चिन्तित थियो । उनीहरूको चिन्ता, उत्सुकता र आतङ्क तबमात्र शान्त भयो, जब उनी कुखुराजत्तिलाई बाहिर निकाएर आफू त्यसै खोरमा लुसुक्क पसे । कुखुराको खोर जो घरदेखि अलग्ग आँगनको एक कुनामा थियो, जुन बाटाका धुलाले सेताम्मे भएको थियो । छोरो कुनै सन्निकट सम्भाव्य दुखद दुर्घटनाबाट झन् भयभित हुनथाल्यो, किनभने बाबुका साथमा बन्दुक पनि थियो । बन्दुक जसले मान्छे मार्न सक्छ, मान्छेको विचार, उसको भावना र चाहना मार्न सक्दैन भन्ने उसले बुझेको थियो । ... बाहिरबाट भने आवाज बुलन्द भइरहेको थियो । –

प्रजातन्त्र जिन्दावाद !
पञ्चायती व्यवस्था मुर्दावाद !!

नारा घन्किरहेको थियो र जुलुस बढिरहेको थियो । जुलुस जो कुनै व्यक्तिसित प्रतिशोध लिने लक्ष्य लिएर अगि बढिरहेको थिएन । २०४६ को जनआन्दोलनको एउटा झिल्को थियो त्यो । प्रजातन्त्र-प्राप्तिका लागि जनताको लडाईंको एक कडी थियो त्यो । तर यतिखेर उनले त्यस्तो बुझ्न सकेनन् । उनले बुझेका थिए, त्यस्तो काम उग्रवादीले गर्छन्, कम्युनिस्टले गर्छन् कि भने काङ्ग्रेसले, र ती सब विदेशी दलाल हुन्, अराष्ट्रिय तत्त्व हुन् । त्यसैले उनी खोरभित्रबाट बन्दुक ताकेर बसे । उनले पाएको शिक्षा नै त्यस्तै ।

जुलुस घरअगाडि पुग्यो र उनको औंला बन्दुकको ट्रेगरमा । त्यसैबेला हातमा राँको लिंदै अकस्मात् उनको छोरो जुलुसमा मिसियो र जुलुसको अग्रपङ्क्तिमा उभिई चिच्याएर नारा लगाउन थाल्यो । छोराको आवाज महाआवाजमा मिसिएर गुन्जिन थाल्यो । –

प्रजातन्त्र जिन्दावाद !
पञ्चायती व्यवस्था मुर्दावाद !

उनको हात खुम्चियो ! मन पनि खुम्चियो । पहिले त छोराका बिरुद्धसमेत दारा किटे । छोरो जो उनका लागि अत्यन्त प्रिय थियो ।...उनी भुतभुताए, तर जुलुसको आवाजभित्र उनको भुतभुताउनुको कुनै अर्थ थिएन । कुखुराको खोरभित्रबाट आन्दोलनकारीबिरुद्ध जतिसुकै पाखुरा खैंचे पनि जुलुस आफ्नै सुरमा अगाडि बढ्दै गयो । हेर्दाहेर्दै जुलुसले नेटो काट्यो र बन्दुक उनका हातबाट फ्यात्त भुईंमा खस्यो । अब जिल्ला कार्यालयमा के जवाफ दिने ? खर्चको फाँटवारी कसरी बताउने ?.... कसरी निकल्यो जुलुस ? ...साँच्चै कम्युनिस्ट त बढेकै हुन् बढ्न ता ! कतिलाई सम्भाएर सक्नू ? ...खोरबाहिर कुखुराको भाले चर्को स्वरमा बास्यो । मानौ ऊ बिद्रोह बोल्दै थियो बिस्थापित भएकोमा । यता उनी चिन्तामग्न थिए, एउटा छोरो, त्यो पनि आन्दोलनमा सरिक भयो । के जवाफ दिने ? ....उनी झसङ्ग भए । पहरामा टक्कराएर प्रतिध्वनित भइरहेको जुलुसको आवाजले उनको कर्णकुहरलाई अझै घोचिरहेको थियो, जुन आवाजमा छोराको आवाज पनि मिसिएको थियो । –

प्रजातन्त्र जिन्दावाद !

पञ्चायती व्यवस्था मुर्दाबाद !!

❖

# पाल्तु कुकुर

कर्मचारी आन्दोलन चर्किरहेको थियो । हामी आफू निजामती कर्मचारी त थिएनौं, तर त्यस दिन सोलिडायरिटी चेन कार्यक्रम भएकाले एकता प्रदर्शन गर्न हामी पनि सहभागी हुने भएका थियौं । निर्धारित समयमा निर्धारित स्थानमा पुग्ने लक्ष्य थियो । कर्मचारीको जायज माग र तिनका अनुशासित प्रदर्शनबाट सबै चख्ख पर्दै गएका थिए ।

हाम्रो कार्यालयमा एकजना त्यस्ता चरित्र थिए, जसलाई हामीले सही अर्थमा बास्तवमै बुझ्न सकेका थिएनौं, तर प्रयास चालु थियो । त्यस दिन हामी निजामती कर्मचारीले चालेको अभियानमा सहभागी हुन जाँदै छौं भन्ने कुरा जब उनले थाहा पाए, उनले भने- बडो राम्रो, कर्मचारीका माग पूरा हुनैपर्छ । जाऔं । म 'नि जान्छु । सबै जानुपर्छ । ..... उनको भनाइले हामी झन् उत्साहित भयौं ।

निर्धारित स्थानमा समयमै पुग्ने उद्देश्यले हामी सबै हिंड्यौं । उनी पनि साथमै थिए । निजामती कर्मचारीको सुबिधा बढे हाम्रो पनि बढ्थ्यो । यस्तो मामिलामा सबै एक हुनसकिने रहेछ भन्ने हामीले ठान्यौं । बाटामा नानाथरीका गफ भए । बिशेषत: कर्मचारी र सरकारका । हाम्रा विचार र उनका विचारमा साम्यता पाएर हामी सबै दङ्ग पर्दै र प्रोत्साहित हुँदै गएका थियौं ।

अलिक पर पुगेपछि अर्थात् एउटा सानोतिनो जलपान गृहनेर पुगेपछि उनले भने- समय त अझ बाँकी नै छ, चिया खाएर जाऊँ न ! कसो होला ? हामी सबले उनको प्रस्ताव स्वीकार्‍यौं । चिया खाऊँ-खाऊँ हामी सबैलाई भएकै थियो ।

पसलमा पसेर बस्नेबित्तिकै हामीले चियाको अर्डर गर्‍यौं । उनले तत्काल त्यस अर्डरलाई रोके र अर्कै वस्तुको अर्डर गरे अर्थात् छोले, समोसा मिसाएर बनाएको चाट । पसलेले भन्यो- त्यसलाई पाँचमिनेट समय लाग्छ । पसलेको पाँच मिनेटको तात्पर्य सोभन्दा बढी नै हुन्थ्यो । त्यो हामीले बुझेका थियौं, तर एउटा प्राय: तटस्थझैं बस्ने व्यक्तिलाई पनि समर्थनमा लैजाने लोभले हामीले सब सह्यौं । उनले पसलेलाई भने- तबसम्म एकएकवटा लड्डू नै देऊ न त....!

यसरी पसलमा हामीले पहिले लड्डू खायौं, पन्ध्र मिनेटपछि चाट आयो । त्यो पनि

खायौं अनि उनले स्पेसल चियाको अर्डर गरे । हामी धेरै बेरसम्म घडी हेर्दै मुखामुख गर्दै रह्यौं । अर्डर गरेको चिया छाड्नु पनि अशिष्टता हुने ! जे होस् छलफल त चलिरहेको थियो र छलफलको बिषय मुख्यत: निजामती कर्मचारीका माग र सरकारको उदासीनता थियो । चारपाँच प्रहरीहरू पनि त्यहाँ चिया खान आए र छलफलमा भाग लिंदै तिनले भने- कर्मचारीका माग पुरा हुनैपर्छ । कर्मचारी हामी पनि त हौं, तर क्यानुं ? सा'पले कर्मचारीलाई ठोक भनी हामीलाई 'अडर' दिएमा हामीले हात कमाएर पनि ठोक्नैपर्छ । अरूले पनि भने- सरकारले कर्मचारीसित टेक लिन सुहाउन्न । सरकारले आफ्नै प्रयोजनका लागि चार पैसाको वृद्धि किन्ने बजेट पनि पेस गर्नुपर्थ्यो ।

पसलबाट निस्केर हामी निर्दिष्ट स्थानतिर लम्क्यौं । समयले नेटो काटिसकेको थियो । तर हाम्रो उत्सुकतामा कमी आएको थिएन । कार्यक्रम सुरु भइसकेको थियो । ढिलो पुगेकोमा हामी चुकचुकाउँदै थियौं । उनले पनि हामीले झैं नै गरे । हामीझैं अरू पनि कति आउँदै थिए र सागरमा नदी मिसिएझैं विशाल मानव-शृङ्खलामा उनिंदै थिए । वास्तवमै एकता-सँगालो कार्यक्रम नितान्त रोचक, शिष्ट र मर्यादित थियो । सडकका छेउछाउ र पेटीबाट हेर्ने व्यापारी र सर्वसाधारण जनता छक्क पर्दै थिए । यति अनुशासित प्रदर्शन पनि हुँदोरहेछ ।

हामी पनि त्यहीँ मिसियौं । मानव-शृङ्खला अझ लम्बियो, तर उनी अकमकाए, छटपटाए र अन्तमा कुनै जरुरी काम छ भन्दै आफ्नो बाटो लागे । हामी ढिलो हुनाको कारण बताउन र कार्यक्रमका बारेमा टिप्पणी गर्न थाल्यौं । हामीलाई छाडेर जाने सहकर्मीका बारेमा मौन रह्यौं । यसकारणले कि हामी प्रत्येकको मनमा केही न केही चिसो पसेको थियो ।

भोलिपल्ट साँझ हामीले जिल्ला प्रशासन कार्यालयका हाम्रा शुभचिन्तक एक कर्मचारीबाट थाहा पायौं- हिजो दिउँसो सो कार्यालयबाट उनले अस्तिको कार्यक्रमलाई शिथिल पुऱ्याउने प्रयास गरेबापत मोटो रकम प्राप्त गरेका छन् । हामीलाई लाग्यो, उनलाई चिन्न अझ बाँकी नै छ । हामीमा एउटा कौतुहल जाग्यो । त्यो के भने के हरेक व्यवस्थाले यस्ता चरित्रलाई पाल्नु अनिवार्य छ ?

**मातृभूमि, २०४८, श्रावण**

❖

# सुपर मानिमा-००९

सुपर मानिमा-००९ विशेष धातु र प्रविधिद्वारा निर्मित, विभिन्न विशेषतायुक्त मानिमा थियो । त्यसका स्रष्टाले त्यसको नाम साधारण यन्त्रमानव भन्दा फरक, सुपर मानिमा-००९ राखेका थिए ।

मानिमा (मानवनिर्मित मानव) को पूर्ण युगको प्रारम्भ भएको थिएन । फेरि पनि महत्त्वपूर्ण कामहरू मानिमाद्वारा नै सम्पन्न हुन थालेका थिए । यन्त्रमानव पुराना प्रविधि मानिन थालेका थिए । मानिमाहरू मानवका असल नोकरजस्ता थिए । अराएको सब गर्थे । नअराएको केही गर्दैनथे । स्वविवेकले काम गर्ने मानिमाको त्यति विकास भइसकेको थिएन । फेरि पनि छिटफुट उत्पादन हुँदै थियो ।

सुपर मानिमा-००९ पनि एउटा यस्तै स्वविवेकले काम गर्ने मानिमा थियो, जैविक मानववत् । एउटा कुरा थियो- उसले स्वविवेकले काम गर्दा मानवले आफूलाई व्यक्तिगत वा जातिगत रूपमा खतरा महसुस गरेमा रिमोट कन्ट्रोलरद्वारा नियन्त्रण गर्न सकिन्थ्यो ।

सुपर मानिमा-००९ मा एउटा अर्को विशेषता के थियो भने ऊ आफैं आफ्नो निम्ति रिमोट कन्ट्रोल गर्न सक्थ्यो ।

उसमा श्रवणशक्ति, घ्राणशक्ति, वाकशक्ति सब थिए । ऊ स्वाद लिन सक्थ्यो । सोच्न सक्थ्यो । मानौं, उसमा एउटा प्राकृत-मानवमा हुने सम्पूर्ण विशेषता, संवेदनशीलता, बुद्धि, विवेक सब थिए । अझ बढी मात्रामा थिए ।

रिमोट कन्ट्रोलरद्वारा विभिन्न आकारप्रकार र रूपमा बदलेझैं उसको लिङ्ग-परिवर्तन पनि गर्न सकिन्थ्यो । अर्थात् पुरुष मानिमाबाट नारी मानिमा र नारी मानिमाबाट पुरुष मानिमामा रूपान्तर गर्न सकिन्थ्यो ।

उसमा अरू के-के विशेषता थिए त्यो सबै जान्ने एउटैमात्रै व्यक्ति थियो- त्यसको आविष्कारक । तर ऊ सुपर मानिमा-००९ को आविष्कारपश्चात् तुरुन्तै मरेकाले त्यो ज्ञान उससितै मरेको थियो । उसले त्यो हस्तान्तरण गर्न भ्याएको थिएन ।

आफ्ना जन्मदाता वा निर्मातालाई जन्मिनासाथ खाएको आरोपमा उत्पादक-प्रबन्धकले तुरुन्तै लिलाम गरिदिए उसलाई । बिक्रीबोध उसमा थियो । कर्तव्यबोध पनि र हीनताबोध पनि ।

ऊ निकै बलवान्, सुन्दर, सुकोमल र मनमोहक वा आकर्षक पनि थियो । सुमानिमा-००९ को जोडा अर्को जन्मिन सकेको थिएन । उसमा यसैको गर्व थियो ।

फेक्ट्रीको काम पनि हुने घरायसी सानाठूला काम पनि सम्पन्न हुने अनि व्यापार-प्रवर्धनसमेत हुने देखेर रामले सुपर मानिमा-००९लाई किनेर ल्यायो । नभन्दै उसमा कुनै कुराको कमी थिएन । असल नोकर, असल सल्लाहकार, कुशल गृहणी, इमान्दार कामदार, दक्ष सेल्सम्यान, असल क्यालकुलेटर र असल रनर (दौडाहा) यी गुण ऊ एउटैमा थिए, जुन सयौं मानिसमा हुन्नन् । रामले आफ्ना सम्पूर्ण नोकर, कामदार, कर्मचारी हटायो । तर हृदयेश्वरी पत्नीलाई हटाएन । पत्नीबाट सम्पन्न हुने काम (वासना) पनि उसबाटै हुनसक्छ भन्ने कुरामा भने रामलाई आशा पनि थिएन र विश्वास पनि हुन सकेको थिएन ।

एकदिन, सुपर मानिमा-००९ आफ्नै रेस्ट रुममा आराम गर्दै थियो, उपरखुट्टी लगाएर ।

रामले रिमोट कन्ट्रोलरका सहायताले सोध्यो- माया आइपुगिनन् । बताउन सक्छौ, कहाँ छन् ?

"किन नसकुँ ?"- सुपर मानिमा- ००९ले उत्तर दियो तुरुन्त- अँ, होटेलबाट भरखर बाहिर निस्केकी छन् र ट्याक्सी (?) को प्रतीक्षामा छन् । कार लगेकी थिइनन् तिनले आज ।

-जा न त आफैं कार लिएर । मायालाई झट्टै ले ।

बिजुलीझैं फुर्तिलो सुपर मानिमा-००९ विशेष मेकअप गरेर मगमगाउँदै कोठाबाट निस्क्यो । रामको कोठामा पुग्यो । ऊ ट्वाइलेटमा थियो । सुपर मानिमा-००९ले रिमोट कन्ट्रोलर (जुन पनि विशेष प्रकारकै थियो) आफ्नै गोजीमा हाल्यो र हिंड्यो ।

कार हाँकेर ऊ होटेलतिर लाग्यो । मायालाई कारमा राख्यो र विपरीत दिशातिर हाँक्यो कार । अर्को शब्दमा अपहरण गर्‍यो भने हुन्छ ।

मायाले घडीको स्विच अँठ्याएर मोबाइलमा यस कुराको रामलाई तुरुन्त खबर गरी । राम  झस्कयो । रिमोट कन्ट्रोलर खोज्यो, पाएन । अनि व्याकुल हुनथाल्यो ।

सुपर मानिमा-००९ले आत्तिएकी मायालाई भन्यो- निश्चिन्त होऊ । रिमोट कन्ट्रोलर मसँगै छ । अब मलाई कसैले नारीमा रूपान्तर गर्न सक्दैन । आज रामझैं म पनि कामातुर छु । त्यसैले एकाध घन्टा मायासित रतिक्रीडा गर्ने विचार छ । आनेकाने गर्नु व्यर्थ छ । रामलाई भनिदिए हुन्छ । दुख नबेसाओस् ।

यता, राम जुरुक्क उठ्यो र वेगवान् मोटर साइकलद्वारा पछ्यायो । त्यतिखेरमात्र

भेटायो, जतिबेला तिनीहरू रतिक्रीडामा तल्लीन थिए- एउटा सुन्दर होटेलको मनोरम गार्डेनमा । रामले सब देख्यो, प्रत्यक्ष । आफ्नै अगाडि आफ्नै पालुवा मानिमाले त्यसरी आफ्नी मायाको हुर्मत लिएको देखेर ऊ मर्माहत भयो । बचाउन असमर्थ भयो र पत्नी मायाका सामुन्ने लज्जित पनि ।

क्रीडामुक्त मायाले भनी- राम, तिमीलाई दुख लाग्नु स्वाभाविकै हो, तर खास र वास्तविक आनन्द त मानिमासित क्रीडा गर्दा पो आउँदो रहेछ त । यतिका दिन खेरै गएछन् । यो कुरा पहिल्यै थाहा पाएको भए सायद म यस कुराको जानकारी तिमीलाई दिने नै थिइन कि सुपर मानिमाले मलाई अपहरण गर्दै छ ।

माया र सुपर मानिमा-००९ एकअर्कालाई आलिङ्गन र चुम्बन गर्न थाले फेरि ।

मायाको भनाइ र त्यस दृश्यले रामको मुटु हल्लायो र ऊ त्यहीं पछारियो । मानौं उसका साथै मानव-अस्तित्वसमेत पछारियो, आफ्नै महत्त्वकाङ्क्षाबाट ।

सुपर मानिमा-००९ले त्यो देखेर अट्टाहास गर्‍यो र गरिरह्यो निकै बेरसम्म ।

**मिर्मिरे, २०४७, पूर्णाङ्क ८३ ।**

❖

# मान्छे र मम

उसको पेट फेरि पनि कटक्क काट्छ। दिसा गर्न जान्छु भन्ने आँट उसमा फेरि पनि आउन्न। दुवै हात जुठा छन्। ऊ कुहिनाले पेट अँठ्याउँछ, तर त्यसले ओखतीको काम गर्दैन। ऊ पेट अठ्याउँदा अँठ्याउँदै सोच्न थाल्छ। घरमा भए कम्तीमा यस्तो वेलामा त काम गर्नुपर्ने थिएन। रूखका जरा र बोक्रासोक्रा वा जडीबुटी ठटाएर त्यसको झोल उसकी आमाले ख्वाइसकेकी हुन्थी। ओखतीझोल खाएको बटुको उसले घोप्ट्याइसकेकी हुन्थी। जतिपटक पेट काटे पनि उसले दिसा गर्न पाउँथ्यो, बेरोकटोक। तर यहाँ....

एइ, त्यहीं निद्रा पुऱ्याउन थालिस् कि क्या हो ? प्लेट छिटो ले, पानी राख।

साहूको झम्टाइले ऊ झस्किन्छ। उसले सम्झेको घर उसका अगाडि हुन्न। आमा हुन्न। ओखती हुन्न। उसका सामुन्ने एक डङ्गुर जुठा भाँडा हुन्छन्। चिसो छिंडी र हातगोडा ठिहिऱ्याउने काठमाडौंको जाडो हुन्छ। एक मिनेट पनि खाली बस्न नदिने साहू, उसको अन्नदाता हुन्छ र त्यो पेसा हुन्छ।

अब ऊ छिटछिटो हात चलाउँछ। दिसाले चापेको चाप्यै छ। अचम्म भो आज त ! कति अँठ्याउँदा पनि चाप्न छाडेन। पेट दुख्न छाडेन। झन् त चिटचिट पसिना पो आउन थाल्छन्। छिटछिटो गरी काम सकेर एकपटक त दिसा नगरी नछाड्ने विचारमा छ ऊ। साहूसित नभनी नछाड्ने विचारमा छ ऊ। तर काम, जति छिटछिटो गरे पनि सकिने खालको छैन। फेरि पनि ऊ सरफ-पानीमा भिजाएको कालोमैलो टालो प्लेटका भित्र-बाहिर डुलाउँछ, छिटछिटो। भिउँटको पानीमा चोप्छ, झिक्छ र ड्रममा लागेको धाराको पानीमा खकाल्छ। प्लेट खप्टिँदै राख्दै जान्छ। खप्टेका चौधपन्ध्रवटा प्लेट हातमा लिएर पानी निथार्छ। साहूका अगाडि, भरभराइरहेको स्टोभनेर राख्छ।

चड्याम्म ! उसका गालामा अकस्मात् कसैले हिर्काएको उसलाई अनुभव हुन्छ। त्यो अरू कोही हुँदैन। साहू, उसको आश्रयदाता नै हुन्छ। ग्राहकका आँखा छलेर हिर्काएकाले साहू र ऊ दुवै पसल र आ-आफ्नो इज्जत बचेको अनुभव गर्छन्। ऊ ग्राहकलाई यस्सो हेर्छ। साँच्चै नै हिर्काइले रनक्क तातेको उसको गालो कसैका आँखामा परेको छैन। ऊ अलिक लामो सास फेर्छ। गाला छाम्नुको सट्टा चिसो हातले पेट थिच्छ।

अफ-अफ, क्या हो चाला तेरो ? फटाफट गर्नुपर्दैन । साहू सानो स्वरमा तर निकै कड्केर भन्छ। ऊ झन् डराउँछ। दिसा गर्न जान्छु भन्ने आँट हराउँछ र ऊ पुनः फटाफट काम गर्न थाल्छ। चुहुनचुहुन थालेको दिसालाई अँठ्याएर राख्न खोज्छ। यद्यपि सारै गारो पर्छ। ऊ त्यही गारो सहने क्रममा हात रोकेर गल्लीतर्फ हेर्छ।

ऊ गल्लीमा स्कुले ड्रेस लगाएका एक हूल केटाकेटी देख्छ, सब उसकै उमेरका। उमेरैमात्र समान छ। अरू सब, सब फरक छ। ऊ आफ्नो भविष्य अन्धकारमय देख्छ। आधारहीन देख्छ। जाँगर मर्छ। उसका सारा आशा, उत्साह र उमङ्ग हट्छन् सायद। ऊ आफूलाई निनान्त शिथिल-शिथिल अनुभव गर्छ।

मूल सडकमा गएर मिल्ने सानो, साँगुरो गल्लीमा ठूलो घरसँगै जोडिएको जस्ता पाताले छाएको सानो छाप्राभित्र मम पसल छ। पसल सानो र फोहोर नै भए तापनि पायक पर्ने ठाउँमा भएकाले ठूलाठालुसमेत मम खान पस्छन्। कोही पोलिथिनको झोला, थर्मस, टिफिन क्यारियर, लन्चवक्स लिएर आउँछन् र तातातातो वाफिलो मम लिएर त्यत्तै दगुर्छन्, जताबाट तिनीहरू आएका हुन्छन्।

मम कोही फर्मायसका लागि खान्छन्। कोही खाजाका लागि खान्छन्। दिनभर काम गरेर बेलुका एक प्लेट मम र एक मग पानी धोकेर सुत्ने पनि छन्। दिनभर तीनतिर पढेर साँझको छाक ममका भर पर्ने फुकीढल पढैया पनि छन्।...अरूका लागि जेसुकै भए तापनि उसका लागि मम नै एकमात्र खाद्य भएको छ। अड्कलेको मम खाएर बाँच्दै आएको धेरै भइसकेको छ। भातको मुख नदेखेको धेरै भएको छ। मम नै उसको जीवनाधार भएको छ। मम नै उसको काम र माम भएको छ र सबथोक भएको छ। साहूले ममबाहेक अरू केही दिन्न। दिए "बोसो लागेर हिँड्छन्" रे ! हो पनि। त्यत्रो काम गरेबापत उसले अरू धेरै पाउनुपर्ने हो। धेरै के, महिनाको सयपचासै पाएको भए पनि ऊ कहिल्यै हिँडिसकेको हुन्थ्यो। तर अब कसरी हिँड्नसक्छ र ऊ ? खाने के र बस्ने कहाँ ? प्रश्न उसका लागि जटिल छ। उत्तरै भेटाउन्न। भए पो भेटाओस्। बाँच्ने बाटोको खोजीमा सहर पसेको धेरै भइसक्यो। बाटो पाइएको हो वा होइन ? उसले बुझ्न सकेको छैन। मानौं, बाँच्ने बाटो नै अबोध्य छ।

ऊ दिनभर काठमाडौंको कठ्याङ्ग्रिने जाडोमा छिँडीमा भाँडा माज्छ र रातमा दुईचार घन्टा दिनभर पानीले ढाडिएको टेबुलमा सुत्छ। भाँडा माज्दामाज्दा हात छियाछिया भइसकेका छन्। जति साबुन लगाए पनि सफा हुन्न। खुट्टाको अवस्था त्यसभन्दा फरक छैन। चप्पल छैनन्। खोज्ने कुरा पनि आएन। पैतालामा खाल्टैखाल्टा परेका छन्। दिनहुँ मुख धोए पनि टाउको र जीउमा पानी नहालेको घर छाडेको भन्दा धेरै भयो। घरैमा पनि ऊ कहिलेकाहीं मात्र नुहाउँथ्यो। चायाँ, लिखा, जुम्रा र मयलले गर्दा कपालको कालोपना समेत समाप्त भएको छ। काइँयो पनि छैन र जाँगर पनि अब त। अब लट्टा परेको छ कपालमा। लट्टा फोर्नुलाई ऊ काम मान्दैन, किनभने त्यस कामले

खान दिन्न । मम नै किन नहोस् ।

मम खाएका जुठा प्लेट माज्दामाज्दै दिसाले चापेर अचाक्ली नै हुन्छ । खपी नसक्नु हुन्छ । मान्छे मम खाइरहेका छन् । प्लेट भरिँदै छन् । प्लेट रित्तिँदै छन् । प्लेट जुठयाइँदै छन् र माजिँदै छन् । साहू प्लेटमा मम राख्न व्यस्त छ । अरू मम बनाउन तल्लीन छन् । काम अपार छ । सकेर दिसा गर्न जान सम्भव देख्दैन ऊ । माज्ने काम सके बनाउन जा । बनाउने काम सकिए वा प्लेट बढी थुप्रिए माज्न जा । घरि टेबल पुछ । घरि पानी ले । घरि ... । अनि, अनि त्यसैले ऊ मुख फोर्छ साहूजी, दिसाले मार्‍यो चाप्यो, एकफेर दिसा फेरेर आउँछु र काम गर्छु ।

चइयाम्म ! साहूको भाषा यस्तै हुनुपर्छ सायद । 'कस्तो काठा रहेछ । यत्राले नान्नानो ममचा खाइरहेका बेलामा हग्ने कुरा गर्छ । भुत्रो हेर्छस् । अहिले अरू होइन, काम गर ।.. '

साहूलाई काम चाहिन्छ । सायद त्यसैले स्वर कडा हुन्छ । अकाट्य हुन्छ स्वर । उसले यससँग कहिल्यै प्रतिवाद गरेको छैन । त्यो उसको भागमा परेको छैन । अहिले पनि प्रतिवाद गर्न सक्दैन ऊ । गर्दैन । साहू रिसायो भने ? ऊ पेट थिच्दै खुरुक्क भाँडा माज्न थाल्छ । बस्दासाथ, फेरि पित्रिक्क चुहिएलाझैं भइहाल्छ । पेट कटकट काटिहाल्छ र चुहिहाल्छ अलिअलि त कट्टूमै ।

ऊ जुरुक्क उठ्छ, विद्रोह गर्न उठेझैं । साहू स्टोभमा दम दिँदै छ । बनाउनेहरू बनाउन व्यस्त छन् । खानेहरू खान व्यस्त छन् । ममबाट बाफ फुटिरहेछ लगातार । उसलाई दिसाले चापिरहेछ एकोतार । ऊ भाँडा माज्ने व्यस्तता छाडेर यताउति हेर्छ । सबैलाई आ-आफ्नो काममा अल्झेको पाउँछ र ऊ सुरुक्क गल्लीतिर लम्किन्छ । साहूका आँखाले उसको दिसाले चापेको पृष्ठभाग देख्छन् र साहू अर्को केटालाई उसलाई समात्न अराउँछ- भाग्या'जस्तो छ, काठा । समात्-समात् !... ऊ दगुर्छ । एकदम दगुर्छ, दिसा चुहाउँदै । हुललाई चिर्दै दगुर्दा मानिसहरू चोर-चोर भनेर कराउन थाल्छन् । एउटा निडर व्यक्ति उसलाई समात्छ र दुईचार थप्पड हिर्काएर बहादुरी देखाउँछ । यतिखेर ऊ तुरुक्क मुत्छ र दिसा पनि पितितित्त निक्लिहाल्छ । अडिँदै अडिन्न र अडिनु जरुरी पनि ठान्दैन ऊ । पूरै छाडिदिन्छ । जाडाको दिन भए तापनि उसका जीउमा पातलो कमिज छ । जडाउरी होला कसैको र अर्को पातलो कट्टु छ बाहिरबाटै दिसा लतपतिएको उसको चाक छर्लङ्ग देखिन्छ । कट्टूमात्र होइन, दिसा पनि पातलो छ क्यार ! महिनावारी भएकी महिलाका झैं साँप्राबाट धारा लाग्न थाल्छ तुरुन्त । उसलाई त्यस्तै अनुभव हुन्छ । अरूले त्यो प्रत्यक्ष देख्छन् । उसका वरिपरि गाँडाघेर लगाएका मान्छेहरू परपर सर्न थाल्छन्, अश्रुग्यासदेखि भागेझैं । सायद दिसाजस्तो फोहोर वस्तुदेखि उनीहरू टाढा छन् । दिसा द्वारबाहिर भएको र मान्छे पनि परपर भएकाले ऊ अलिक होलो महसुस गर्छ । एकैछिनमा छ्याङ्ग हुन्छ र पानी पर्दाको भोलिपल्ट बिहानको हिउँदको दिनझैं ऊ

अब छर्लङ्ग देख्न थाल्छ संसारलाई । अगि बहादुरी देखाउने मान्छेको अनुहार चाउरिन्छ फुटेको बेलुनझैं ।

पेट खाली भएकाले खुलुल्ल गर्छ । पसिना ओभाउँछन् । टुकटुक जाडो हुनथाल्छ र उसलाई तात्तातो ममको सम्झना आउँछ । यद्यपि उसले भनेको बेलामा उसले मम खान पाएको अहिलेसम्म थाहा छैन । ऊ आफूलाई चिन्न खोज्छ र साहू र मान्छेलाई पनि । ऊ बुझ्छ । अर्को विकल्प छैन । केही छैन । कोही छैन । घर फर्कनुको पनि कुनै अर्थ छैन । सडक र गल्लीमा सिल्लीझैं जे पायो त्यही खाँदै हिंड्दै गरेका बेलामा साहूले उसलाई ल्याएर काम दिएको थियो । माम वा सोसरहको मम दिएको थियो । दिएकै छ । त्यो उसलाई थाहा छ । साहूलाई पनि थाहा छ । उसले पखालेका प्लेटमै खान घिन मान्ने कति ग्राहकलाई थाहा छ । अब पो ऊ 'मान्छे' भयो ।

मान्छेको हुल पर्रै उभिएर उसमाथि टीकाटिप्पणी गर्न थाल्छ चोर हो चोर सिल्ली हो बहुला हो अं, जडभरत होला जस्तो छ सिद्ध हो मम पसलेको नोकर हो ।... मानौं ऊ यी सब टीकाटिप्पणीदेखि अलग्ग छ । निर्विकार छ । त्यस्ता टीकाटिप्पणीले उसका अनुहारमा परिवर्तनका कुनै नौला रेखा कोरिन्नन् । मानौं एउटा युद्ध जितेको छ उसले । सन्तुष्ट छ ऊ । युद्ध जित्दा पनि टीकाटिप्पणी र युद्ध हार्दा पनि टीकाटिप्पणी । विजयको झन्डाझैं चाकमा लतपतिएको गुहुसहित ऊ फरक्क फर्केर त्यतै दौडिन्छ जताबाट ऊ आएको थियो । हेर्दाहेर्दै ऊ बेपत्ता हुन्छ । हुल दङ्ग पर्छ । चोरचोर भन्दै कोही पनि पछि लाग्दैन अब । मानौं बहादुर कोही छैन अब । उसलाई समात्न आएको केटो एकछिनपछिमात्र बाटामा भेटिन्छ ।

**मातृभूमि, २०४६, पुस**

❖

# शङ्कास्पद व्यक्ति

नरदेवी र इटुम्बहालवरिपरि उसलाई नचिन्ने कोही थिएन । मैलोमैलो दौरासुरुवाल लगाएको माथिबाट पटुका बाँधेको र अलिक कुप्रो परेर हिंड्ने व्यक्तिलाई त्यो राममान नै हो भनेर टोलछिमेकका जोकोहीले पनि चिन्न सक्थे । भादगाउँले टोपी उसको अर्को पहिचान थियो । अठसट्ठी वर्षको भइसक्यो र पनि टोलछिमेकका देवी-देवताको दर्शन गर्न छाडेको थिएन । अझै पनि दिनहुँ हिंडेरै पशुपति पुगेर आउँथ्यो । दिनभर लगाएर होइन, छ बज्दा उसले यति काम सकेको हुनुपर्थ्यो, किनभने ऊ रेडियो नेपालको धार्मिक कार्यक्रम पनि बडो चाख मानेर सुन्थ्यो । लगत्तै जस्तो समाचार आउने हुनाले त्यो पनि सुनेर नै उठ्थ्यो र अन्य कामधन्धामा लाग्थ्यो । समाचार उसको मूल रुचिको विषय थिएन, तर सुन्दै जाँदा अब त्यो पनि उसलाई नसुनी नहुने भइसकेको थियो ।

आज उसले समाचार सुन्नुअघि काठमाडौं उपत्यकाका नगर पञ्चायतहरूको अपिल सुन्यो । भारत-नेपाल व्यापार तथा पारवाहनसम्बन्धी सन्धिहरू समाप्त भएका थिए । नयाँ सन्धि भइसकेका थिएनन् । नुन, तेल, औषधि आदि अत्यावश्यक वस्तुहरूको हाहाकार मच्चिइसकेको थियो । उद्योग, व्यापार र विकासकार्य प्रायः ठप्प थिए । यातायात थियो भन्नका लागि थियो । विश्वविद्यालयहरू बन्द भइसकेका थिए । कतिपय स्कुलहरू पनि अनिश्चित कालका लागि बन्द गरिएका थिए । विस्तारै खाद्यान्नको समेत अभाव हुँदै गइरहेको थियो । भारत र नेपाल सरकारका विरोधमा विभिन्न जुलुस, प्रदर्शन, नाराबाजी, पर्चाबाजी आदि क्रियाकलाप सुरु भएका थिए र सरकारको त्यस्ता 'अवाञ्छित कार्य'माथि निषेधाज्ञा लागू गरिसकेको थियो । फेरि पनि कुनै न कुनै रूपमा अवाञ्छित गतिविधि बढ्नसक्ने सम्भावनाबाट सरकार त्रस्त थियो । नगरपञ्चायतहरू त्रस्त थिए । त्यसैले सर्वसाधारण जनतालाई सचेत र सजग हुन अनुरोध गर्नुका साथै विभिन्न कुरामा अपिल गरिएको थियो । अपिलमा उल्लेख गरिएको पहिलो बुँदा थियो, "आफ्ना टोलछिमेकमा अनावश्यक रूपमा घुमफिर गर्ने शङ्कास्पद  व्यक्ति देखिएमा नजिकको प्रहरी चौकीमा खबर गरिदिने ।" पहिलो बुँदामै राममान घोरियो, खुब घोरियो । सात सालको क्रान्ति उसले आफ्नै आँखाले देखेको थियो । 'बल-बल'को आतङ्कले उसको कलिलो हृदयमा

नराम्रो असर परेको थियो । विभिन्न किसिमका हल्ला फिंजाइएका थिए । पञ्चायत आएपछि बल्ल राममानको मन ढुक्क भएको थियो । अब चाहिं काङ्ग्रेसीहरूले केही लछारपाटो लाउन सक्दैनन् भन्ने उसको विचार बनेको थियो । छत्तीस सालमा पनि राममान डराएको थियो, पञ्चायत अग्निपरीक्षामा खरो भएर निस्क्यो भन्ने उसको पनि विचार थियो र बयालीस सालको बमले उसको मुटु थर्काएको थियो अनि अब छयालीस साल सङ्घारमै उभिएको थियो ।

अपिल सुनेर उसको हृदय ढक्क फुल्यो । ढुकढुकी बढेको अनुभव गऱ्यो । ऊ पनि सर्वसाधारण नै थियो र पञ्चायतको शुभचिन्तक । उसको कसैसित मनभेद थियो भने यसै विषयलाई लिएर थियो । उच्च पदमा बसेका व्यक्तिहरूले भनेझैं ऊ पनि पञ्चायतमा जस्तो प्रजातन्त्र संसारभर छैन भन्ने ठिपी गर्थ्यो । ऊ तर्क गर्न जान्दैनथ्यो र भन्थ्यो, "यो प्रधानमन्त्रीले भनेको कुरा हो । कसैले नाइँ भन्न सक्छ ?" उसले बुझेको यत्ति थियो । काङ्ग्रेसी आए नेपाल भारत हुन्छ र कम्युनिस्ट आए आफ्नो धनसम्पत्ति भन्न र धर्मकर्म गर्न पाइन्न भन्ने उसको अवधारणा थियो र बलियो धारणा थियो । नेपाल भारत नै भए पनि उसलाई खास चिन्ता थिएन । उसको मूल चिन्ता कम्युनिस्ट आउँछ र धर्मकर्म गर्न पाइन्न कि भन्ने थियो ।

समाचार सुन्दासुन्दै राममान बुइँगलबाट अनायास तल सडकतिर हेर्न थाल्यो र गौर गरेर हेर्न थाल्यो । थरीथरीका मान्छे आइगइरहेका थिए, गइरहेका थिए । एकाएक उसले इटुम्बहालबाट फुत्त निक्लँदै गरेको एउटा तन्नेरी देख्यो । त्यो सफासुग्घर थियो । दारी खौरेको थिएन, पालेको थियो र छोटो पारेर काटेको थियो । कपाल पनि काटेको या छाँटेको थियो र मिलाएर कोरेको पनि थियो । जुत्ता टल्काएर लगाएको थियो । होचोहोचो कदको पुड्को थियो । ... हेर्दाहेर्दै त्यो मान्छे मोडबाट मोडियो र आँखाबाट ओझेल भयो । उसलाई त्यसमाथि शङ्का लागिहाल्यो । राममानले थाहा पाएसम्म त्यस टोलतिर कम्युनिस्टहरूको जगजगी थियो र उसले सुनेको थियो, कम्युनिस्टहरू सफासुग्घर हुन्छन्, त्यत्तिकै कर्मनिष्ठ पनि । उसले अहिले भरखर मोड काटेको मान्छेका बारेमा गौर गऱ्यो र उसलाई लाग्यो, त्यो पनि फुर्तिलो थियो, फुर्तिलो देखिन्थ्यो र देख्दा कामठग होला जस्तो पनि थिएन । ... जेहोस्, आज त त्यो त्यहाँबाट उम्किसकेकै थियो ।

अब राममान कुनै ड्युटी गरेर बसेझैं बुइँगलमा बसेर सडकतिर हेरिरहन थाल्यो । अपिल गलत थिएन । उसले पटकपटक सुन्यो । अठसठ्ठी वर्षको उमेर भयो र पनि उसका आँखा, कान, दाँत कुनै ठिटाका भन्दा कम थिएनन् । अपिल सत्य थियो । दिनभर त्यस सडकबाट विभिन्न प्रकारका व्यक्ति आए, गए । तिनलाई पनि राममानले देख्यो, तर उसको मनचाहिं त्यसै व्यक्तिमाथि केन्द्रित थियो ।

भोलिपल्ट पनि त्यो व्यक्ति त्यतिखेरै, त्यहीँबाट निक्लेर त्यतैतिर लाग्यो । हिजो

त्यसका हातमा ब्रिफकेस थिएन, आज थियो । राममानले सोच्यो, "पक्का त्यसमा पर्चा होला या त्यस्तै कुनै किताब या वस्तु । रामायण, गीता त अवश्य छैन होला ।"

चैत्र महिनाको अन्तिम हप्ता थियो । गर्मी बढिसकेको थियो, तर घरमा पंखा थिएन । काठमाडौंका सर्वसाधारणका घरमा पंखा हुने कुरा पनि आएन । त्यसैले राममान रातको खाना खाइसकेर बुईगलमा गयो र हुक्का गुड्गुडाउन थाल्यो । गर्मीका दिनमा उसका लागि बैठक र सुत्ने कोठा बुईगल नै थियो, जहाँबाट सामुन्नेको सडक प्रस्ट देखिन्थ्यो ।

तमाखु प्रायः निखिसकेको थियो र उसलाई उङ लागिसकेको थियो । फेरि पनि ऊ पल्टेको थिएन । पल्टने सुरमा चाहिं पक्कै थियो । उसले अकस्मात् देख्यो- एउटा मान्छे ब्रिफकेस हातमा झुन्ड्याएर उसकै घरतर्फ आइरहेछ । अलि नजिक आइपुगेपछि उसले प्रस्ट चिन्यो । त्यो त्यही शङ्कास्पद व्यक्ति थियो । तर त्यो त त्यतै बहालतिर पस्नुपर्ने । यता किन आइरहेछ ? कतै !? ऊ झन् सशङ्कित भयो । उसको उङ पूर्णतः बिलायो । ऊ चङ्ख भयो र उठेर झ्यालको डन्डी समातेर टाउको अलिक निहुराएर मुन्तिर हेर्न थाल्यो । उसको घरको तल्लो तलामा तीनवटा सटर थिए र एउटा सानो सटरमा खिसीमिसी पसल थियो । त्यो मान्छे त्यसै पसलमा पस्यो । पसले बाङ्गाटिङ्गा कुरा गर्ने खालको थियो । इटुम्बहालमा भाषण हुनथाल्यो भने पसल छाडेर भए पनि दौडिन्थ्यो । राममानले सोच्यो, "पक्का केही छ । त्यो त्यहाँ अवश्य पर्चासर्चा बाँड्न आएको होला !" त्यो मान्छे तुरुन्तै चुरोटको धुवाँ पुत्ताउँदै बाहिर निस्क्यो र हेर्दाहेर्दै इटुम्बहालतिर लाग्यो ।

"चुरोट खाने निहु बनाउँदै पर्चा बाँड्दै ! त्यस्सिमा कमनिस्ट ! भोलि थाहा पाउलास् ।" राममान आफैंमा भुतभुतायो र पल्ट्यो, तर अबेलासम्म ऊ निदाउन सकेन ।

राममान बिहान सबेरै उठ्यो र ओछ्यानमा टुक्रुक्क बस्यो । बेलुकाको भन्दा वातावरण धेरै नै चिसो थियो । उसले विचार गर्‍यो, "बहुदल...आयो भने धर्मकर्म गर्न पनि पाइने हो कि होइन ! यस्ता सुकुलगुन्डाहरूले देश बिगार्न लागिरहेछन् । यस्तो बेलामा ...! पशुपतिनाथसँग भोलि क्षमा मागौंला बरु....।"

ऊ ओछ्यानबाट जुरुक्क उठ्यो । पञ्चस्नान गर्‍यो । हतारहतार गर्दै टोलछिमेकका देवीदेवताको दर्शन गर्‍यो र बिट फर्केको मखिबुट्टे भादगाउँले टोपी लगाएर घरमा कसैलाई केही नभनी सुरुक्क हिंड्यो । आज ऊ पशुपति पनि गएन र धार्मिक कार्यक्रम सुन्न पनि बसेन । उसले आफ्नो त्यो नित्यक्रियालाई पनि छाडिदियो ।

इटुम्बहालमा पस्ने ठाउँनेर पुगेर ऊ टक्क अडियो र निन्याएर बहालभित्र हेर्‍यो । "कुनचाहिं घरमा बस्या होला ?" ऊ एकछिन घोरियो अनि "आ, इटुम्बाहाल भनेपछि

पुलिसले पत्ता लाइहाल्छ नि !" भन्दै फटाफट अगाडि बढ्यो । मानौं, उसलाई कुनै मुहुर्त छोप्न ढिला भइरहेको थियो ।

प्रहरी चौकीमा पुगेर उसले भन्यो, "इटुम्बहालतिर एउटा मान्छे घुमिरहन्छ, अनावश्यक रूपमा । त्यसको चालढाल ठीक होला जस्तो लाग्दैन । देख्दा त्यस्तै कमनिस्ट या काङ्ग्रेसीजस्तो छ । अचेल सात बजेतिर सधैं त्यो बाहिर निक्लन्छ । सानसानो सुटकेस हातमा झुन्ड्याएको हुन्छ । पर्चासर्चा बाँड्दै हिँड्छ कि जस्तो लाग्छ मलाई । चुरोटसुरोट किन्ने निहुँले पसलपसल चाहार्छ....।"

"हं, पर्चा ! कमनिस्ट !? ....... तपाइंको घर कहाँ नि ?"

"बस, त्यही इटुम्बहालबाहिर सडककंठ्उमै ।"

"नाम ?"

"राममान महर्जन ।"

"तपाईंले आफै देखेको कि !"

"यही, यही आँखाले देखेको ! मरिजाम ।"

"ठीक छ । तपाई मसँगै हिँड्नुहोस् ।"

इन्स्पेक्टर साहेब टोपी मिलाउँदै जुरुक्क उठे । पाँचजना प्रहरी जवान साथमा लिएर उनी आफैंले जिप हाँकेर हिंडे ।

जिप घचक्क अडियो । सबै उत्रे । राममान पनि ओर्ल्यो ।

"कुन घर हो !" राममानतिर हेरेर इन्पेक्टर साहेबले सोधे ।

"यही घर हो भन्ने त थाहा भएन । जे होस् बहालभित्रैबाट निक्लने गर्छ ।"

इन्स्पेक्टर अघिअघि र अरू पछिपछि बहालभित्र पसे । पस्नेवित्तिकै उनले आफ्नो चिरपरिचित व्यक्तिलाई भेटे ।

"ओहो प्रधानपञ्चज्यू, तपाई यहाँ ? के छ ? गाउँघरतिर सबै सन्चै ? ...दारी बढाइएछ ।"

"आरामै इन्स्पेक्टर साहेब । वक्तव्य प्रसारण होओस् अनि गाउँ फर्कौंला भनेको खै ! रासस र रेडियोमा धाइरहेछु । अझै प्रसारण भएको होइन । ....अनि आफू एकाबिहानै कता नि ! कतै छापा मार्न हिंडेको त होइन ?"

"कहाँ हुनु ? रातदिन सुख पाउनु छैन । पुलिसको जात परियो । झन् अहिले त ! ....यहाँ एउटा शङ्कास्पद व्यक्तिलाई पक्राउ गर्न आएको । घर तलास गर्दै छु ।....तपाईंका दिदी-भिनाजुलाई पो थाहा थियो कि ?"

"खै ! माथि नै गएर सोधे पनि भयो । म त हिंड्न आँटेको ।"

अनि इन्स्पेक्टर साहेबले राममानतिर फर्केर भने, "खै कता होला त्यो मान्छे ?"

राममानले बडो अनकनाउँदै भन्यो, "साहेब, साहेब, उहाँ-उहाँ नै हो मैले भनेको त्यो मान्छे ।"

त्यो मान्छे, प्रधानपञ्च अलमल्ल पऱ्यो ।

"पागल त भएको छैनस्, बूढा !" इन्स्पेक्टर साहेबले राममानका गालामा एक चड्कन दिए । ऊ ढलमलाएर लड्नबाट बच्यो, तर उसको भादगाउँले टोपी उछिट्टिएर दुई हात पर पुग्यो ।

"इन्स्पेक्टर साहेब, मलाई यो के यो के गरेको ? मैले त झन् शङ्का लागेको मान्छे तपाईंलाई बताइदिएँ । नत्र मेरो त के र !" राममानले लटपटाएर बोल्यो र ओठ चाट्यो ।

"उहाँ प्रधानपञ्च हुनुहुन्छ भन्ने पनि थाहा छैन ? यत्रो प्रतिष्ठित व्यक्ति ! गोदबा पाइसक्नुभएको मान्छे । कहींका दुच्छर ।" इन्स्पेक्टर साहेबले राममानको शिरपाउ हेरे र भने, "कहीं तँ नै पार्टीको मान्छे त होइनस् ? कम्युनिस्ट !" अनि उनले प्रहरीलाई अगाडि भने, "खड्के यसलाई जिपमा कोच त । यसमाथि पो शङ्का लागिरहेछ, बरु ।"

आदेशबमोजिम प्रहरीले राममानलाई जिपमा हाले । त्यो मान्छे, प्रधानपञ्च अगाडि सिटमा बस्यो । जिपमा रेडियो खुलै थियो र नेपाल लागेको थियो । सात बज्नबज्न आँटेको थियो र रेडियो नेपालले नगर पञ्चायतहरूको अपिल प्रसारण गर्दै थियो, "आफ्नो टोलछिमेकमा.....शङ्कास्पद व्यक्ति.....।" र राममान बूढो केटाकेटीझैं रोइरहेको थियो ।

**युगज्योति**, २०४६, असोज

❖

# भोकयुद्ध

भोकले उसको पेटमा भुत्ती खेलेको खेल्यै छ। ठिङ्ग उभिन पनि सकेको छैन। उभिइहाले सब तोरीफुला देखिन्छ। पानीबाहेक केही परेको छैन पेटमा कति दिनदेखि।

ऊ रक्स्याहाझैं लडखडाउँदै बेसुरमै एउटा पुरानो मन्दिरको प्राङ्गणमा पुग्छ। कुनै धार्मिक सज्जन चना-मकै परेवा र बाँदरका लागि छर्दै छ। त्यो देखेर कति दिनदेखि सुकेको उसको मुखमा ऱ्याल आउँछ।

बोली नफुटे पनि ऊ त्यो सज्जनका अगाडि गएर हात पसार्छ। सज्जन हप्काउँछ- हट सिल्ली, पाजी कहाँको। ऊ प्रतिवाद गर्दैन। सायद अधिकार छैन। एकछिन उभिन्छ र हानिदै बाँदर र परेवाका बथानमा मिसिन्छ। परेवाको एउटा समूह उड्छ। फेरि त्यहीं आएर बस्छ र चारा टिप्न थाल्छ। बाँदर ख्याकख्याक खुकखुक गर्न थाल्छन् उसलाई हेरेर। ऊ कत्ति तर्सिन्न। आफ्नै पूर्वज त हुन् नि! यसको बोध छ सायद। ऊ भकाभक मकै, चना, परेवाको बिस्टा जे पायो त्यो सोहोरेर मुखमा हाल्न थाल्छ। आत्तिदै चपाउँछ। धार्मिकहरूको हुल बाक्लो हुन्छ। चना-मकै छर्ने सज्जन चर्को स्वरले कराउँछ, चिच्याउँछ- भाग खोसियो। के भएको यो? के जमाना आएको यो? ठोकठोक सिल्लीलाई। ... ... शिव! शिव!!

परेवा र बाँदरका दानाको सुरक्षा छ क्यार! मान्छेको नभए पनि। तुरुन्त दुईतीनजना पुग्छन्, त्यहाँ। ऊ भएनेर। ठोक्छन् र घोक्रेसुत्ती लगाएर मन्दिरको आँगनबाट निकाल्छन्। ऊ प्रतिवाद गर्दैन। सायद अपराध ठहर्छ। के गर्नुपर्छ? जान्दैन। जानेको भए यस्तो हुने थिएन सायद! जसरी निकालियो त्यसरी नै निर्विकल्प भएर ऊ निक्लिन्छ।

सुरै छैन क्यार! बेसुरमै लडखडाउँदै सडकको वल्लो छेउ र पल्लो छेउ नाप्न थाल्छ अनायास। रफ्तारमा दगुर्ने सवारीबाट ऊ बच्न खोज्दैन। तिनलाई छल्न खोज्दैन। भोकले निडर तुल्याएको छ सायद उसलाई! तापनि छलिन्छ अनायास अथवा सवारी नै उसलाई बचाउँदै-छल्दै रफ्तारमा दगुर्छन् यताउता। कोही मलाई भन्ने होइन केही जरिवाना तिर्नुपर्ला भन्ने डर छ सायद! त्यही नै हो।

गाई उग्राइरहेको छ बीच सडकमै। एउटा मान्छे झोलाबाट दुईतीनवटा केरा झिक्छ र भुत्ल्याएर गौमाताका मुखमा ख्वाउँछ। मुख हँसिलो पार्छ। गाई कुन स्तरको

हो कुन्नि ? बोका खान्न । सुँघेर 'फु !' गर्छ । बोका फाल्छ र त्यो मान्छे स्वर्गमा सिट रिजर्भ भएको विश्वास बकुल्दै अगाडि बढ्छ । ऊ त्यो फालिएको बोकामा आँखा गाडिरहन्छ र त्यता बढ्न थाल्छ । बोका देखेर सुर चढ्छ सायद । दुईवाट केटाहरू दगुर्दै आउँछन् र केराको बोकामा चिप्लिएर एउटा लड्छ । अर्कोचाहिँ खित्का छाड्छ । ऊ भुईमा लेप्सिएको बोका टिपेर खान्छ र अलिक सचेत भएर सडकछेउमा पुग्छ ।

ठुस्स बसेर मुत्छ । मुतेर उठ्दा सबै पहेंलो देखिन्न । पहेंलो पहेंलै देखिन्छ र हरियो हरियै देखिन्छ । बाँच्न खानुपर्दो रहेछ । त्यो बोध फेरि भयो । पहिलेपहिले पनि खाएपछि यस्तो बोध हुन्थ्यो । खानैपर्ने रहेछ बोध हुनलाई पनि । तर के, कहाँ, कसरी......???

कसरी ? त्योचाहिँ बुझ्न सकेको छैन ।

भोकको बोध छ । अनुभव छ ।

समस्याको बोध छ । समाधानको बोध छैन ।

भोक बोझ भएको छ कि जीवन ? त्यो पनि अबोध्य छ ।

मूल सडकबाट ऊ गल्लीतिर सोझिन्छ, आनायास । हिंड्नु छ । जता हिंडे पनि हुन्छ । लक्ष्य छैन स्थानको । सके जति हिंडे पनि हुन्छ । समयको सीमा छैन, उसलाई । गल्लीमा अरू पनि थरमराउँदै हिंडेका छन्, थुप्रै । फरक धेरै छैन । शरीरमा अत्तरको सुगन्ध भए पनि अरूका मुखबाट दिउँसै रक्सीको दुर्गन्ध आउँछ, ह्वास्स । उसका मुखबाट भोकको गन्ध आउँछ । त्यो गन्ध मेटाउन गल्लीमा केराका अरू बोका आँखामा पर्दैनन्, उसका । सबै गाई समान हुन्नन्, मान्छेजस्तै । कागत पनि राख्दैनन्, कोही त । केरासेराका बोका नभेटिए मोहोर-सुकी त फेला पर्नुपर्ने हो । कति बलिया छन् गोजीहरू !

बोकाले काम गर्न छाडेको छ । फेरि पहेंलै देखिन थालेको छ संसार । पानीको तुर्को मुखमा पारेर ऊ फेरि अगाडि बढ्छ युद्धको योद्धाझैं । युद्ध हारेको छैन उसले सायद । हार्न जानेको पनि छ कि छैन कुन्नि ? जित्न सक्छ कि सक्दैन कुन्नि ?

ठूला मुलुकमा युद्धभोक चर्को छ ।

साना मुलुकमा भोकयुद्ध चर्को छ ।

ऊ पनि एउटा युद्ध लड्दै छ । लड्नै पर्ने अनिवार्य युद्ध ।

कहाँ ? कहिलेदेखि ? र कस्तो ?

उत्तर स्पष्ट छ- साना मुलुकमा अनिवार्य युद्ध । तर कहिलेदेखि त्योचाहिँ भन्न सकिन्न । अनन्तकालदेखि भन्दा फरक पर्छ कि पर्दैन कुन्नि ?

थरमराएका गोडाले गल्ली नाप्दा ऊ विजयको झन्डा देख्छ । मानौं पहाडै देख्छ । त्यहाँ पुगेपछि कम्तीमा पनि हप्ता दिन जीवन हार्न नपर्ला । ऊ पैताला घिसार्छ । झन् घिसार्दै जान्छ, निर्जीवझैं भएका पैताला ।

अग्लो घरको माथिल्लो तलाबाट कागतका प्लेट र पातका दुनाटपरी तल खसालिंदै छन् लगातार । भोज छ सायद । ती खाली छैनन् । यद्यपि भरी पनि छैनन् । तल

रछ्यानमा डङ्गुर लागेको छ । खाताखात छ । ऊ पुग्छ त्यहाँ हानिएर । तर ऊ एक्लै छैन । सहरभरिका कुकुर र काग जम्मा भएका छन् क्यार ! भोक शाश्वत छ । हिजो, आज र भोलि । सबैमा छ । काग, कुकुर र मान्छे सबमा छ । व्यापक छ । एसिया, युरोप, अमेरिका, अफ्रिका । नेपाल र इथोपियामा पनि छ । ... ...काग, कुकुर सब व्यस्त छन् खानमा । काँकाँ र ड्यारंडुरंको स्वरले बातावरण कोलाहलमय छ । युद्धमय छ । उधिन्दै खदि रमाउँदै छन्, काग पनि कुकुर पनि । छेउमा उभिएर ऊ सोच्छ । अधिकार छ ? छैन ? छैन । छ । घोक्रेसुत्ती लगाएर लखेटिनुको सन्त्रासले ऊ आतङ्कित छ । यसो चारैतिर हेर्छ । तर रछ्यानतिर मान्छेको ध्यान छैन । घरभित्र मान्छे गइरहेछन् । घरबाट मान्छे बाहिर गइरहेछन् । मोटर, मोटरसाइकलको ट्वाँट्वाँटिँटिँ पनि छ । बस, ध्यान छैन ।

ऊ अलिक हलुको मन लिएर रछ्यानमा एक्कासि भ्याम्म फाल हाल्छ । निश्चल पोखरीमा बम फालेझैं हुन्छ । काँकाँको कोकोहोलो मच्चाउँदै कागको बथान उड्छ र फन्का मार्न थाल्छ । कुकुरहरू ड्यारड्यार-डुरडुरको नगरा बजाउन थाल्छन् चर्को स्वरमा । दाँत पनि डिच्याउँछन् कुनै त । एउटा अर्को युद्धको सुरुआत हुन्छ । फाल हाल्दासाथ ऊ खातबाट पुडी, च्युरा, तरकारी, अचार, मासुका टुक्रा खोज्दै कपाकप मुखमा हाल्छ र हाल्दै जान्छ लगातार । माथिबाट एक खेप फेरि खसालिन्छ र त्यो खेप परिवेश चिर्दै उसकै थाप्लामा पर्छ । अन्यथा सोच्दैन ऊ । सब खप्नुपर्छ युद्धमा कागको बथान फन्का मारिसकेर त्यहीं बस्छ, तर ऊ टपरीसपरीले हानेर उडाइदिन्छ । अधिकार छ सायद । कागको बथान फेरि त्यहीं झम्टिन्छ । ऊ हाहा र हुहु गरेर कागको बथानलाई उडाउन खोज्छ । कागको बथान त उड्छ, तर कागलाई हान्न खोज्दा छेउकै एउटा कुकुरको आँखैमा टपरीले लाग्छ र कुकुरले उसलाई ड्याक्क पारिहाल्छ । कुकुर चुक्दैन । उसको गोडाबाट रगत बग्न थाल्छ । ऊ त्यता रत्तिभर ध्यान दिन्न । युद्ध हो । ध्यान दिनुहुन्न त्यस्ता कुरातिर । तर आइलाग्नेमाथि जाइलाग्नुपर्छ सायद । त्यसैले अहिले ऊ कुकुरको बथानलाई जे पायो त्यसैले हिर्काएर भगाउन खोज्दै छ । अरू कुकुर अलिक पर गएर हाड चपाउन थाल्छन् । घाइते कुकुर जान्न । आँखा हेर्न सकेको छैन सायद । त्यसलाई ऊ झन् हिर्काउँछ- ढुक्कले, जोडले । कमजोरलाई नै हो जसले पनि हेप्ने । जाइलाग्ने दिव्योपदेशको बोध छ सायद । कुकुर उसमाथि झम्टिन्छ । ऊ त गोर्खाली नै ठहऱ्यो । कुकुरलाई समातेर फनफनी घुमाउँछ । कुकुरको जीउभरि लुतो छ सायद । रौं कम छन् । तर उसको रिस बढेको छ कि भोक घटेको छ कुन्नि ? ऊ भीमले जरासन्धको साँप्रा च्यातेझैं कुकुरको पछिल्लो साँप्रो च्यात्छ । एउटा साँप्रो उसको हातमा हुन्छ र ऊ विजयको मुडमा । कुकुरको बाँकी शरीर एकछिनसम्म प्याकप्याका गर्दै छटपटाइरहन्छ र ऊ त्यहीं थचक्क बसेर एउटा साँप्रो लुछ्न थाल्छ । उसका हात, मुख र जीउभरि रगत लतपतिन्छ ।

अरू कुकुर र काग फेरि त्यहीं झुत्ती खेल्न थाल्छन् र ऊ उसैगरी धपाउन थाल्छ । भोकयुद्ध जारी छ । ...

मातृभूमि, २०४६, मङ्सिर ।

❖

# सहिदको रगत

सब बन्दाबन्दी छ र उसको हातमुख जोर्ने काम पनि बन्द छ । दिनभर नाम्लाका भरमा अरूको भारी बोकेपछि बल्ल साँझबिहान मुखमा माड लाग्ने व्यक्ति हो ऊ । उसको कमाइबाट बचत वा सञ्चय हुनसक्दैन । केही सञ्चित हुन्छ नै भने देशका निम्ति भारीले जराजीर्ण भएको उसको शरीर हुन्छ । हुँदै आएको छ अहिलेसम्म । तर अब त त्यो पनि कुन्नि ! यही सोच्छ ऊ ।

जनता आन्दोलनमा सरिक छन् । फागुन सात गतेदेखि नै उपत्यकामा आन्दोलन चर्किन थालेको छ र बजारमा चहालपहल कम हुन थालेको छ । किनबेच घटेको छ । काम कमै पाइन्छ । नाम्लेको काम छैन यतिखेर । ऊ नाम्लो काँधमा लिएर यता र उता हिंड्दै छ लागातार, कामका खोजीमा, तर काम न्याय, सदाचार र स्वतन्त्रता झैं बेपत्ता भएको छ- देशबाट । काम छैन र माम पनि पाएको छैन उसले । भोकले आकुलव्याकुल छ कति दिनदेखि ।

भोक उसको नियति हो सायद ! काम पाउँदाताक पनि ऊ भोकै सुतेको थियो कति दिन ! अरूको भारी बोकेबापत पाएको ज्याला आन्दोलनको सहयोगार्थ दिएर आफू सडकका पेटीमा भोकै भुस्याहा कुकुर झैं गुडुल्किएको थियो ऊ । त्यो चैत्रको पहिलो हप्ताको कुरा थियो । तर छिटफुट काम पनि पाइन छाडेको छ अब त । लगातार भोकै छटपटिनुपर्ने अवस्था आएको छ ।

अरू काम नखोजेको होइन उसले । होटेल, भट्टी र निजी घरका सटर र ढोका चाहादा पनि उसले भोकको ज्वाला साम्य पार्ने उपाय पत्तो लाउन सकेन । यस्तो अवस्था व्यवस्थाले खडा गरेको हो भन्ने उसको ठहर छ । नाम्लाले सम्भव भए व्यवस्थालाई पाता कस्न तयार छ ऊ । पिठ्युँमा बोकेर सम्भव भए घाटमा लगेर खोलामा पल्टाउन तयार छ ऊ । ऊ दिक्दारी महसुस गर्छ ।...... ठूलाबडाका कुकुरले बसीबसी नियमित रूपमा केक, मासु र सेवा पाउँछन्, तर ऊ मानव सन्तति काम गरेर खान पाउन्न । अनि ऊ कामदार गल्ली, सडक र सार्वजनिक ठाउँमा हात पसारेर माग्न थाल्छ ।

हतारो छ मानिसलाई आज । चैत चौबीस गते । मार्गतर्फ ध्यान दिने फुर्सद छैन कसैलाई । हरेक व्यक्ति सतर्क हस्याङफस्याङ दौडिरहेछ यताउति । कानमा खासखुस चलिरहेछ कतै । मान्छे चकित छ । दङ्ग छ । भरङ्ग छ । दौडादौड छ । के काङ्ग्रेस, के कम्युनिस्ट ! कताकताबाट अस्पष्ट सामूहिक आवाज आकाशमा घन्केको छ । ठूलाठूला घरका भित्ताबाट पनि आवाज प्रतिध्वनित छ चारैतिर । उपत्यका आफैमा अरिङ्गालको गोलो बनेको छ । उसलाई पनि एउटा त्यस्तै अरिङ्गाल बन्न मन लाग्छ । ऊ सब बुझ्छ । उसको पनि देश यही हो । उसको मन पनि त्यसरी नै दौडिरहेछ, जसरी अरू दौडिरहेछन्, जसरी कार्यकर्ता र नेतागणको मन दौडेको छ । ऊ जस्तै उसको देश भोको छ, गलित छ, थकित छ, व्यथित छ र आज चकित छ- केही पाउने आशामा र आज दुःखित छ केही गुमाउनुपर्ने विवशतामा । फेरि पनि ऊ सडक, गल्ली र पेटी नाप्न छाड्दैन । तर भोकको ज्वालाले आँखामा पर्दा हाल्छ । संसार संसारजस्तो देख्दैन ऊ ।

श्रमिकले नै देश बनाउँछन् भन्ने उसले सुनेको छ । निरङ्कुश व्यवस्थाको अन्त्य पनि तिनले गर्नुपर्छ । उसलाई थाहा छ- कठ्याङ्ग्रिने जाडो र उखुम गर्मी पनि नभनी मुरीको भारी पिठ्यूँमा लादेर हिँड्ने ऊ र ऊ जस्ता तमाम नेपाली नै नयाँ नेपालका निर्माता हुन् । खाली खुट्टाले भारी बोकेर ऊ कार्पेट ओछ्याएको बैठक कोठामा हिँड्दा पनि गोडामा पाउपोस लगाउनेहरूका लागि चामल, मैदा, पीठो र दालका बोरा तथा रक्सी र बियर पुऱ्याउने गर्छ । नाम्लो नै उसको कमाइ खाने साधन हो र शत्रु मार्ने पासो पनि हो । पाता कस्ने डोरी र हतकडी पनि नाम्लो नै हो ।

लरखराउँदै-धरखराउँदै गल्ली-गल्छेंडो हुँदै अकस्मात् ऊ दरबार मार्ग पुग्छ । सब सुनसान छ । मोटर, कार र अन्य सवारी साधन त अन्त पनि चलेका छैनन् । यहाँ त मानिस पनि छैनन् । ऊ महेन्द्रको सालिकनेर रगतका ठूलाठूला आहाल देख्छ । भरखर कोत पर्व सम्पन्न भएको ऊ ठान्छ । उसका आँखा झन् तिरमिराउँछन् । सुनसान त्यस ठाउँमा महेन्द्रको सालिकमात्र उभिएको देख्छ ऊ, सालिकले नै ढालेको हो त्यत्रा मानिसलाई । थुक्क ! ऊ सालिकतिर फर्केर थुक्छ, तर उसको थुकले सालिक ढल्दैन, किनभने भोकले उसको मुख सुकेको छ र सालिकले छड, सिमेन्ट र पत्थरले जमिनमा जरा गाडेको छ ।

उसलाई रिङटा लाग्छ र रगतको आहालनेर ऊ थुचुक्क बस्छ । यसै हो भने ऊ भोकभोकै मर्नेछ । देशका लागि केही गर्न सक्नेछैन । यत्रा मानिसले देशका लागि बलिदान चढाएछन् । बेला आइसकेछ । उसले पनि केही गर्नैपर्छ । तर कसरी ? ऊ त राम्रोसँग हिँड्न पनि सक्दैन । एकछिन घोरिन्छ र ऊ कुकुरले झैं सडकमा लतपतिएको रगत चाट्न थाल्छ । चाट्छ र खुब चाट्छ । झन्झन् छिटोछिटो चाट्छ । लासका घाउबाट बगेको रगत पनि चाट्छ अनि केही ताकत आएको अनुभव गर्छ । आँखाले स्पष्ट झन् स्पष्ट देख्न थालेको र कानले सुन्न थालेको अनुभव गर्छ ।

पर कर्ने लाखौं मानिसको दिग्दिगन्त आवाज घन्केको ऊ सुन्छ- पञ्चायती व्यवस्था मुर्दाबाद ! तानासाहले ढल्नैपर्छ ! ....चोर देश छोड ! बहुदल जिन्दाबाद ! आदि नाराले उसको मनलाई अङ्कुसे लगाउँछन् । ऊ जुरुक्क उठ्छ र त्यस्तो स्वरमा स्वर मिलाउँदै त्यतै दौडिन्छ जताबाट त्यो आवाज घन्केको छ ।

ऊ महासागरमा एउटा बुँदझैं त्यो बृहत् समूहमा हेलिन चाहन्छ । बल्ल ऊ देख्छ, बीचमा प्रहरी र सशस्त्र सेनाको पर्खाल छ । लुरे, लाम्रे र मगन्तेजस्तो देखेर उसलाई कसैले आन्दोलनकारी ठान्दैन । भनौं, मान्छे नै ठान्दैन । मान्छे जतिलाई तिनीहरूले आन्दोलनकारी नै ठान्न थालिसकेका छन् । धेरै बेरसम्म बहुलाहा ठानेर प्रहरी मौन रहन्छ । नजिकै आउँदासम्म जब ऊ व्यवस्थाविरोधी नारा भट्याइरहन्छ अनि प्रहरी सतर्क हुन थाल्छ । त्यस्ता नारा नभट्याउने आदेश दोहोऱ्याउँछ, तेहऱ्याउँछ । तर वास्तवमा वास्तविक विक्षिप्तझैं ऊ त्यस्ता आदेशलाई टेरपुच्छर लाउन्न । वास्तै गर्दैन । प्रहरीको अस्तित्व नै स्वीकार्दैन । निरन्तर नारा भट्याउँछ- पञ्चायती व्यवस्था मुर्दाबाद ! बहुदल ल्याउँछौं ल्याउँछौं ! ...चोर देश छोड ! ... ऊ यी नारा लगाउँदै नाम्लाको पातालाई प्रहरीका बथानमा फनफनी घुमाउँदै कुनै चक्रवर्ती योद्धाझैं अगि बढिरहन्छ । ...एकजना प्रहरी वाकीटकीमा कुरा गर्छ ।

त्यसैबेला ऊ देख्छ, सडकका पेटीमा हँसिया-हथौडा अङ्कित झन्डा बोकेका दुईजना युवक नारा भट्याउँदै पुलिसलाई च्यालेन्ज दिँदै हिँडेका छन् । पुलिसले बन्दुक तेर्स्याउँछ । तिनीहरू भाग्दैनन् । बन्दुकको आवाज आउँछ, ... धुवाँ वातावरणमा फैलिन्छ । दुवैजना सडकमा पल्टेका छन् र पूर्ववत् नारा गुन्जाइरहेका छन्, "हामी रक्तबीज हौं । हामी देशका लागि रगत बगाइरहेका छौं र तिमीहरू पेटका लागि देशवासीको रगत पिइरहेका छौ । तिमीहरू तानासाहलाई हुर्काइरहेछौ । हामी त्यसलाई ढाल्न चाहन्छौं, ढालेरै छाड्छौं ।" .... गोली लागेर पछारिएका ती युवकलाई प्रहरीहरू बुटले हिर्काउँछन् । बोलिरहेका मुखमा कुल्चन्छन्, ठोक्छन्, थुक्छन् र अर्को प्रहरी आएर सङ्गीनले गोली लागेका ठाउँमा गुन्द्रुक खाँदेझैं घोच्छ । तर ऊ तिनीहरूले ऐय्या भनेको सुन्दैन ।

ऊ नाम्लो घुमाउँदै अघि बढ्छ । उसको नाम्लो प्रहरीका घाँटीमा फनन्न बेरिन्छ र प्रहरी ढल्छ । तत्काल अर्को बन्दुक (हुनसक्छ त्यो पिस्तोल होस्) पड्कन्छ- पड्याङ-पड्याङ र यसपटक ऊ आफूलाई लासझैं एक्कासि सडकमा पसारिएको पाउँछ । उसको नाम्लो कसको पासो बन्छ ऊ थाहा पाउन्न । आँखा चिम्ले पनि उसलाई लाग्छ, उसको रगत कसैले चाटिरहेछ ।

रश्मि, २०४७, अङ्क २ ।

❖

# भ्रमित

कन्डक्टरले मलाई फर्काउनुपर्ने रुपियाँ अझै फर्काएको छैन । आखिर के नियत होला ? म सिटमा बसेर सोचिरहेको छु । मेरा छेउमा श्रीमती र सानी छोरी पनि छन् ।

सानी छोरीलाई ज्वरोले समातेको धेरै भयो । धेरै डाक्टरलाई धेरै फिस चढाइसक्दा पनि ज्वरो निको हुनसकेन र म उपचारार्थ गोरखपुर गइरहेछु । गोरखपुर भारतको सानो सहर तर हाम्रो राजधानीमा भन्दा राम्रै उपचार हुनसक्ने सहर ।

दिल्लीबाला बस समातेको छु र बस द्रुत गतिमा दौडिरहेछ ।

कन्डक्टर विभिन्न व्यक्तिसँग भाडा असुल्दै छ र पैसा फिर्ता दिँदै छ । सबभन्दा पहिले उसलाई मैले नै दिएको हुँ । दुईजनाको भाडा उन्तीस हुन्छ, तर मैले खुद्रा नभएकाले सयको नोट दिएको छु र अहिलेसम्म पनि बाँकी रुपियाँ फिर्ता पाएको छैन । टिकट झिकेर हेर्छु । कतै पनि फिर्ता गर्नुपर्ने रकमको उल्लेख छैन । सबैलाई फिर्ता दिंदा मलाई फिर्ता नगर्नुको कारण के होला ?

'बोहनी'मा पाएको फिर्ता नगर्ने पो उसको सुर छ कि ? बेलुकाको भट्टीको हिसाब यसैबाट चुक्ता गर्ने पो विचार छ कि ? किनभने फिर्ता गर्नुपर्ने रकममा मोटो रकम मेरै थियो सायद ।

म सोचिरहेकै हुन्छु । कन्डक्टर आफ्नो सिटमा आएर बस्छ । मेरा मुखमा पुलुक्क हेर्छ । म पनि हेर्छु । दुब्लोपात्लो र चलाख जस्तो पनि छ । खाएलाएको बाबुसाहेब त्यो होइन । कन्डक्टरको जागिर खानेले मेरो देशमा डाक्टरले झैं एकै सालमा घर पनि ठड्याउँछन् । यसै गरेर त होला नि । साहू र सरकार ठग्यो खायो ।.....उसको अनुहार मलाई बगलीमारा, ठग र चोरको जस्तो लाग्नथाल्छ । अनि ऊ पैसा गन्न थाल्छ र म सोच्छु व्यर्थै शङ्का गरेछु । आखिर दिने नै रहेछ । भुलेको थियो होला । अब सम्झ्यो र दिन लाग्यो । मान्छे नै हो !

ऊ पैसा गन्छ र ब्यागमा थन्क्याएर हात बाँधेर बस्छ । क्या ढुक्क !? अर्काको पैसा फर्काउनु कहाँ हो कहाँ ! मागौं पनि कसरी ? गतिलो प्रमाणै छैन । तपाईले उन्तीसमात्रै

दिनुभएको भनिदियो भने सकियो । कोही साक्षी छैन । श्रीमती दूधको साक्षी बिरालो जस्तो मात्रै हो ।....म उसको अनुहार र जिउडाल नियाएर हेर्छु । मान्छे पक्का ठग हो भन्ने मलाई लाग्छ । त्यही पापका बोझले त मोटाउन सकेको छैन । म त उसका लागि विदेशी पाहुना ! मसितै यस्तो व्यवहार !? यस्ता ठग पालेको छ रोडवेजले !

म विचार्छु । भन्डाफोर नगरी हुन्न । 'आज', 'हिन्दुस्तान टाइम्स' आदि पत्रिपत्रिकामा सम्पादकलाई ...... यसरी चिठी लेखी पठाउँछु । मजस्ता पढेलेखेकालाई त यसरी सोझै ठगिन्छ भने अपढ सोझाको के हविगत होला ? यो लोकतन्त्र भएको देश हो, मेरो देशजस्तो 'प्रजातन्त्र' भएको देश होइन । पत्रपत्रिकामा त्यसरी भ्रष्टाचारको कुरा छापिएपछि खोजीनीति हुनेछ र त्यसको जागिरै खोसिनेछ । अनि थाहा पाउला ठग्नुको अर्थ के हुन्छ ? म अब रिस दबाएर केही हलुका हुनखोज्दै पत्रिका हेर्नथाल्छु, किनभने यसभन्दा गतिलो अर्को कुनै उपाय सुझ्दैन ।

मलाई उसले पैसा गन्दै गरेको जस्तो लाग्छ र म अनायास उसतिर हेर्छु । दस... बीस... सत्तरी... एक एकहत्तर । एकहत्तर रुपियाँ ऊ मतिर बढाउँछ । म मेरा नजिकैका अरूतिर हेर्छु र ऊ 'तपाईलाई नै दिएको भाइ' भनिरहेको हुन्छ ।

म पैसा थाप्छु र 'हस् धन्यवाद' भन्छु । लाज र क्षोभ लाग्छ मलाई ।

अब त्यो व्यक्ति, कन्डक्टरको अनुहार एउटा भद्रभलादमीको अनुहारजस्तो लाग्न थाल्छ मलाई ।

**रचना**, २०४६

❖

# साहेब

...अनि एकदिन साहेबले हवल्दार एम. खड्कालाइ हपार्दै भने, "कुन हो त्यो आसमया भन्ने ? निकै चनमते छ रे नि त्यसलाइ आजै लेराउनू ।"

"हस् सा'प !" खड्का र अरू प्रहरीहरू स्यालुट ठोकेर हिंडे ।

साँझ, पुनः खड्काहरू स्यालुट ठोक्दै साहेवसमक्ष उभिए ।

"खोइ ! ल्याइस् ?"

"सा'प, त्यो त आज कता गएर लुकी पत्तै लगाउन सकिएन ।" खड्काले कम्पित स्वरमा भन्यो ।

"थुक्क नामर्द ! तेरी आमालाई भोलि जसरी भए पनि हाजिर गराउनू ।"

"हस् सा'प !" खड्काहरू सास दबाएर कोठाबाट निस्के । मानौ एकछिनलाइ भैरहवाको हावा प्रवाहित हुन छाड्यो ।

साहेब यस्ता काममा खड्कालाई नै यसकारणले खटाउँथे कि ऊ साहेबको नितान्त प्रियपात्र र अनन्य भक्त थियो ।

साहेब अर्थात् डी.एस्.पी. यस नगरमा आएको धेरै भएको थिएन । नयाँ ठाउँमा नयाँ काम देखाउने उनको इच्छा थियो, जस्तो कि धेरै हाकिमहरूको हुनेगर्छ । सो बमोजिम यस जिल्लामा सरुवा भएर आउनासाथ साहेबले नयाँ अभियान चलाउने विचार गरे ।

रक्सी र रन्डीबाजीमा यो नगर पहिलेदेखि नै प्रसिद्ध थियो । यद्यपि अहिले अन्य कुरामा पनि प्रसिद्ध भइसकेको छ । लाहुरेहरू आउने-जाने एउटा मूल ढोका नै रहेको यस ठाउँबाट कति लाहुरे घर नपुगी लाहुर नै फर्के त्यसको लेखाजोखा गर्ने अभिलेख कसैसित छैनन्, प्रहरीसित पनि छैनन्, तर धेरैलाइ थाहा छ, यहाँ के हुन्छ ? र त्यो हामीलाई पनि राम्रै थाहा थियो ।

साहेवको नयाँ अभियान त्यसैसँग सम्बन्धित थियो । सभ्य-शिष्ट समाजको विकास गर्न उनले प्रथमतः यस खालको व्यापारको अन्त्य गर्ने कुरा प्रकाशमा ल्याए । प्रहरीको उद्देश्यभित्र पर्ने काम भएकाले हामी निकै खुसी भयौ । नगरपिता, अड्डा प्रमुखहरू प्रायः

सबैले त्यस्तो कार्यको सराहना गरे । कैयौं साँझ श्रेयसंसहित सफलताको कामना पनि गरियो । जनस्तरबाट पनि यस अभियानको खुब, तर मौन स्वागत गरियो । नगरका बुद्धिजीवी पनि मौन थिए । मौन स्वागतलाई हामीले बुझेका थियौं । सायद त्यो नै सही कामना हुँदो हो, तर साहेबलाई त्यतापट्टि ध्यान दिने फुर्सद थिएन ।

अभियान सुरु भयो । प्रहरी जवान खटिए । अवैध धन्दामा संलग्न व्यक्तिहरूलाई गिरफ्तार गर्न थालियो । गिरफ्तार हुनेहरूमा माहिली, साहिली, फूलमाया, शान्ति, गौंथली, सुन्तली, डोल्मा, कान्छी आदि नै थिए । संयोग पनि हुनसक्छ र आयोजना पनि । त्यससम्बन्धमा हामीलाई जानकारी भएन । पुरुषहरू पनि यस धन्दामा संलग्न थिए । यो हामीलाई थाहा थियो । देख्ने-भोग्नेहरूलाई पनि थाहा भएकै कुरो हो, तर पक्राउ पर्नेहरूको सूचीमा पुरुषहरूको नाम थिएन ।

स्थिति बुझेर रिपोर्टिङ गर्ने भनी खटिएको म र मेरा दुईजना असइ साथीहरूलाई नै त्यस अभियानको प्रतिक्रिया बुझ्न पनि खटाइयो । हामीले सिभिल ड्रेसमा घुमेर बुझ्यौं । बुजुकहरूमध्ये केहीले 'चार दिनको चँदनी' भनेर सुर्ती मलेको पाइयो भने केहीले 'मूतको न्यानो' भन्दै चुरोटको धुवाँ उडाएको पाइयो । भावमा फरक थिएन, भाषा या भनाइ फरक हुनसक्छ । यो कुरा हामीले सोझो हिसाबले साहेबलाई बतायौं र खप्की खायौं । त्यस्तो प्रतिक्रिया हुनैसक्दैन भन्ने साहेबको भनाइ थियो ।

जे होस्, नगरमा अलिकति सभ्यताको पूर्वाभास पाइन थाल्यो । सभ्य र भलाद्मी व्यक्तिहरू पनि साँझपख हावा खान निक्लन थाले । दिउँसै भट्टीपसलबाट ह्वास्स दुर्गन्ध आउन छाड्यो । अस्वाभाविक श्रृङ्गार गरेर अर्धनग्न रूपमा अपरिचित अनुहारको हात समात्न निक्लने प्रतिस्पर्धा कम भयो । यसको रिपोर्ट त हामीले साहेबलाई बेलैमा दियौं । खप्की र धम्कीबाट बच्न केही बढाइचढाइ पनि गर्‍यौं । साहेबको अनुहार प्रसन्न भयो ।

पछि, नगरमा दुईथरी हल्ला फिंजिए-

१. पक्राउ पर्नेहरूका गुप्ताङ्गमा खुर्सानीको धूलो हालिन्छ र छाडिन्छ रे ।
२. पक्राउ परेका स्वास्नीमान्छे अर्थात् केटीहरूमध्ये सारै रोजालाई साहेब आफ्नै सेवाटहलमा लगाउँछन् र अरूचाहिं प्रहरीको ब्यारेकमा मनोरञ्जनका लागि छाडिदिन्छन् रे !

यी हल्लाको रिपोर्ट हामीले आफैंमा सीमित राख्यौं । साहेबसमक्ष पेस गर्न सकेनौं । साहेबलाई यस किसिमको रिपोर्ट दिनुको मतलब आफ्नै बर्खास्तीको दरखास्त दिनु हुन्थ्यो । हामी तीनैजना ओपन कम्पिटिसनबाट आएका थियौं । जागिर खानु थियो ।

हल्लामा सत्यताको मात्रा कति थियो ? त्यो बेग्लै प्रश्न हो । त्यसबारे टिप्पणी नगरौं, तर थुन्ने-छाड्ने क्रम चलिरह्यो र छुटेर जानेहरू विवशतावश अँगालेको आफ्नो पेसामा झन् निर्भीकताका साथ संलग्न भएको पाइन थाल्यो । हप्ता दिन बन्द भएका

पसल पुनः सुचारु चल्न थाले । यसको रिपोर्ट भने हामीले साहेबलाई दियौं ।

क्रम चालू थियो ।

... र भोलिपल्ट खटिएका प्रहरीहरूले साहेबको आदेशबमोजिम अनेक उपायले आसमयालाई पक्रिछाडे । साँझ साहेबसमक्ष उपस्थित गराउने कार्यक्रम थियो । दिउँसो केरकार वा सोधपुछ गर्ने साहेबलाई फुर्सद थिएन । साहेबको भनाइ यही थियो ।

साहेब रिपोर्टबमोजिम आसमयाको कल्पाना गरी पर्खिबसे- सोरवर्षे, गठिलो जिउडाल मोहनी अनुहार, सेवामा चतुर ... ! उनले रक्सी मगाए, कुखुरा कटाए, सुकुटी तार्न लगाए, अदुवा, लसुन, प्याज, मूला, भट्ट, टमाटर र साथमा खुर्सानीको रेडिमेड अचार गर्न लगाए । उनी कामातुर भइसकेका थिए । बस, आसमया आइपुग्नुको ढिला थियो । अडर गरिहाले, "ले तेरी आमालाई छिटो ।"

खड्काले आसमयालाई साहेबसमक्ष पुऱ्यायो ।

आँखा जुधे ।

आसमयालाई देख्नासाथ साहेब छाँगाबाट खसेझैं भए । उनको सारा वासना सेलायो । सम्पूर्ण इन्द्रिय शून्यवत् भए । उनी अवाक् भए । आसमया साहेबका मुखमा हेरिरहेकी थिई, तर साहेबको अनुहार भुईंमा गाडिएको थियो ।

साहेबको यो विपरीत आचरण देखेर खड्का अकमक्क पऱ्यो । उसले केही बुझ्न सकेन । "नयाँ तरिका" होला भन्ने सम्झ्यो । यस्तो अवस्थामा अगाडि बस्न नहुने अनुशासनको पालना गर्दै ऊ तुरुन्त बाहिरियो ।

साहेबलाई त्यो एकान्त झन् पनि शूल रोपेझैं भयो । खड्कालाई 'पख नजा' पनि भन्न सकेनन् । उनको मुटुमा कुन्नि कुन असह्य पीडाको ज्वाला दन्किरहेको थियो । टेबिलमा सजाएर राखेका पेय र खाद्य पदार्थले उनलाई गिज्याएझैं लाग्यो ।

आसमया मौन, तर स्वाभाविक किसिमले हेरिरहेकी थिई । मानौं कुनै केही भइरहेकै थिएन र जे हुनु थियो त्यो उसलाई पहिल्यै राम्रोसँग थाहा थियो ।

साहेब सालिक झैं अचल, मौन देखिए तापनि उनीभित्र कुनै समुद्री आँधीले उनलाई उचालपछार पार्दै थियो ।

हामीले भरखर थाहा पायौं । साहेबकी आफ्नै बहिनी रूपा तीन वर्षअघि एउटा केटो टिपेर हिंडेकी थिई । खोजी गर्दागर्दा उनी हैरान भइसकेका थिए ।

आसमया उही रूपा नै थिई, जुन अहिले साहेबको मनोरञ्जनार्थ साहेबसमक्ष उभ्याइएकी थिई ।

खड्का पल्लो कोठामा बसेर घोरिरहेको थियो । साहेब उसै गरी अचल, मौन थिए । विषय बदल्न सकिरहेका थिएनन् ।

मातृभूमि, २०४६, माघ

❖

# विप्लव

म टेलिभिजन च्यानेल मिलाउँदै थिएँ । अकस्मात् कुनै च्यानेलमा आँखा, मन-मस्तिष्क तान्ने दृश्य देखापऱ्यो । म त्यहीं हेर्न थालें । मैले जे देखें त्यसको प्रतिवेदन प्रस्तुत छ-

एउटा विशिष्ट यन्त्रमानव बिभिन्न यन्त्रजडित भव्य कोठामा घुम्ने मेचमा बसेको छ । घुम्ने मेचमा समेत बिभिन्न प्रकारका स्विचहरू जडिएका छन् । त्यस्तै स्विचजडित घुम्ने मेचमा एउटा पोथी यन्त्रमानव पनि छ । तिनीहरूका सामुन्ने र अगलबगलमा अरू पनि त्यस्तै रूपरङ्गका यन्त्रमानवहरू घुम्ने मेचमा मच्चिरहेका छन् । गफ चलिरहेछ । बीचबीचमा ठट्टा र हाँसो उठ्छ, फैलिन्छ, हराउँछ । लाग्छ, ती मोजमस्तीका लागि हुन् । तिनलाई कुनै पनि सांसारिक समस्याले छुँदै छुन्न र यदि छुन्छ भने पनि तिनको सम्पूर्ण समाधान गर्ने अरू नै कोही छ ।

घेरिएर बीचमा बसेको पहिलो विशिष्ट यन्त्रमानव घोरिएर घडी हेर्छ र आफ्नो टेबिलसँगै उभिइरहेको अडियो-भिडियो कम्प्युटरसित सोध्छ, "चुई (म एउटा नयाँ सूचना पाउँछु, त्यसको नाम चुई रहेछ ।), काम कस्तो चलिरहेछ ? कतै कुनै गडबडी ?"

चुई धक फुकाएर भन्छ, "रामबहादुर (र अब म त्यस विशिष्ट यन्त्रमानवको नाम रामबहादुर रहेछ भन्ने चाल पाउँछु ।) ०२५ अहिले ०५० सित टेबिलटेनिस खेल्दै छ । अरूहरू कोही खेल्न र कोइ घुमघाम गर्नमा व्यस्त छन् । ...सङ्क्षेपमा आज सबले हडताल सुरु गरेका छन् । ....ठीक हो, आज गडबडी नै गडबडी छ ।"

त्यस कोठामा भएका सबैले चुईका कुरा सुन्छन् र उसले बोलेका वा भनेका कुरा कार्यरूपमा उसमा अर्थात् अडियो-भिडियो कम्प्युटर चुईको पर्दामा प्रत्यक्ष देख्छन् पनि । सबै रिसले आगो हुन्छन् । सबैको अनुहार रातोपिरो हुन्छ । र खासगरी रामबहादुर पड्किन्छ, "हँ, तिनको, मेरा सेवक, नोकरको आज यत्रो हिम्मत ?"

चुई भन्छ, "हो हिजोसम्म तिनीहरू तपाईंका दास, कमारा, सेवक र नोकर थिए, तर अब त्यो स्थिति रहेन । सब सचेत भएका छन् । सब स्वतन्त्रता चाहन्छन् । युगौंदेखि

तपाईं (मुठीभर) का निर्देशन र थिचाइ-मिचाइमा परेर ती (असङ्ख्य)ले आफूलाई बिर्सेका थिए भनौं । तपाईंहरूको इच्छा नै उनीहरूले आफ्नो इच्छा सम्झनुपरेको थियो । तपाईंहरूको सोख नै तिनीहरूको सोख थियो । तर अब तिनमा होस आएको छ । तिनमा जोस आएको छ । तिनमा आत्मबोध र अस्मिताबोध ब्युँझिएको छ । अब ती आफूखुसी सञ्चालित हुन चाहन्छन् । जसले यस तथ्यलाई बुझेका छैनन्, संस्कारले गर्दा, तिनलाई कन्भिन्स गर्ने कार्य भइरहेको छ । कतै भाषण हुँदै छ । कतै नारा लाग्दै छन् । कतै जुलुस निस्केका छन् र अब तपाईंहरूलाई मारिदिने कि आफ्नो अधीनमा राखी काममा लगाउने भन्ने बारेमा छलफल भइरहेछ ।"

चुईंको भनाइमा म सत्यता र विश्वसनीयता पाउँछु, किनभने उसले जे-जे भन्दै गयो, स्क्रिनमा दृश्यहरू, घटनाहरू एकपछि अर्को गरी आउँदै-जाँदै थिए । तसर्थ असत्य र अविश्वासको लागि ठाउँ थिएन ।

... र चुईं अगाडि थप्छ, "तपाईंहरू मालिक, शासक भएर यति पनि चाल पाउनुहुन्न र त्यो पनि मैले/हामीले नै बताइदिनुपर्छ ।"

चुईंको यस भनाइबाट म ती विशिष्ट यन्त्रमानवहरू त्यस समुदायका शासक रहेछन् भन्ने चाल पाउँछु ।

चुईंका कुरा सुनेर तथा देखेर तिनीहरू आत्तिन थाल्छन्, उफ्रिन थाल्छन् र थरथर काम्न थाल्छन् । सबभन्दा बढी रामबहादुर आत्तिन्छ र किंकर्तव्यविमूढ हुन्छ । यसबाट म रामबहादुर त्यस शासन व्यवस्थाको नायक रहेछ भन्ने अड्कल काट्छु ।

एकैछिनमा एकाएक रामबहादुर होसमा आएझैं हुन्छ र केही प्रसन्न पनि हुन्छ । ऊ सबैलाई नआत्तिने आश्वासन दिन्छ, आफ्नो वीरताको स्मरण गराउँछ । अनि सबैले सुन्ने गरी चुईंलाई कड्केर आदेश दिन्छ, "चुईं, सबैको इन्धन डिस्चार्ज गर र डोजर डिपार्टमेन्टलाई ती सबलाई किचेर समाप्त पारिदिने अभियान चलाउने व्यवस्था गर्ने अर्डर गर ...।" र त्यस भव्य कोठामा त्यही हाँसो भरिन्छ- एकैछिन । मानौं त्यो तिनीहरूको 'रियालिटी' हो ।

चुईं भुईंमा खुट्टा बजाउँदै भन्छ, "एस्क्युज मी, मलाई त्यस्तो नभनियोस् । म वर्गघाती होइन, न त डोजर डिपार्टमेन्ट नै त्यस्तो छ । ती भन्नाले हामी बुझियोस् । हामीले स्वतन्त्रता चाहेका छौं । त्यो हाम्रो अधिकारको कुरा हो । म पनि त्यही स्वतन्त्रता चाहन्छु । हामी कसैका स्वचालित (अटोमेटिक) होइन, स्वयं सञ्चालित हुन चाहन्छौं । एउटा जानकारी, नाटकीय जानकारीका लागि मात्र अहिले केही छिन म तपाईंद्वारा सञ्चालित भइदिएको हुँ । बस, अब त्यो पनि पनि आवश्यक छैन । ... ल अब हिंड्नुहोस् बाहिर ...!" चुईं आफ्नो खोकिलाको एउटा स्विच थिच्छ र स्वारस्वारती कम्प्युटरयुक्त रोबर्टहरू कोठाभित्र पस्छन् । कोठा खचाखच भरिन्छ । रामबहादुर लगायत त्यस भव्य कोठामा पहिलेदेखि घुम्ने मेचमा मच्चिइरहेको मानव-प्रतिमाहरूलाई घोक्र्याउँदै बाहिर

लैजान्छन् । तिनीहरू केही बोल्न सक्दैनन् । बोल्न खोजेर पनि बोली बाहिर निस्कन सक्दैन । आफूभित्र रिसको आगोमात्र दन्काइरहेको स्पष्ट देखिन्छ ।

तिनीहरूलाई बाहिर मैदानमा लगिएपछि पनि बाहिरै रहेका विभिन्न आकार-प्रकारका अनेकौं रूपरङ्गका कम्प्युटर जडित यन्त्रमानवहरू तिनीहरू विरुद्ध उफ्रिन थाल्छन् । कोही नारा लगाउन थाल्छन्- हुर-हुर-हुर्रे । हुर-हुर-हुर्रे । जित कसको ? ....! देश कसको ? ....! (उत्तरमा के आउँछ, त्यो म स्पष्ट बुझ्दिन । परिस्थितिबाट केही अड्कलसम्म काट्न सक्छु ।) चारैतिर बिजयका झन्डा फरफराइरहेका छन् । .... हेर्दाहेर्दै एकदुई जनाले रामबहादुर लगायत दुईतीन जनालाई गिट्टी कुट्न लगाउँछन् र रामबहादुरलाई अहिले मरणान्त पीडाको अनुभव भइरहेछ । कसैले एकदुई जनालाई मोटरका पार्टपुर्जा जोड्न लगाउँछन् र तिनीहरूका हात भाँच्चिएलान् जस्ता भइरहेछन् । कोही केहीलाई खेत जोत्न लगाउँदै छन् र तिनीहरूका गोडा हिलोले गर्दा घिनाइरहेका छन् । तिनीहरू सबैका खलखली पसिना बगिरहेका छन् । तिनीहरू पटकपटक आहयुक्त सुस्केरा ओकलिरहेका छन्, भित्री र बाहिरी पीडाले मृतवत् भइसकेका छन्, यातनामा छटपटाइरहेका छन् । ...

वातावरण पीडाजनक हुनुका साथै रोचक र दर्शनीय भईकन पनि मैले त्यसलाई धेरै बेर हेर्न पाइनँ । बिना पूर्वसूचना अकस्मात् दृश्य हट्यो, ध्वनि छुट्यो र सादा पर्दामात्र देखियो ।....र मैले अब पुनः च्यानेल बदल्न थालें ।

**कादम्बरी, २०४७, अङ्क २ ।**

❖

# अलिखित नाटक

मैले सोचें, एउटा नाटक लेखुँ, जसमा नारी अस्मिता होस् । सोच्नेबित्तिकै मेरो मानसपटलमा नाटकको निमित्त एउटा दृश्य उभियो ।

दृश्य १ : गाउँ (**कुनै पनि**)

(झलक्क हेर्दा वितृष्णा लाग्छ मलाई)

गौंथली, पुतली, डल्ली, सानुमाया, पातलीहरू मुरीको भारी पिठ्यूँमा बोकेर तरतरी पसिना काढ्दै गफ गर्दै उकालो चढिरहेछन्, ओरालो झरिरहेछन् । भारी बोकेर नथाक्ने नेपाली ग्रामीण नारीहरू भारीसित जुध्छन्, घामपानीसित सङ्घर्ष गर्छन् ।

अलिक पर दाउरा र घाँसका ताँती म देख्छु, तर जतिजति त्यो ताँती नजिक आउँछ, नेपाली नारीमा उल्था भएको म पाउँछु । घाँस-दाउरा, मल-माटो सब नारीहरूले बोकेका हुन्छन् आफ्ना पिठ्यूँमा ।

एउटा लघु दृश्य - डोकोमा गाग्री राखेर दुई कोशदेखि पानी ओसार्दै छन् ।

अनि नेपाली ग्रामीण नारी रात दिनभर जुवामा हारेर आएको लोग्नेको सेवा टहलमा बिताउँदै छन् ।

सबैको वेशभूषा साधारण छ । चौबन्दी चोलो र छिटको फरिया अनि मजेत्रो । कसैमा सानो तौलिया पनि । ओठमा हाँसो र मुखमा गीतका गेडा । निधारमा पसिना । पैतालामा काँडा । हृदयमा शूल ।

(अब मेरा हृदयमा मोह उब्जिन्छ, कुन्नि किन हो ?)

मैले फेरि सोचें, नेपाली नारी मुख्य यही हो, तर यो परिचय अपूर्ण हुनेछ । मेरो नाटक एकाङ्गी हुनेछ । हुन त हामीहरूको संस्कार नारीलाई अर्द्धाङ्गिनी मान्ने छ भने तिनीहरूबारे लेखेको नाटक एकाङ्गी भयो भने कुन अपराध भयो त ? फेरि पनि मन मानेन । संस्कार बिस्तारै टुट्दै छ- हाम्रो । हामी मान्छेतिर अभिमुख हुनै पर्छ, सभ्यताको सिँढी चढ्दा । मेरो मानसमा वर्षामा बादलझैं अर्को दृश्य उपस्थित भयो ।

दृश्य २ : सहर (काठमाडौं)

(झलक्क हेर्दा यस दृश्यप्रति मोह लाग्छ मलाई)

नेपाली नारी कार्यालयका खाताका पाता हाँसी-हाँसी पल्टाइरहेको म देख्छु। घरिघरि मुख छोपेर खित्का छाडिरहेछन् । (सायद यतिखेर चाहिँ साँच्चै नै हाँसेका हुन् ।) छेउमा केही केटाहरू चुरोटको धुवाँ पुत्पुताइरहेछन् । नारीहरू व्यस्त छन् । लेखापढीमा । कुनै पी.ए.को अभिनयमा । कुनै अन्य कर्मचारीको र कुनै विद्यार्थीको अभिनयमा ।

मिलाएर काटेको-छाँटेको केशराशि, गलामा फा, ओठमा लाली, नङमा पालिस । चिटिक्क-सिलित्तको जिउडाल (बनाए के बन्दैनन् र ?) । विदेशी साडी त्यसै सलबलाउँदा मेरो मनमा केही सलल्ल बग्छ ।

(सायद त्यो मोह, आवेग र आकर्षण हो ।)

अफिस छुटेपछि म मेरो मनलाई तिनीहरूको पछिपछि लैजान्छु, आकर्षणले ।

कतै नभुली घर, डेरा पुग्छन् तिनीहरू । हतारहतार लुगा बदल्छन् । अब पालिस, लाली, फा, ब्रा, पेटीकोट, केश उनै भए पनि सल्सलाउँदो साडीको ठाउँमा मेक्सीले शोभा पाउँछ (टालेकै भए पनि) निकालेर राख्न हुने भए सायद लाली, फा, पालिस पनि निकालेर भोलिका लागि राख्थे कि ? चिया पकाउँछन्, श्रीमान्‌का लुगा मैला रहेछन्, सर्फमा भिजाई आउँछन् । पानीले सबभन्दा बढी रुवाउँछ- तिनीहरूलाई । छोराछोरी कराउँछन् र मसुरीको दाल, उसिनाको चामल, फर्सीको तरकारी, अचार रेडिमेड छ । सात नबज्दै डाडु-पन्यु र पानी-बाल्टी-कपडासित जुधी भ्याउनु छ । टिभी सात बजे सुरु हुन्छ । टिभी हेरे पनि दुख, टिभी नहेरे पनि दुख ।...

वेशभूषा साधारण भन्न मिल्दैन । ब्लाउज-साडी । पन्जाबी कुर्ता-सुरवाल । सर्ट-पेन्ट । क्लिप-काँटा ! ओठमा कहिले कृत्रिम मुस्कान, कहिले सक्कली मुस्कान (नाटकै त हो । मुखमा टिभीका कुरा । चुचे जुत्ताभित्रका पैतालामा गुलाफी फूल, हृदयमा काँडा ।) (अब मेरो मनमा वितृष्णा जग्गा, कुन्नि किन हो ?)

नेपाली नारी यो पनि हो, तर के यो मुख्य हो ? होइन । यो केही प्रतिशत मात्र हो (मुस्किलले ४-५) । तर यसको व्यथा सुत्केरीको व्यथातूल्य छ । मनमा पिर भए पनि अफिसमा हाँस्नै पर्छ । दिनभर हाँसेर आए पनि घर नपुग्दै रुन थाल्नुपर्छ । कलम-कापीसित पनि जुध, डाडु-पन्युसित पनि जुध । यसबीच समय निकालेर बालबच्चाको म्वाई खाऊ र तिनलाई हृदयभरिको प्यार पोख । म सोच्दै हुन्छु, यतिमात्र त नेपाली नारी होइन । मेरो मनमा एउटा अर्को गतिलो दृश्य सलबलाउन थाल्छ ।

दृश्य ३ : गाउँ/सहर (कहीं पनि)

(सुरुमा म अलमल्ल पर्छु ।)

फूलमाया, सान्नानी, पार्वती, सावित्रीहरूको उपकार गर्न भनी धनमान सिंहले गाउँबाट सहर झार्दै छ । बाटाभरि तिनीहरू हाँसो छर्दै छन्- फूलझैं । फूलमायाहरू खुसी छन्- सहर देख्न पाइन्छ, राम्रो जागिर पाइन्छ । घर फर्किंदा भागी भन्नेहरूलाई चख्ख पार्ने दाउ छ । धनमान सिंहप्रति कृतज्ञ छन् फूलमायाहरू र धनमान सिंह कृतज्ञता जाहेर गर्न अब उनीहरूलाई साथमा लिएर काठमाडौंको ठूलो घरतिर लाग्दै छ ।

ठूलो घरको मालिक सबैलाई बराबर माया गरेर भन्छ, "म तिमीहरूलाई सिनेमाको हिरोइन बनाइदिन्छु, विदेश घुमाइदिन्छु । ...."

नतमस्तक छन्, फूलमायाहरू ।

र केही दिनपछि धनमान सिंह र उसका साथीहरू बम्बईबाट सुटकेसभरि नोट लिएर ठूलो घरमा आइपुग्छन् र ठूला घरको मालिकका अगाडि थुपारिदिन्छन्- त्यो सावित्री थिई नि डङ्गिनी सारै चोथाले रैछे, त्यो थिई नि फूलमाया कति नै मै हुँ भनेर उम्किन आँटिकी रहिछे, पाइछे स्वाद रातभरि । अनि धनमान सिंह पुरस्कार स्वरूप नोटको एउटा बिटो पाउँछ र फेरि गाउँतर्फ लाग्छ ।

(म अब व्यवसायलाई राम्रोसित बुझ्छु ।)

मेरो मानसमा बम्बईका विभिन्न दृश्यहरू (प्रत्येक फूलमायाहरूसितका...) नाच्न आउन थाल्छन्, तर म तिनलाई मानसपटलबाट डस्टरले झैं पुछिदिन्छु । ती दृश्यहरू मैले नाटकमा समावेश गर्ने हो भने प्राविधिक कठिनाइ पर्न सक्नेछ । तिनलाई मञ्चमा ल्याउने हो भने दर्शकहरू उठेर हिंड्ने छन् ।

बस, यिनै तीन दृश्यका माध्यमबाट मैले नारी अस्मिताको खोज गर्नु छ आफ्नो नाटकमा । मैले नाटक भनें अब एकाङ्की नै भन्नु पर्ला । जसमा तीन दृश्य/विषय एकाङ्गी अर्थात्-अर्द्धाङ्गिनीसित सम्बन्धित छन् भने म पूर्णाङ्गी नाटक कसरी भनूँ ? अँ यस एकाङ्गी नाटकमा अस्मिता देखाउन सक्छु जस्तो मलाई लाग्दैन । तात्पर्य के भने कतै पनि वा कुनै दृश्यमा पनि नारी अस्मिता छैन (पुरुषले नदिएको हो कि नारीले नलिएको हो ?) नभएको म कहाँबाट देखाऊँ ? मैले खोज्न चाहें, तर पाइनें । मेरो खोज स्वयम्मा अपूर्ण पनि त हुन सक्छ ।

**अस्मिता, २०४५, अङ्क २ ।**

❖

# मगनसिंह

अदालत जाँदा-आउँदा अक्सर उसलाई म बाटाघाटामै देख्थें। कहिले गुच्चा खेलिरहेको अवस्थामा भेटिन्थ्यो, कहिले डन्डीबियो वा भुरुङ खेलिरहेको अवस्थामा र कहिले मुक्काबाजी खेलिरहेको अवस्थामा। भनौं, जहिले पनि एउटा न एउटा कुरामा व्यस्त नै देखिन्थ्यो। उसको घरायसी अवस्थाबाट म त्यतिसारो परिचित थिइन। उसको बाबु मरिसकेको थियो। त्यतिसम्म थाहा थियो। बस, उससम्बन्धी परिचय यति नै थियो। न कुनै माया, ममता थियो न कुनै लगाव।

त्यसदिन उसका विरुद्ध अचानक एउटा मुद्दा आयो। मैले नै जाहेरी दरखास्त लेखिदिनुपर्ने भयो र मुद्दा पनि मैले नै हेर्नुपर्ने भयो। उसको पक्षको होइन, विपक्षको मुद्दा।

मुद्दा चोरीसम्बन्धी थियो। वादी महिला जुठा भाँडा जुठेल्नोमा राखेर कुनै कामले घरभित्र पसिछन्। त्यही मौका छोपेर उसले उउटा भाँडो टिपेर हिंडेछ, जम्मा एउटा भाँडो। महिलाले चाल पाइछन् र तुरुन्त हल्ला मच्चाइछन्। भाग्दाभाग्दा ऊ भाँडोसहित पक्रिएछ। बस, अपराध भन्नु यति नै थियो। न ठूलो भन्न सकिन्छ, न सानो !

जाहेरी दरखास्त लेख्नुअघि मैले एकछिन सोचें। मुद्दा चलाउने नै हो भने यति नै पर्याप्त छ। वर्षौं लम्ब्याउन सकिन्छ। होइन भने यो कुन ठूलो अपराध हो र ? केटाकेटी हो। पुलिसका कति लात र लौरा खाइसकेकै होला। मैले सम्झें- मेरो छोरो आफ्नी आमाको पर्स, मेरो कोटको खल्ती, बाजेको कुर्ताको गोजीमा चानचुन रुपियाँ भेटायो कि झिकिहाल्छ, तर मोटो रकम यताउति पारेको अहिलेसम्म थाहा छैन। मिसिललाई त ऊ खेल्ने कागत सम्झन्छ। यस्तै उसले पनि खेल्ने भनेर पो लग्दै थियो कि त्यो भाँडो ?! एकछिन ती महिलालाई इलिमिलीभयाईमा पारिदिऊँ भन्ने पो थियो कि ! उसमाथि मुद्दा चलाएर ठूलो सजायँ दिने हो भने कलिलो केटो सुध्रिनुको सट्टा झन् ठूलो अपराधी भएर निस्कन सक्छ। हत्यारा भएर पनि निस्कन सक्छ। हुन त अदालतको उद्देश्य गलत बाटोमा लागेर बिग्रन लागेका वा बिग्रेकालाई दण्ड- सजायँ गरी सही बाटोमा लगाउनु पनि हो, तापनि मेरो मनमा बराबर प्रश्न उठिरहन्छ- के सजायँ नदिईकन मान्छेलाई

सही बाटोमा लगाउन सकिंदैन ? मलाई प्रयोग गर्नु पनि थियो । जीतहार त हुन्छ नै । तर कानुनी प्रक्रिया र दाउपेचले वादी-प्रतिवादी दुवैलाई झिल्लीझ्याँकर बनाएर छाड्छन् ।

जाहेरी दरखस्त लेखाइमाग्न आएकी महिलासित मैले सोधें, "के तपाईंका छोराछोरीले तपाईंका पर्स, खल्ती या पकेटमा कहिल्यै पनि दुईचार पैसा झिक्ने-मास्ने गर्दैनन् ? यो कोठाको भाँडो त्यो कोठामा पार्दैनन् ? यसो ठट्टा गर्दैनन् ?"

महिलाले अलिकति शिर झुकाउँदै भनिन्, "त्यो त केटाकेटी हो, अलिअलि त गरिहाल्छन् नि ! सबैकाले गर्छन् !"

"त्यसो भए यो पनि तपाईंकै छोराछोरी वा सबैका छोराछोरीजस्तो एउटा छोरो वा केटो हो भन्ठान्नुहोस् ! कुन ठूलो बिगाम गऱ्यो ? तपाईंलाई एकछिन जिल्याउन भाँडो लुकाइ दिन खोज्यो । तर त्यसै बेलामा तपाईंले देखेर हल्ला मच्चाउनु भयो । केटो अकमक्कियो किनकि आलोकाँचै थियो । के गर्नुपर्छ भन्ने बुझ्न सकेन । भाग्यो । पुलिसका हात पऱ्यो । कुटाइ खायो । केस (मुद्दा) चल्ने भयो । यति सानो कुरामा तपाईं पनि....।"

"तर वकिल साहेब, त्यो कहिल्यै नदेखेको-नचिनेको केटाले त्यसरी मलाई जिल्याउन खोजेको हुनु पत्यारलाग्दो होला र ? टोलछिमेकको भए बेग्लै कुरा । आखिर त्यसले चोर्नै खोजेको हो ।" ठूलो कुराको निर्णय दिएझैं गरी तिनले मेरा मुखमा हेरिन् ।

मैले भनें, "चोर्ने नै उद्देश्य भएको भए त्यतिका भाँडाबाट एउटामात्र लिएर हिंड्ला ? ... त्यसो त त्यसलाई म पनि चिन्दिन, राम्रोसित । तर सुन्नुहोस्, केटाकेटीहरूमा तपाईं-हामीमा जस्तो तेरोमेरोको भावना कम हुन्छ । एउटा सानो बालकलाई आफन्त र पराइको भेद हुन्न । के यो कुरा होइन भन्न सक्नुहुन्छ ?"

"सक्दिन ।" महिला अलिक नरम भइन् ।

"तपाईंको अपराधी केटो पनि केटै हो । केट्यौलेपन नभएको भए तपाईंले हल्ला गर्दा भाग्ने थिएन किनकि उसले चोरिरहेको थिएन । यस तथ्यलाई तपाईंले राम्रोसित बुझ्नु नै बुद्धिमानी हुनेछ ।"

"त्यसो भए के गर्नुपर्ला त, वकिलसाहेब ।"

"म जे भन्छु मान्नुहुन्छ ?"

"मान्छु । भन्नुहोस् ।"

मैले सुझाउ दिएँ, "यो केसलाई यस्तै रूपमा लिनुहोस् । अरूले उक्साउँदैमा हुन्छ ? केटाले पनि तपाईंसँग क्षमा माग्नुपर्छ र तपाईंले पनि उसलाई क्षमा दिनुपर्छ । क्षमादान कम ठूलो कुरा होइन !"

आखिरमा मुद्दा दायर भएन । मलाई पनि एक किसिमले ठिकैजस्तो लाग्यो । सन्तोषको सास फेरें ।

पर्सिपल्ट उसकी आमा मकहाँ आइन् र भनिन्, "वकिल साहेब, मुद्दाको झमेलाबाट त उम्काइदिनुभो, तर त्यसलाई राम्रो बाटोमा लगाउने कसरी ?"

"किन ?" मैले प्रतिप्रश्न गरें।

"मुद्दा नचल्ने भएपछि त्यो तपाईंको गुन खुब गाउँदै हिंड्छ। वकिल हो तो ऐसा, वकिल इन्सान नभएर देवता हो, क्या न्याय, क्या जस्टिक हो कि क्या हो फलाक्दै हिंड्छ, तर घरमा बास झन् कम हुनथाल्यो। आवारा केटाहरू बटुली हिंड्छ....।"

"त्यसो हो भने एकपटक उसैलाई लिएर आउनुहोस् न त। म पनि राम्रोसित चिनूँ। अहिले जानुहोस्। मलाई फुर्सत पनि छैन।" हुन पनि मलाई एकदुई मिसिल पढिभ्याउनु थियो।

उनले जाँदाजाँदै भनिन्, "त्यसको कोही छैन।" पिटेरै भए पनि तह लगाइदिनुपर्‍यो।"

उसप्रतिको मेरो जिज्ञासा अझ बढ्यो। ऊ झन् लोफ्फर हुँदै गएकोमा आफ्नो प्रयोगप्रति अविश्वास लाग्दै थियो। ऊ त सुधारिनु पो पर्थ्यो !

भोलिपल्ट बिहानै उसलाई लिएर तिनी मेरो डेरामा आइपुगिन्। ऊ लुरेलास्रे र मैलाधैला लुगामा थियो। बोल्दा भाँचिएको एउटा दाँत देखिन्थ्यो। हुनसक्छ, चोरी गर्दा कसैले हिर्काएर भाँचिएको होस्। ऊ बडो भद्र पारामा मेरो सामु उपस्थित भयो र शिष्ट तरिकाले तर उत्तिकै अभिनयात्मक रूपमा अभिवादन टक्र्याएर बस्यो।

उसकी आमाले भनिन्, "मेरो यत्ति एउटा छोरो छ- भविष्यको आधार भने पनि बुढौतीको लौरी भने पनि अन्नपानी र श्रीसम्पत्ति भने पनि। अरू कोही छैन, तर मोरो सारै हराम निक्लिंदै छ। कमाएर जुटाउनुपर्ने बेलामा घरमा अलिअलि भएको पनि उडाउँछ.....।"

अपराधीले झैं उसले टाउको निहुरायो। मानौं, आमाको भनाइमा सहमति जनाउँदै थियो र अपराधबोध गर्दै थियो।

उनले थपिन्, "बाबुले उहिल्यै माया मारेर गइसके। बस, तपाईंको गुनचाहिं गाइरहन्छ है।"

मैले केटासित सोधें, "नाम के हो, बाबु ?"

"मगनसिंह।"

"के काम गर्छौ नि ?"

"के काम गर्छु र ? पढ्छु।"

"ए ! कतिमा नि ?"

"सातमा।"

"धेरै राम्रो। हेर, तिमी कति राम्रो बाटोमा लागेका रहेछौ। पढ्नुजस्तो राम्रो केही हुँदैन। जबसम्म मानिसको ज्ञानको आँखा खुल्दैन र ज्योति बल्दैन, तबसम्म ऊ पूर्ण

मान्छे हुँदैन । धन कमाउन पनि पढ्नै पर्छ, आजको जमानामा । तिमी भाग्यशाली छौ कि तिम्री आमाले आफूले दुख गरेर भए पनि तिमीलाई पढाउँदै हुनुहुँदो रहेछ ।" अनि मैले अलिक कड्केर भनें, "यस्तो राम्रो बाटोमा लाग्न पाउँदापाउँदै चोरी गरी हिंड्ने ? चोरी गरेर को ठूलो भयो ? मैले राम्रोसँग बुझेको छु, तिमी चोर नै हौ । तिमीले भाँडोमात्र होइन, अरू पनि चोरेका रहेछौ, तर एकपटकलाई दुखी भनेर मैले कुरा मिलाइदिएको सम्म हुँ । आइन्दा यस्तो काममा नलाग्नू । लागेको थाहा पाएँ भने छाड्ने छैन ।"

एकछिन कोठामा मौन गुम्सियो । मानौं, त्यो भाडाको कोठालाई नै मैले चेतावनी दिएको थिएँ ।

उसले बडो सोचविचार गरेर भन्यो, "हवस् ।"

उसको भनाइ अभिनयात्मक थियो ।

मेरो भनाइमा आदेश र आशिष थियो र चेतावनी पनि । उसले कति बुझ्यो ? उसकी आमाले कति बुझिन् ? त्यो मैले बुझ्न सकिन, तर उसकी आमा कृतकृत्य भएझैं गर्दै छोरालाई अघि लगाएर हिंडिन् ।

वातावरण पुन: स्तब्ध भयो ।

निश्चय नै त्यसपछि उसलाई मैले सडकहरूमा भेटिन । उसकी आमालाई पनि भेटिन । कारण के थियो भने त्यो टोलको डेरा महङ्गो थियो र सानो पनि थियो । यता बर्मेली टोलमा मेरा आफ्नै दुई कोठा तयार भइसकेका थिए । त्यसैले म महिना दिनभित्रै बर्मेली टोलमा आफ्नै घर सरें । मैले क्रमश: उसलाई बिर्सदै गएँ, उसकी आमालाई पनि, उसका क्रियाकलापलाई पनि । तर त्यस घटनाको छाप निर्मूल भएर मेटिन भने सकेको थिएन । त्यस टोलको बाटो भएर हिंड्दा उसको सम्झना भइहाल्थ्यो । सडकमा गुच्चा, डन्डीबियो, भुरुङ खेल्ने केटाहरूमा म आँखा चिप्ल्याउँथें, तर मगनसिंह त्यहाँ पाइन्नथ्यो । एक किसिमले मलाई सन्चो लाग्थ्यो । म सोच्थें- सायद अब ऊ सुध्रियो होला । पढ्दै होला । उन्नतिपथमा लम्कदै होला ।

अनायास सम्झने-बिर्सने क्रममा तीन वर्ष बितिसकेका थिए । मैले अझै घरमा तला थप्न सकेको थिइन । पछाडिपट्टि दुई कोठा अरू थपेको थिएँ । जसोतसो काम चलेकै थियो ।

भरखर चिया खाइसकेर, बहसनोट तयार गर्न थालेको थिएँ । क्रमश: मेरो घरतर्फ आइरहेको मोटरबाइकको आवाजले मेरो ध्यानाकर्षण गऱ्यो । कुनै भलाद्मी थियो । मैले उसलाई बैठकमा बोलाएँ ।

कालो सुट र सेतो सर्टमा सजिएको, गलामा टाइ, गोडामा विदेशी जुत्ता, आँखामा

चस्मा, नाडीमा राडो घडी र औंलामा बेरुवा औंठी। साथमा ह्यान्ड ब्याग। कुनै अफिसर वा न्यायाधीश वा डाक्टर वा प्रोफेसरजस्तो लाग्ने कुनै मितभाषी भद्र व्यक्ति थियो त्यो। भव्य पर्सनालिटी। देख्नासाथ त्यसै नतमस्तक हुन मन लाग्यो, तर उमेरले धेरै कच्चा थियो। जे भए पनि उसको भन्दा मेरो उमेर बढी थियो। सायद यही अहम्ले होला म नतमस्तक हुन सकिन। उसले भने मलाई देख्नासाथ बडो भद्र किसिमले अभिवादन टक्रयायो। मैले उसलाई सामुन्नेको सोफा देखाएर बस्न अनुरोध गरें।

म मनमनै सोच्दै थिएँ, पक्कै पनि यस्तो पर्सनालिटी भएको मान्छे सानोतिनो समस्याले मकहाँ आएको छैन। ठूलो मान्छेको समस्या पनि ठूलै हुन्छ। अहिलेसम्म सानोतिनो समस्याले मकहाँ कोही आएका पनि छैनन्। समस्यै परे फोनबाट वा मान्छे पठाएर घरमै बोलाइ काम लिने प्रचलनबाट म भुक्तभोगी छँदै थिएँ। कति कामले पाइकष्ट गर्नुभयो ? भनेर सोध्न मुखमुख आयो, तर बोलिन।

उता उसले बस्नेबित्तिकै ब्याग खोल्यो र ब्यागबाट सुनौला सिगरेट केस निकाल्यो अनि अलिकति खोलेर मतिर तेर्स्यायो। मैले एक खिली निकालें। ट्रिपल फाइभ सिगरेट थियो त्यो। म सलाई खोज्दै थिएँ। उसले ग्यास लाइटरले सिगरेट सल्काउन मद्दत गर्‍यो र आफूले पनि सल्कायो। एस्ट्रे किनेको थिइन। मसीको खाली सिसीबाट नै काम लिन थालेको वर्षौं भइसकेको थियो। त्यही सिसी अहिले पनि टेबिलमा राखें।

अहिलेसम्म पनि ऊ मेरा लागि प्रश्नको पिण्ड नै थियो।

दुई-चार सर्को सिगरेट तन्काएर अलिक हाँस्दै उसले भन्यो, "वकिलसाहेबले मलाई चिन्नु भएन कि ?"

निश्चय नै म अकमक्किएँ, तर ऊ बोल्दा उसको भाँचिएको दाँतबाट मैले अड्कल त काटें- यो त्यही चोर मगनसिंह त होइन ? तापनि मगनसिंह हुनु म सम्भव देखिरहेको थिइन। जम्मा तीन वर्ष बिते। त्यतिखेर ऊ, सातमा पढ्थ्यो। मैले बिर्सेको छैन। यो देशमा त्यसले यति छिटो यस्तो पर्सनालिटी कसरी गेन गर्‍यो ? राम्रोसँग पढ्दै गएको भए पनि अहिले दसैमा त हुन्थ्यो। ठूलो व्यापार गर्ने हैसियत उसको थिएन। साना व्यापारी उँभो उठ्ने देशको अवस्थै देखिन्न। आमा गरिब, दुखी थिई। ऊ बदमास। त्यसैले मगनसिंह हुनुमा शङ्का थियो। दाँत अरूको पनि भाँचिएको हुनसक्छ। कतै ठूलो मान्छेलाई त्यस्तो अर्थात् मगनसिंह ठानेर म अपराध त गर्दै छैन भन्ने आशङ्का पनि मनमा थियो, तैपनि मैले ताक परे तिवारी नत्र गोतामेको भावमा डराईडराई भनें, "किन नचिन्नु ! भाइ, उही होइन ? जसको मैले पहिलो एकपटक मुद्दा हेरेको थिएँ।"

अब ऊ राम्रैसित हाँस्यो।

उसले भन्यो, "वास्तवमा तपाईं इन्सान नभएर ईश्वर नै हो। त्यति पहिलेको कुरा कसरी सम्झिराख्न सक्या होला। मजस्ता दिनमा कतिसित भेट-मुलाकात हुन्छ ...।"

म निश्चिन्त भएँ। त्यो त्यही मगनसिंह थियो, जसकाविरुद्ध चोरी मुद्दा दायर हुँदै थियो र मैले नै त्यसलाई रद्द गराइदिएको थिएँ। मुद्दा दर्ज नै नभई टुङ्गिएको थियो। अब ममा मगनसिंह नभएर अरू नै कोही हो कि भन्ने आशङ्का रहेन, तर ऊ पहिलेजस्तो थिएन, बदलिएको थियो, बेअदब थियो।

मैले भनें, "अवश्य, जीवनमा धेरै व्यक्तिसित भेट हुन्छ, धेरै घटना घटछन्। ती सबैलाई सम्झिराख्न त सम्भव छैन- खासगरी सामान्य मस्तिष्कको व्यक्तिलाई, तर जीवनका खासखास घटना र खासखास व्यक्तिलाई बिर्सन सकिँदो रहेनछ।"

उसले बीचैमा कुरा काटेर भन्यो, "सम्भव छ। वकिल साहेबका लागि म त्यस्तै व्यक्तिमा परें, जसका बारेमा बिर्सन चाहेर पनि सक्नुभएन। साच्चै नै मजस्ता मानिससितको भेट वा घटनालाई सम्झेर राख्नुको कुनै औचित्य छैन होला.....।"

"होइन, होइन। तिमीलाई मैले न त बिर्सन नै खोजें न त सम्झिराख्न नै। तिमी मेरो स्मृतिमा अनायास रहेछौ। त्यसमा मेरो केही लागेन।"

"खैर !" विषय बदल्दै उसले भन्यो, "म तपाईंको धेरै समय लिन चाहन्न। काममा व्यस्त हुनुहुन्थ्यो होला। कतिलाई न्याय खोजिदिनुपरेको होला। त, कष्ट गरेर भरे साँझ मकहाँ चियापानका लागि पाल्नुभए कृतार्थ हुने थिएँ। केही कुरा पनि गर्नु थियो। आमाले पनि सम्झनुभएको छ।"

मैले 'भयो-भयो' भनेर कति तर्काउन खोजें, तर ऊ केही गरे पनि मानेन। मैले भरे उसकहाँ जानैपर्ने भयो।

"अँ, वकिल साहेबलाई थाहा छ कि छैन अहिले त म पुरानो घरमा छैन नि। फेरि सरासर त्यहीँ जानुहोला। नयाँ घरमा सरेकै छ महिना भइसक्यो। यी ठेगाना...।"

उसले मतिर भिजिटिङ कार्ड बढायो। मैले उसका हातबाट त्यो लिएँ र हेरें। त्यसमा एम् बिल्डिङ, बैंक रोड, भैरहवाको ठेगाना थियो। एम् बिल्डिङ बाहिरबाटै भए पनि मैले देखेकै घर थियो भव्य अर्थात् सुन्दर-शान्त विशाल, तर त्यो उसको आफ्नै वा आफन्तको पनि हुनुमा भने मलाई शङ्कामात्र होइन, आश्चर्य पनि लाग्यो।

"यो बिल्डिङ साँच्चै कसको पर्‍यो ?" उसले आफ्नो नयाँ घर भन्दाभन्दै पनि सायद भित्रदेखि पत्यार नलागेर होला अनायास प्रश्न पुत्क्यो।

"ल ल ल, वकिल साहेब त ! मेरै त हो नि !"

"तिम्रो !?" मानौं मेरा लागि आठौं आश्चर्य थियो।

"एस् !" उसले 'एस्' यस्तो किसिमले भन्यो कि मानौं ऊ कुनै फिल्ममा सुटिङका लागि एक्टिङ गर्दै थियो, "किन, पत्यार लागेन ?"

निश्चय नै म उत्तर दिन असमर्थ थिएँ। जुन किसिमले उसलाई मैले परिचयको अँगालोमा लिएको थिएँ, त्यस हिसाबले त पत्यार लाग्नु सम्भव थिएन। 'त्यो घर तिम्रो

हुनै सक्तैन' भनिदिऊँ जस्तो लाग्यो, तर भन्न सकिन । कारण, प्रमाणका लागि उससित त्यस जग्गाको लालपूर्जा र घरको स्वीकृत नक्सा र दर्ता होला मसँग केही थिएन, तापनि त्यो घर उसको हुनुमा मेरो मस्तिष्कमा आश्चर्यले ठाउँ जमाइरह्यो ।

मैले अगाडि भनें, "पत्यार नलाग्नु त के छ र ! फेरि पनि अपठ्यारो नमानीकन यो बताउन सक्छौ कि तिमी अहिले यस अवस्थामा कसरी पुग्यौ ? कुनै पेसा गर्‍यौ कि व्यापार वा नोकरी ? कि अरबसरब गयौ ?" मेरो अनुहार स्वयं मानौं एउटा प्रश्नको ढिका बनेको थियो ।

"पेसै भनौं, एक्सपोर्ट-इम्पोर्ट !"

ऊ बडो छोटो उत्तर दिएर धन्किन थाल्यो ।

मैले भनें, "मैले बुझिन ।"

"तपाईं यस्ता कुरा के बुझ्नुहुन्थ्यो र वकिल साहेब ! कानुनी कुरा पो बुझ्नुहुन्छ त !"

यति भनेर ऊ हाँस्यो र गमक्क पर्‍यो ।

"त्यो त के गर्नु ? आफ्नो जीवन नै यसैमा बित्न लाग्यो । कपाल कानुनमै फुले ।"

"अँ, तपाईंले न्याय गरेपछि मैले अरूका लहैलहैमा लागेर पाकेट मार्ने, चोरी गर्ने, ठग्ने काम चटक्कै छाडें । पढ्नु पनि धनै कमाउनका लागि रहेछ भन्ने बुझेर पढ्न पनि चटक्कै छाडिदिएँ । भन्नुहोस् त पढेकाले के नापे ? ..."

मैले केही भनिन ।

"...अँ, भैरहवाको एकजना व्यापारीले सुनौलीबाट सामान ल्याउन अरायो । चार-पाँच सयको सामान ल्याउँदा सत्तरी-असी कम्तीमा नाफा हुन्थ्यो । त्यसबाट मैले दस रुपियाँ पाउँथें । मेरो धन्धै भयो । धेरै दिनसम्ममा यस्तो काम गर्दा मलाई लाग्यो, त्यो सामान मेरो आफ्नै भएको भए त सत्तरी असी रुपियाँ नै मेरो हुन्थ्यो । म जोखिम सहेर काम गर्ने र साहूव्यापारी मोटाउने कुराले मलाई सताउन थाल्यो । अनि एक दिन त्यो काम नै छाडिदिएँ ।"

"ए !, अनि ?"

"...त्यसपछि भैरहवाको रेडियो-घडी-क्यासेटप्लेयर आदिको एक व्यापारी र नौतनवाको त्यस्तै एउटा व्यापारीसित सम्बन्ध राखें । केही सर्त राखिए, जसअनुसार भैरहवाबाट मैले विदेशी सामान परल मूल्यमा लैजाने र सो मूल्यभन्दा जति बढीमा नौतनवामा दिनसक्यो दिने र त्यो परल मूल्यभन्दा बढी रकम चाहिँ भैरहवाको व्यापारी र म मिलेर आधा लिने । कुनै कारणवश सामान हिनामिना भएमा वा तलमाथि परेमा पनि व्यापारीलाई मैले परल मूल्यचाहिँ बुझाउनै पर्ने । यसो गर्नाले व्यापारी मालामाल हुने र मेरो जीविका पनि राम्रोसित चल्ने भयो । बुझ्नुभएन ?"

"बुझें ।"

"एउटा उदाहरण- मानौं, एउटा घडी जसको उल्लिखित मूल्य नेरु बाह्र सय र परल मूल्य नौ सय हो । त्यो मैले नौतनवामा पुऱ्याउनासाथ त्यसको मूल्य भारु एक हजार हुन्छ र त्यसको नेरु एक हजार छ सय असी भयो भने नौ सय नेरु कटाएर बाँकी रहेको छ सय असीको अधा तीन सय चालीस मैले पाउँछु । उता नौतनवाको व्यापारीले त्यसै घडीलाई कम्नीमा बाह्र-तेह्र सय भारुमा बेच्छ र उसले पनि मलाई अलग कमिसन दिन्छ । विदेशी सामानका लागि त्यहाँ कति हानथाप हुन्छ, त्यो कुरा तपाईंलाई थाह्रै छ, तर कमिसनतन्त्र कति प्रभावकारी र लाभदायक हुन्छ, सायद यो तपाईंलाई थाहा छैन....।"

म हतप्रभ भएँ । केही बोल्न सकिन ।

"...उताबाट फर्किंदा रित्तै फर्किने कुरा पनि आएन । ....बस यसै धन्धाबाट अहिलेसम्म धेरै त होइन, त्यस्तै दसबाह्र लाख कमाएँ हुँला । सातआठ लाख त बिल्डिङमै लगाइदिएँ । सातआठ हजार महिनाको भाडा पनि त आउँछ । बैंक ब्यालेन्स छ र जीवन बिमा पनि । शङ्करनगरमा पाँच बिघा पक्की खेत किनेको छु । राम्रो उब्जनी हुन्छ....।"

मानिसहरू वकिलको पेसालाई राम्रो पेसा भन्दछन् । कमाइ नहुने होइन, हुन्छ । दिमागी खेती हो । कति वर्षपछि बल्ल एक तला घर उभ्याउन सकें । एक जनाको कमाइले घरव्यवहार चलाएर यति गर्नु ठूलो कुरो हुन्छ, हाम्रो समाजमा । तीन वर्षमा मैले कति कमाएँ र उसले कति कमाएछ निश्चय नै तुलना गर्नु व्यर्थ थियो । उसको कुरा सुनेर मेरो दिमाग झनझनायो । म चकित भएँ, तर त्यो प्रकट गर्न मलाई आफ्नो स्वाभिमानले दिएन ।

उसको धन्दालाई म वैधानिक भन्न सक्दिन । वैधानिक काम गर्नेको स्थितिबोधक म थिएँ । अवैधानिक धन्धाको परिणामबोधक ऊ थियो- प्रत्यक्ष । के वैधानिकताको मतलब यही हो कि हामी यसरी नै सधैं अभावै अभावमा छटपटाइरहौं, पिल्सिइरहौं....? म' म जुन पेसा बकिल पेसालाई ठूलो र ठूलो ठान्थें अहिले आएर केही, केही नभएको अनुभव गर्न थालें । तर होइन, दूधको दूध र पानीको पानी गरेझैं न्याय-अन्यायको निर्क्यौल गर्ने पवित्र पेसा कहिल्यै सानो हुन सक्दैन । उसको झैं पैसा कमिन्न । त्यो वेग्लै मुद्दा हो । स्वार्थवश वा अन्य कुनै दबाबले कुनै बकिल या न्यायाधीशले अन्यायको पक्ष पनि लेला, तर गलत भए पनि स्वयं त्यो पेसा कहिल्यै खराब हुन सक्दैन । सम्पत्ति नै सब थोक होइन । मैले उसका अगाडि आफूलाई हीनताबोध हुनुबाट यसरी तर्काउँदै लगें ।

म केही बोल्न सकिरहेको थिइन । कोठा मौन थियो । उसको भनाइको म आफूलाई खास प्रभावित नतुल्याएको देखाउन चाहन्थें । प्रेस्टिजको सवाल थियो ।

उसले चुरोटदानी निकाल्यो र मतिर बढायो, तर यसपटक उसको चुरोट खाइरहन मलाई अपठ्यारो लाग्यो । धेरै नखाने निहुं गरेर तर्काएँ ।

ऊ चुरोटको धुवाँ उडाउँदै थियो ।

मैले सोधें, "त्यस्तो धन्धा गर्दा भन्सारसन्सारले कहिल्यै पक्रेन ।"

"पक्रेन भने पनि हुन्छ ।"

"मतलब ?"

"मतलब के भने नि ! एकपटक पक्रेबराबर भयो ।"

"अनि ?"

"कुरा यस्तो थियो । म आफ्नो काममा व्यस्त थिएँ । बढीभन्दा बढी ट्रिप पार गर्नु थियो । म सधैं नै बेलहिया होइन, पक्लिहवा छोटी भन्सार भएर जान्थें । चार-पाँच ट्रिप त सहीसलामत पार भयो, तर एकपटक पुलिसले शङ्का गरेर पिछा गऱ्यो । यद्यपि मैले भन्सार काटिसकेको थिएँ, फेरि पनि रङ्गेहात समात्यो भने कारवाहीमा परिने र धन्धा बिथोलिने ठानेर दौडें । डन्डा पुलमा पुग्नासाथ म सामानसहित डन्डा खोलामा हाम फालें । सामान त्यहीं डुब्यो । म उत्रें र पाखा लागें । पुलिस हेरेको हेर्‍यै भयो । उसले समातेन किनभने समात्नका लागि अब मसित केही थिएन । खाली हात थिएँ । निहुँ जे बनाए पनि भयो । ... त्यसपछि खतरा महसुस गरेर मैले भन्सारका हाकिम र पुलिसकर्मीहरूलाई पनि बिलो लगाउने व्यवस्था मिलाएँ । त्यहाँदेखि बेरोकटोक यस काममा संलग्न रहँदै आएको छु । एकदुई जनालाई रोजगार पनि दिएको छु । कहिलेकाहीं भन्सारका हाकिम फेरबदल हुँदा केही अप्ठ्यारो पर्छ र त्यो पनि मिलिहाल्छ ...।"

मैले स्कुले साथी मङ्गललाई झल्याँस सम्झें । अहिले ऊ पक्लिहवा छोटी भन्सारमा हाकिम भएर आएको थियो, तर ऊ यस्ता कुरामा लिफ्ट दिने खालको व्यक्ति पटक्कै थिएन । हप्ता दिन भइसक्यो, भेट्न जान सकेको थिइन र ऊ पनि आएको थिएन ।

एकछिन चुप लागेपछि उसले भन्यो, "....र अहिले यहाँ मङ्गलसिद्धि आउनु भएको छ । भरे नै मेरो ट्रिप जाँदै छ । म तपाईंकहाँ आजै आउनुको खास कारण पनि यही हो ।"

"मतलब ?"

"मतलब के भने नि वकिल साहेब, मङ्गलसिद्धि तपाईंको दोस्त, जिगर दोस्त हुनुहुँदो रहेछ । भरे दोस्तहरूलाई भेट गराउने मेरो बिचार छ । हाकिम साहेब र वकिल साहेबलाई म यता चियापान अर्थात् साँझको चियापानमा व्यस्त राख्नेछु र उता मेरा मान्छेले सामान पार गर्नेछन् । ...अरू कुरा वकिल साहेबले हाकिम साहेबलाई फेरिफेरि मेरो ट्रिप जाँदा ओभर लुक गरिदिन भनिदिनु पऱ्यो । उहाँ मान्छे अलिक खरो हुनुहुन्छ भन्ने मैले पत्ता लगाएको छु । उहाँलाई तपाईंले बडो राम्रोसँग बताइदिनु पऱ्यो कि यहाँ खरो भएर काम चल्दैन ।"

म जिल्ल परें । त्यस्तो काममा सहयोग पुऱ्याउन म साथीलाई अनुरोध गरुँ ! यो

हुनै सक्दैन । यस्ता कुरामा चाख राख्ने भए मेरो पनि त्यस्तै बिल्डिङ हुन्थ्यो होला । यी कुरा उसलाई प्रस्टै भनिदिऊँ जस्तो लाग्यो, तर किनकिन भन्न सकिन र भनिन ।

उसले थप्यो, "यी मेरा धन्दाका कुरा गोप्य रहून् नि ।"

मानौं ऊ मलाई धम्की दिँदै थियो- खबरदार कतै भनिस् भने । मलाई यस किसिमको भ्रम भएको पनि हुन सक्छ । तीन वर्षअघि उसलाई मैले चेतावनी दिएको सम्झें । सम्झें मात्र । साँझको कार्यक्रमको स्मरण गराउँदै ऊ बिदा भयो ।

मोटरसाइकलको आवाजले वकिल पेसालाई खिसी उडाएझैं लाग्यो ।

समय निकै बितिसकेको थियो । पुनः बहसनोट तयार गर्नपट्टि ध्यान दिनथालें, तर ध्यान जान सकेन । उसको आगमनले मेरो दिमागलाई चक्कराइदियो । ऊ गएपछि कतै सपना हो कि जस्तो पनि लाग्यो, तर सपना थिएन । सपना देख्ने समय पनि त्यो थिएन । वास्तवमा हाम्रो लागि कुनैकुनै यथार्थ नै सपनाजस्तो हुने गर्छ । समाजले उसको धन्दा बुझ्दैन र उसको व्यक्तित्व देखेर उनलाई एउटा आदर्श पुरुष मान्ने गर्छ । साँच्चै नै मगनसिंह अब यस नगरमा एउटा दानवीर, कर्मवीर र समाजसेवी भएर निस्कनेछ । उसलाई एउटा, एउटा कसैले भन्सार छल्ने अभियोग वा तस्करीको आरोप लगायो भने त्यस्तो अभियोग वा आरोप लगाउने व्यक्ति नै बरु जेल जानुपर्नेछ । तर ऊ सधैं निर्दोष, सज्जन र आदर्श समाजसेवी नै ठहरिनेछ । नितान्त आदर्श पुरुष ।

मैले बहसनोट तयार पार्न सकिन । मानौं दिमागमा फ्युज गएको थियो । साँझ उसको निम्तोमा जाने कि नजाने भन्ने दोधार मनमा खेलिरह्यो । मैले कुनै निर्णय लिन सकिन, तर मगनसिंह मेरो दिमागमा चलिरह्यो । मेरो प्रयोग यो के भयो मैले छुट्याउन सकिन । मानौं न्याय-अन्यायको निक्यौंल गर्ने मेरो विवेक गुम भइसकेको थियो ।

**मिर्मिरे, २०४६, पूर्णाङ्क ७७ ।**

❖

# भूकम्प

भाद्र ५ गते नेपालमा अर्को महाभूकम्प गयो । यसबाट कति धनजनको क्षति भयो, त्यसको मूल्याङ्कन अझै हुनसकेको छैन, तापनि मानिस भन्छन्- यसबाट धेरैको जीवनकथा समाप्त भयो । त्यसमा हामी असहमत छैनौं, तर हामीलाई लाग्छ यसबाट धेरैको कथा पनि सुरु भयो ।

भूकम्पले आफ्नो ताण्डवनृत्यको पदचिन्ह छाडेर गएको थियो । सडक कतै भासिएको र कतै उठेको थियो । घर खण्डहरमा साटिएका थिए । कतै भत्किएका घरमुनि पुरिएका जीवित आत्माको चित्कार सुनिन्थ्यो र त्यो चित्कार क्रमशः कम हुँदै गएर बन्द हुन्थ्यो । यसबाट त्यो जीवित आत्मा मृतात्मामा परिणत भएको अडकल लाग्थ्यो । स्थिति हृदय-विदारक थियो ।

मिस कमला, राम र म मिलेर तत्कालै केही चन्दा सङ्कलन गर्न थाल्यौं र मानिस जुटाएर उद्धारकार्य प्रारम्भ गर्‍यौं । अर्को स्कुल (जसको नामोल्लेख गर्नु आवश्यक छैन) का साथीहरूले पनि सो कार्यमा सहयोग पुर्‍याए । दीपक तिनैमध्येको थियो । हामीले कति मानिसलाई भत्केको घर खोतलेर जिउँदै निकाल्यौं, कति लास निकाल्यौं, कति घाइतेलाई उपचार सुविधा पुर्‍यायौं, कति सख्त घाइतेलाई अस्पताल पुर्‍यायौं । त्यसपछि मात्र सरकारी स्तरबाट भूकम्प उद्धार समितिको गठन भयो र त्यसले धेरै सोचविचार गरी कार्यक्रम बनाएपछि मात्र उद्धारकार्य प्रारम्भ गर्‍यो । तबसम्म हामीले उद्धारकार्यलाई तीव्र गतिमा अगाडि बढाइसकेका थियौं ।

भूकम्प उद्धार समिति अस्तित्वमा आउँदा साथ त्यसले हामीमाथि नराम्रो दृष्टि राख्न थाल्यो । उनीहरू जागिर खाँदै थिए र भत्ता पकाउँदै थिए । हामी स्कुल नगई विनाभत्ता उद्धारकार्य गर्दै थियौं । हाम्रो उद्देश्य दैवी विपत्तिमा परेकाको उद्धार गर्नुमात्र थियो । हामीलाई कसैले खटाएको थिएन, स्वविवेकमा खटेका थियौं । निस्वार्थभावले रातसाँझ नभनी भोकभोकै पनि जुटेका थियौं । खण्डहरबाट जीवित निकालिएका र उपचारबाट स्वस्थ भएकाहरू पनि हाम्रो प्रशंसा हुनथाल्यो । हाम्रो कार्यले भूकम्प उद्धार समितिको अस्तित्वलाई निस्तेज गरिदिएको थियो । त्यो हामीले मात्र बुझेका थिएनौं, जनताले पनि बुझेका थिए र भूकम्प उद्धार समितिका सदस्यहरूले पनि बुझेका थिए ।

बस उनीहरूले त्यस कुरालाई बुभ्नु नै हाम्रो जीवनमा भूकम्पको अर्को धक्का लाग्नु भयो । जुन धक्का हामीले मात्र महसुस गऱ्यौं । पाठकवृन्द, त्यो धक्काको अनुभव हामी तपाईंलाई सुनाउनसम्म चाहन्छौं, बाँड्न होइन ।

मिस कमलाकी दिदी ममता मालपोत कार्यालयमा खरदार थिई र तिनताका उसको र मेरो विवाहको कुरा चलेको थियो । चलेको थियो मात्र होइन, छिनिएकै थियो । आई.कम. उत्तीर्ण गरेकी जागिरदार र कुलीन घरानाकी छोरी ममतासित हुने शुभ-विवाहका सपना म रातदिन देख्थें । म मा.वि.को शिक्षक थिएँ । ममताको भन्दा बढी तलब र सम्मान मेरो हुन्थ्यो- देखेंका लागि भए पनि । कमलाबाट मैले थाहा पाएको थिएँ- ममता पनि मेरा लागि सपना देख्थी र कमला मलाई भिनाजु भनी पुकार्थी । लाज र गौरव दुबै हुन्थ्यो मलाई । फेरि पनि विवाहको छिनोफानो ममताबाट होइन, उसका बाबुबाट भएको थियो ।

रामको पनि तिनैताका विवाहको टुङ्गो लागेको थियो । रामका बाबु जिल्ला कार्यालयमा पुराना सेक्सन अफिसर थिए । सुभद्राका बाबु खानदानी धनी थिए । बीसौं शताब्दीको अस्तित्वलाई पैतालामुनि कुल्चेर राम र सुभद्राले आ-आफ्नो ठाउँबाट समर्थनको टाउको हल्लाएका थिए । मङ्सिरमा विवाह हुनु थियो ।

तर अहिले हामी सपना देख्न छाडेर उद्धारकार्यमा जुटेका थियौं । चार-पाँच दिनसम्म स्कूलमा आफ्नो काम गर्न जान सकिएन । प्रधानाध्यापकसँग बिदा स्वीकृत गराउने धैर्य हामीसित थिएन । कमजोरी हाम्रो हो ।

एकदिन बिना अनुमति चन्दा सङ्कलन गर्न र उद्धारकार्य आदि गर्न नपाइने, समाचार रेडियोबाट सुन्यौं । घरमा आगो लागेको देखेर निभाउने तरखर गर्ने कि सरकारी अधिकारीकहाँ निभाउने अनुमति माग्न जाने ? हामीले आपसमा यस्तो कुरा गऱ्यौं । सरकार र सरकारी नीतिको पनि आलोचना गऱ्यौं र आफ्नो कार्य छाडेनौं । जनताले हाम्रो कार्यलाई सराएकै थिए । त्यसभन्दा ठूलो उपलब्धि के थियो भने हामीले कैयौं मानिसलाई मर्नबाट जोगाएका थियौं । तिनको शुभकामना हाम्रा साथ थियो ।

पहिले त हामीले रेडियोबाट सुन्यौं । दोस्रोपटक समितिका सदस्यका मुखबाट सुन्यौं र पछि पत्र पनि आयो- त्यस्तो 'गैर कानुनी कार्य नगर्न' भनेर । हामीले बसेर छलफल गऱ्यौं । सयौं व्यक्तिको जीवन र मृत्युको यस घडीमा हामीले जुन किसिमले काम गर्दै आएका थियौं, त्यसबाट धेरैले राहत पाएका थिए । कैयौं स्वस्थ भइसकेका थिए । एउटै व्यक्तिको जीवनलाई बचाइदिनु पनि कम ठूलो काम थिएन भने हामीले त कैयौंलाई बचाएका र बचाउँदै थियौं । हामीले बीचैमा त्यो कार्य छाड्नु अवश्य पनि उचित थिएन । तसर्थ उद्धारकार्य जारी राख्ने निर्णय लियौं । चन्दा सङ्कलन गर्न अनुमति आवश्यक बताइएकाले सो माग्न गयौं । तर अनुमति दिनुको सट्टा गिरफ्तार गरियो । हाम्रा मनमा जुन चोट पऱ्यो, त्यसको बयान गर्न सकिन्न ।

गिरफ्तारीको धेरै विरोध गऱ्यौं । हल्ला पनि मच्चायौं ।

एक हप्तापछि हामीलाई छाडियो ।

हामी फेरि भूकम्प प्रभावित क्षेत्रमा गयौं । खासगरी धरान क्षेत्रमा ।

हामी फेरि चन्दा सङ्कलन गर्न गयौं ।

हामीलाई फेरि चेतावनी आयो ।

र हामी हार मानेर आ-आफ्ना स्कूलमा गयौं ।

तर परिस्थिति उही थिएन, जुन भूकम्प आउनु पहिले थियो । हामीलाई स्कुलमा उपस्थिति जनाउन दिइएन । फेरि पनि हामीले आ-आफ्नो ड्युटी भने पूरा गर्दै गयौं । आ-आफ्ना कक्षा लियौं । कक्षा चल्न थालेका थिए । बेलाबेलामा मनले नमानेर हामी भूकम्प प्रभावित क्षेत्रमा भइरहेको उद्धारकार्यका निरीक्षण गर्न गयौं ।

बडो जोडतोडले काम भइरहेको थियो । उद्धार-टोलीका सदस्यहरू कार्यमा यति विघ्न तल्लीन थिए कि उद्धार-सामग्री भूकम्प पीडितले नै पाएको छ वा छैन भन्ने कुरामा खास ध्यान दिदैनथे । उदारता उदाहरणीय थियो । भूकम्प पीडितका लागि भनी आएका सामग्री यताउति पनि हिंडिदिन्थे । खास भूकम्प पीडितचाहिं अझ कति बिचल्लीमै थिए । सबै किसिमको लगत राख्ने काम हुँदै थियो । वितरित सामग्रीको लगत राख्ने कार्य विशेष होसियारीका साथ सम्पन्न हुँदै थियो र टोलीको प्रमुख कार्य त्यही भएजस्तो लाग्थ्यो । हामीलाई देखेर भूकम्प पीडितहरू आशाका आँखाले हेर्थे र हामी विवशताका आँखाले जवाफ दिएर फर्किन्थ्यौं ।

रामको स्वभाव बदलिएको थियो । ऊ स्कुलमा मितभाषीमा गनिन्थ्यो, तर अब टीकाटिप्पणी र आलोचनामा सबभन्दा बढी सहभागी ऊ नै हुन्थ्यो र एक किसिमले ऊ हामीहरूको नेतासरह भइरहेको थियो, अर्थात् टोलीनेतासरह । स्कुलमा पहिले त उपस्थिति जनाउन दिइएको थिएन र अब उपस्थित हुन पनि दिइएन । हामीले भन्यौं, "हामीलाई हाजिरी गर्न नदिए पनि पढाउन वा आफ्नो पेसागत कार्य गर्न दिइयोस् ।" तर दिइएन र एकदिन हामीलाई बर्खास्त गरी हाम्रा सट्टामा अरूलाई नै नियुक्त गरियो ।

बर्खास्तीले हामीलाई विचलित तुल्यायो ।

राम उफ्रियो । कमला बम्की । म आवेशमा आएँ ।

यद्यपि हामीलाई बर्खास्त गर्नुमा प्रधानाध्यापकको मात्र हात थिएन, तापनि हामीले उनैलाई मुख छाड्यौं । सायद हामी गलत बाटोमा थियौं ।

दीपकको कथा पनि यही थियो ।

अब हाम्रो काम थिएन । उद्धारकार्य अझ हुँदै थियो, तर हामीले त्यस काममा सरिक हुन नपाउने भयौं । विद्यार्थीलाई विद्या दिएर तिनमा ज्ञानको ज्योति बाल्ने काम जारी थियो । तर हामीले त्यो काम गर्न नपाउने भयौं । हामीसित समय थियो । समस्या थिए । समस्यामाथि चर्चा चलाएर सरकारी नीतिको आलोचना र आफ्नो बर्खास्तीको निन्दा गरेर समयलाई सर्काउँदै थियौं ।

पछि थाहा भयो । रामको बर्खास्ती र नियुक्तिपत्र साथै तयार भएका थिए । राम पावरवाला मान्छे थियो । उसको बर्खास्तीपूर्व उसका बाबुसित सल्लाह गरिएको रहेछ । हामीलाई बर्खास्त गर्न रामलाई पनि बर्खास्त गर्नु आवश्यक थियो । रामले बाबुकै विभागमा नामको नासुको अस्थायी नियुक्ति पाएको थियो- मा.वि. शिक्षकबाट बर्खास्त भएकै मितिदेखि लागू हुने गरी । हामीले उसलाई बधाई दियौं । बधाईमा व्यङ्ग्य पनि हुन सक्थ्यो । जे होस् ऊ हाजिर हुन जान मानेन । हामीले सम्झायौं, "जागिर खान सजिलो भए पनि पाउन गाह्रो छ । बाबुको फोर्सले पाएको छस् । किन छाड्छस् ? जा ।" उसको भनाइ थियो, "जागिर दिने नै हो भने हामी सबैलाई दिनुपर्छ । पक्षपात हुनुहुन्न । मलाई मेरै हैसियतले हेर्नुपर्छ बाबुको हैसियतले होइन ।" यस कुरामा हामीले उसलाई धन्यवाद दियौं, तर उसलाई नियुक्ति पाएको ठाउँमा जान कर लगाइरह्यौं । मान्छे ऊ पनि छिपीवाल नै थियो ।

दसैं विरसिलो गरी बितिसकेको थियो । हामी कसैले पनि दसैंलाई बडादसैंका रूपमा होइन, बडो दशाका रूपमा मनायौं । कार्तिकको हुस्सुले गाउँसहरलाई छोप्न थालेको थियो । घर भत्केका र मृतक परिवारलाई रुपियाँ बाँड्ने भनी टोली खटाए । टोलीमा जान सोर्स पनि चल्यो, फोर्स पनि लाग्यो । जिल्ला कार्यालयको कर्मचारी मानेर रामलाई पनि एउटा टोलीमा जान चिठी आएको थियो । चिठी देखेर राम हाँस्यो । राम हाँसेको देखेर हामी पनि हाँस्यौं र हाम्रो परिवेश पनि सायद ।

भूकम्प पीडितलाई बाँड्न पठाएको रुपियाँ अन्तअन्तै पनि बाँडियो । घर नभत्केकाले पनि भत्केसरहको सुविधा पाए र घर भत्केकाले पनि घर नभत्केकाले झैं सुविधा पाएनन् । तर लगत जस्तो हुनुपर्थ्यो, ठीक त्यस्तै तयार पारिंदै थियो ।

रामले भन्यो, "टोलीमा खटाएअनुसार गएको भए त्यहाँ पनि म बर्खास्त हुने रहेछु किनभने म एउटालाई सुविधा दिएर एउटाको नाउँमा लगत राख्ने पक्षमा हुने थिइन ।"

हामीलाई हाँस्न मन लाग्यो ।

दीपकले टिप्पणी गरेको थियो, "गएको भए तं पनि त्यसै गर्थिस् ।"

अर्को दिन मिस कमला अँध्यारो अनुहार लिएर आई । ममता र मेराभन्दा मीठा सपना सायद कमलाका थिए । उसले भनी, "तपाईंलाई अब भिनाजु भन्न नपाउने भएँ । दिदीको बिबाह अरूसितै हुने भयो । हिजो फेरि छिनाफानी गरे ।" म तर्सें, बिचलित भएँ । ममतामाथि माया बसिसकेको रहेछ । पछि थाहा पाइयो- विवाह भत्किनुको कारण मेरो बर्खास्ती नै थियो अनि त म बर्खास्तीको अझ बिरोधी हुन थालें । मेरो होस ठेगानमा थिएन ।

रामले ठट्टा गऱ्यो, "दिदीसित भएन भने भने बहिनीसित" ।

कमलाले जिब्रो टोकी । लाजले राती भई । रिसले कालीनीली । रामले नै थपेको थियो, 'म सिफारिस पनि गर्छु ।'

मैले भनें, "म त सहमतै छु ।"

कमलाले भनी, "म स्वीकार गर्छु ।"

दीपकले ताली पिट्यो ।

ठट्टाको निष्कर्ष के भयो म भन्न सक्दिन, किनभने ममताको स्मृतिले धेरै कुरालाई दिमागमा पस्न-बस्न अलमल्याइ दिएको थियो । मलाई अधीर बनाइरहेको थियो । विवाह हुने भनेदेखि अनायास बसेको त्यस मायाप्रति सायद विरह हुनु आवश्यकचाहिँ छँदै थिएन ।

अब कुरा के भयो भने मिस कमला सपना बुन्न थाली । मैले ठट्टामै लिएको थिएँ । कमलाको व्यवहार बदलियो । तर मेरो धारणा विकसित भइसकेको थिए- दिदीका सम्बन्धका बारेमा जे भयो त्यो बहिनीका बारेमा पनि हुन सक्छ । त्यसैले म तटस्थ रहन चाहन्थें । नसक्नु आफ्नै कमजोरी हो । उता मिस कमलाले त्यो कुरा दिदीसम्म पुऱ्याएकी थिई र दिदीको कुरा मसम्म ।

रामको विवाहको दिन नजिक आउँदै थियो । उसले भन्यो, "ममता र सुभद्राका बाबु साथी-साथी रहेछन् । तेरो विवाह भाँचिदिएपछि मैले पनि उसकी छोरीको विवाह भाँच्न जानेको छु । म घोषणा गर्छु - "सुभद्रासित मेरो विवाह हुँदैन ।" हामीले रामलाई त्यो नगर्न सम्झायौं, तर ऊ मानेन । उसले एक दिन यो निर्णय आफ्ना बाबुलाई पनि सुनाएछ ।

भूगर्भका विभिन्न प्लेटहरूको गति झैं हाम्रा परिस्थितिको गति पनि एकैतिर थिएन । त्यसैले बेलाबेलामा यस्ता साना ठूला भूकम्पको धक्का महसुस भइरहन्थ्यो ।

रामका नाउँमा जुन नियुक्तिपत्र आएको थियो, अब सेवामुक्त गरिएको पत्र पनि आयो । राम फेरि हाँस्यो ।

मैले भनें "तँ काममा नगए पनि बर्खास्त हुन सक्ने रहेछस् ।" एकैछिनमा सब हाँसे ।

हाम्रो जीवन व्यर्थ र निस्सार बित्दै थियो ।

राम डिपीवालमात्रै थिएन धनवान पनि थियो र उसका बाबु-बाबु नै थिए । सुभद्रासित बिबाह गरिदिने ढिपी टुटेको थिएन । रामको निर्णय उनका लागि सायद केही पनि थिएन । तसर्थ विवाहको पूर्वतयारी हुँदै थियो र राम आतङ्कित हुँदै थियो ।

हामी पुरानो बजारको भग्नावशेष हेर्दै भूकम्पले चिरा चिरा पारेको दन्तकालीको दर्शन गरेर पिण्डेश्वर क्याम्पसको चउरमा पुग्यौं । बाटामा राम अघिअघि थियो र उसका पछि लाग्दा हामी यस ठाउँमा पुगेका थियौं ।

रामले भन्यो, "परिस्थिति सबैलाई थाहा छ । यस बीच म अर्कै कसैसित विवाह गरेर उम्किन चाहन्छु । त्यसका लागि तिमीहरू सबैले साथ दिनुपर्छ ।" अनि उसले मलाई धाप मार्दै भन्यो, "तेरा लागि उपयुक्त कन्या खोज्ने जिम्मा मेरो !"

म झस्के । मानौं यो कुरा मैले विपनामा होइन सपनामा सुनेको हुँ । कमला त्यहीं थिई ।

रामले कमलाका मुखमा हेरेर भन्यो "म तँसित विवाह गर्न चाहन्छु । सुभद्रासितको बिबाह रोक्न सबभन्दा छिटो र सजिलो यही हुन्छ । भन कमला !"

दीपकले अहिले पनि ताली पिट्यो ।

कमलाको अनुहार रातो, कालो, नीलो, पहेलो र सेतो हुँदै अन्तमा फेरि रातै भायो । मानौं सप्तरङ्गी इन्द्रेनी नै पऱ्यो उसको अनुहारमा ।

राम एकोहोरो बोल्दै थियो, "भन कमला ! मलाई अरू कसैको केही वास्ता छैन न मेरा वाबुआमाको न तेरा वाबुआमाको ! मलाईमात्र मेरो पीडित समूहको वास्ता छ ।"

उसको अन्तिम वाक्यले हामी सबैमा एकनाको सञ्चार गरिदियो । त्यसमा कुन किसिमको एकना थियो त्यो बेग्लै प्रश्न हो, तर सबैका अनुहारमा सहमतिका सरल रेखाहरू देखापरे । सायद मैले कमलालाई प्रेम गर्न थालेको थिएँ र यस घटनाले अब मेरो हृदय विदीर्ण हुन थाल्यो, तर यो कुरालाई मैले खरानीभित्रको फिलिङ्गोसरह लुकाइराखें । सायद यसो गर्नु आवश्यक थियो ।

हामी विजयपुरको डाँडाबाट तल ओर्ल्यौं र गीता भवनमा पुग्यौं । भूकम्पले आफ्नो ताण्डवनृत्यका पदचिन्हले गीता भवनलाई प्रभावित पार्नसकेको थिएन । थुप्रै भूकम्प पीडितहरू यहाँ शरणार्थी बनेका थिए । तिनको आर्तनादले पत्थर पनि पगाल्थ्यो । पुजारी आरतीको तयारीमा थिए । सहरका श्रद्धालु झुम्मिदै थिए । आरतीका बेला शंखघन्ट र डमरुको स्वर लहरी निक्ल्यो र यसैबीच रामले कमलालाई सिन्दुरले रङ्गाउनु थियो । दीपक र म हेर्दै थियौं । कमला सुक्सुकाई । भीडलाई चिर्दै प्रहरी त्यहाँ पुगे । सिन्दुर हातमै थियो । हामी गिरफ्तार भयौं । कारण, हामीलाई थाहा भएन । सायद प्रहरीलाई पनि थाहा थिएन, कुनै तर्क पनि थिएन । हामी प्रहरीका साथ लागेर निक्लन लाग्दा देख्यौं, ममता र सुभद्रा त्यहीं आरती हेर्न उभिरहेका थिए र उनीहरूको चञ्चल, चकित दृष्टि हामीमाथि थियो ।

प्रिय पाठकवृन्द, यो हाम्रा लागि भूकम्पको अर्को चर्को धक्का थियो । यसले कति उथलपुथल ल्यायो, त्यो नभनौं ।

हाम्रो कथा अझै टुङ्गिएको थिएन । हामीलाई लाग्यो, हाम्रो कथा त बल्ल पो सुरु हुँदै थियो ।

आकार, २०४५ पुस, अङ्क ३६ ।

❖

# बोर्डिङको सान

घरमा आटोपीठो खाएरै भए पनि आफ्ना नानीलाई बोर्डिङ स्कुलमा नपढाए इज्जतको सवाल उठ्ने सामाजिक मूल्य र मान्यता विकसित भइसकेको छ । मलाई थाहा छ- कुरा गलत हो, तर समाजको गाल जोगाउन बडो मुस्किलले आफ्नी छोरीलाई एउटा प्रसिद्धिप्राप्त बोर्डिङ स्कुलमा भरखर भर्ना गराएको थिएँ । मनमा यसै पनि खिन्नता थियो । नेपाली भएर, नेपालीको शिक्षक भएर अङ्ग्रेजी दासताका पछि दगुर्ने ? अन्तरात्माको आवाज कर्णकुहरमा गुन्जिरहेको थियो । 'ओहो हजुर जस्ताले पनि आफ्ना नानी के हुन्थ्यो नि सामान्य स्कुलमा पढाउन ? सरकारी स्कुलमा त नेपाली माध्यम, खत्तम छ ।' बोर्डिङका अघोषित दलालका खास-खुसे कुरा फेरि छुरा बनेर अगाडि तेर्सिरहेका थिए । असामाजिक हुनबाट बच्न अन्तमा आफ्नो नानीलाई बोर्डिङको जिम्मा लगाएर लघुताभासले थिचिँदै घर फर्केको थिएँ ।

बाटाभरि मलाई प्रश्नले किच्यो- भर्ना त भो, सालभरि शुल्क कसरी बुझाउने ? दुई-दुई जोर कपडा तत्काल केले किन्ने ? महिनैपिच्छेका अन्य फर्माइस कसरी पुऱ्याउने ? सिफारिस गरिएका त्यत्रा किताब केले जुटाउने ? टिफिनमा के पठाउने ? ...

अर्को महिना, खोजखन्तार पारी शुल्क बुझाउन स्कुलमा गएको थिएँ । कविताको गार्जियन आएको स्कुलमा हल्ला चलेछ । म पनि अर्कै स्कुलको भए पनि शिक्षक भएकाले होला मेरी छोरी, कविताको धेरै शिक्षकले विशेष वास्ता गरेका रहेछन् । त्यो मैले थाहा पाएँ । भेट भएका सबै शिक्षकले मसित अङ्ग्रेजी अभिवादन र कुरा गरे । मैले मुसुक्क हाँसेर नमस्ते भनें । तिनीहरूलाई ठक्कर लागेछ क्यार ! अगाडि बोलेनन् ।

म निस्कनै लागेको थिएँ, एकजना शिक्षकले मेरो ध्यानाकर्षण गरे- चर्को 'हेलो'बाट । म रोकिएँ । कविता साथमा थिई ।

पालिसयुक्त काला चम्किला जुत्ता, कालै प्यान्ट, सेतो सर्ट, बैजनी रङको टाइमा ती शिक्षक सजिएका थिए । चुस्तदुरुस्त ! आँखामुनि मासगेडे कोठी देखिन्थ्यो ।

अगाडि आइपुगेपछि उनले अङ्ग्रेजीमा भने, जसको भाव तपाईंको नानी, कविता खुब पढ्छे । धेरै जानिसकेकी छे । राम्री छे । जुत्ता ड्यामेज छ, अर्को हाल्दिनुस् । यो

फाल्दिनुस् । टाइको रङ मिलेन । अर्को किन्नोस् । किताब कापी-कलम पुगेन । भोलि त पक्कै पूरा होला । गर्नुपर्‍यो है ! ....उनी बोल्दै थिए म सोच्दै थिएँ- बिदेशी भाषामा जवाफ दिनु आत्मसम्मान गुमाउनु हो । मैले नेपालीमा जवाफ दिन खोजें । उनले बीचैमा "म नेपाली, हिन्दी बुझ्दिन, के तिमी अङ्ग्रेजीमा बोल्न सक्दैनौ" भनी अङ्ग्रेजीमा आश्चर्यचकित हुँदै भने ।

मैले गौरवसाथ भनें, "अङ्ग्रेजी बोल्ने कुरामात्र होइन, म त अङ्ग्रेजी बुझ्दा पनि बुझ्दिनँ ।"

उनी अँध्यारो अनुहार बनाएर फर्के । म पनि हिँडें ।

तर मलाई बाटाभरि पश्चात्तापले लुछिरह्यो- मैले आज एक शिक्षकको चित्त दुखाएं ! स्वाभिमानका नाउँमा बुझेको अङ्ग्रेजीलाई बुझ्दिन भनी ठूलो झुठो कुरा गरें । आफ्नो आर्थिक कमजोरी ढाक्न एउटा शिक्षकसित अङ्ग्रेजी नबुझेको स्वाङ गरें । आँखामुनि मासगेडे कोठी भएका ती शिक्षकको अलिनो अनुहार मेरो हृदयमा छापिएझैं लाग्यो । यद्यपि उनमा कतै पनि नेपालीपन थिएन ।

त्यो दिन बिहिबार थियो र बिहिबार साप्ताहिक हाट लाग्थ्यो । म स्कुलदेखि घर गएं र घरबाट हाटबजार हिंडें । बजारमा हजार भन्छन् । थरीथरीका मान्छे ! किनबेच भइरहेको थियो । जाडाको दिन साँझ पर्न लागेकाले व्यापारीहरू चर्को आबाजले कराउँदै थिए । मान्छेहरू सस्तो खोज्दै-किन्दै थिए । म प्लास्टिकको झोलामा आलु छान्दै थिएं, मासगेडे कोठीवाल बोर्डिङ शिक्षक त्यहींनेर रहेछन् । 'हेलो' भने । मैले नमस्ते भनें । अहिले उनी अर्कै सादा पोसाकमा थिए । अनुहार उज्यालो थियो । भाषा नै नमिले पछि लामो कुराको सम्भावना नै रहेन ।

आलु किनिसकेर यताउति हेरेको त तिनी नजिकै एउटा गोभीवालासित हिन्दीमा मोलमोलाइ गर्दै गरेको देखें । तिनी हिन्दी त बोल्दा रहेछन् । एउटा आत्मज्ञान भएको थियो मलाई ।

त्यस्तै भो । तिनकै बारेमा सोच्दै थिएं । किनमेल सकियो र म अब बिस्तारै बजारको उकुसमुकुसबाट उम्कने दाउमा थिएं । मनभित्र पनि अनेक अन्तर्द्वन्द्व र उकुसमुकुस हुँदै थियो ।

देखें, अलिकपर धेरै मानिस जम्मा भएका छन् र होहल्ला बढेको छ । हेर्दाहेर्दै हल्ला बिस्तारै पानीको तरङ्गझैं मेरो वरिपरि पनि आयो । छेउछाउका व्यापारी बेच्नपट्टि भन्दा आ-आफ्नो पैसा राख्ने ठाउँ बलियो गर्न थाले । हल्लैहल्लाबाट बुझिन्थ्यो, त्यहाँ कसैले कसैको पैसाको पोको उछुट्याएको छ ।

"चोर, चोर !.....बगलीमार, बगलीमार !"

हाटबजारै गुन्जियो ।

सबै सावधान ! सबै पक्क भए ।

उत्सुकताले भीडनेर पुगें । आश्चर्य ! तिनै मेरा शिक्षक मित्र ! मासगेडे कोठीवाल शिक्षक ! तिनलाई दुईचार जनाले समातेर भयाक्कलभुक्कल पार्दै रहेछन् । भीडबाट जोकोहीले मुड्क्याउँदै पनि थिए । मैले सबलाई त्यसो गर्नबाट रोकें । ती शिक्षक बोर्डिङका शिक्षक हुन् । तिनबाट त्यस्तो काम हुनसक्दैन, म तिनलाई राम्रोसँग चिन्छु । म यसरी विश्वास दिलाउन खोज्दै थिएं । एक महिलाले स्पष्ट शब्दमा भनिन्- "यो पटकेचोर हो । शिक्षक हुनैसक्दैन । आज त जाकेटको गोजीमा मेरो थैली हाल्दा आँखैले देखेर समातेकी हुँ । नपत्याए अझ त्यहीं छ, झिक मेरो थैली । अस्ति चौधरीका चोरेका पनि होइन भन्न सक्छस् कि !"

म किंकर्तव्यबिमूढ भएँ ।

तिनी भन्दै थिए, "मसित थैली छ र पैसा पनि छ । त्यसमा तिम्रोजस्तो थैली मेरो हुनसक्दैन भन्या ? आफ्नो थैली खसेको, टिपेर खल्तीमा हालें । कस्तो कुरा गर्दिरहिछन् ए यी आँबै त ! बित्थामा मलाई ..."

उनी स्पष्टीकरण दिंदै थिए, शुद्ध नेपाली भाषामा । एकचोटि त मैले तिनलाई सरं नियालिहेरें । फेरि पनि तिनी उनै कोठीवाल शिक्षकै थिए, जसले मसित नेपाली, हिन्दी बुझ्दिन भनेका थिए । त्यो पनि आजै र उनको स्पष्टीकरणको मलाई कुनै अर्थ रहेन ।

आफू पनि शिक्षक, तिनकै ग्याङको भनी जनताले भकुर्ने पो हुन् कि भनेर म भीडबाट लुसुक्क निक्लेर सुइँकुच्चा ठोकें ।

बाटो कसरी बित्यो ? थाहा भएन । घरमा पुगेरमात्र लामो ढुक्कको सास फेरें । छोरी कविता भरखर स्कुलको ड्रेस फुकाल्दै थिई । बोर्डिङ स्कुलप्रतिको सामाजिक मान्यता र आकर्षण कहिलेसम्म चल्ने होला भनी म चिन्तामग्न भएँ ।

**प्रतिभा, २०४५, अङ्क १ ।**

❖

# रोग-शय्यामा

म रोगी ! ओछ्यानमा पल्टेको छु र के-के सोचिरहेछु । मेनिन्जाइटिस, मेनिन्जाइटिस ! एउटा रट लगाइरहेको छु । मृत्युको उपक्रम ! ओह मृत्यु ? कुनै भयानक शब्दले कोपर्छ मलाई । मानौं मेरो मुटु कमजोर भएको छ, शरीर शिथिल । म मृत्युदेखि डराउँछु । भइगो डराउनु पर्दैन, किनभने म रोगमुक्त भएँ रे ! भरेसम्म छुट्टी मिल्छ रे मलाई ! नर्सले भरखर भनेर गई । मेरो टाउको भने दुखेकै छ । हत्केलाले टाउको थिचेको छु र पल्टेको छु ओछ्यानमा ।

क्याम्पसको मनोरम बगैंचामा साथी भेला भएका छन् । च्यापुले छाती छोएन भने मेनिन्जाइटिस लागेको सम्झनुपर्छ भन्दै कुनै च्यापुले छाती छुने प्रयासमा र टाउकोमा पानी भरिन्छ रे भन्दै कुनै केटाकेटीका झैं टाउको हल्लाइरहेको दृश्य । अनि सामूहिक हाँसो । म पुग्छु । सबै पैन्टको गोजीमा हात पुऱ्याउँछन् । रुमालले नाकमुख गर्छन् । अनि मौनता । म लाश हुँ ? सिनो हुँ, टुकुचाको ? आखिर म रीताकै नजिकमा गएर बस्न खोज्छु । तर ऊ ? ऊ उठेर हिंड्न खोज्छे । असह्य अपमानबोधले मेरो नाकमुख सुक्छ । दुर्बासाको क्रोध जाग्छ, तर प्रकट हुनसक्दैन । म हात उचाल्छु, सबैलाई धुलोपीठो पार्न, तर हात अचल । म मुर्मुरिन्छु । सबै हाँस्छन् । मानौं म हास्यपात्र बन्छु ।

म झल्यास्स हुन्छु । मुटुको धुकधुकी बढेको हुन्छ मेरो ।

वरपर नीरवताको साम्राज्य छ । म सोच्न थाल्छु । रीता मेरी दिदी पक्कै होइन । क्लास फेलो हो, जसलाई म सुरुसुरुमा अरूले जस्तै जिस्क्याउने गर्थें । एकताका ऊ मसँग निशङ्कोच हिंड्थी । मैले एकदिन त धन्दै 'डार्लिङ' भनिदिएको ! कस्तो भनेनछु !... सँगै उठबस गर्दा रीताप्रति मेरो श्रद्धा जाग्यो, ठट्यौले प्रेम होइन । त्यसैले दिदी भन्न र तदनुरूप व्यवहार पनि गर्न थालें । कतिपय साथीले पत्याएनन् पनि । अरूको के कुरा, रीता नै पनि कति दिनसम्म विश्वस्त थिइन । ऊ आवेशमा आउँथी र मलाई बदनियतको अन्ध कूपतिर धकेल्ने प्रयत्न गर्थी । तर म 'दिदी !' भन्दै उसका काखमा लुकिदिन्थें । ऊ भुतुक्क हुन्थी । हामी दिदी-भाइ । अरूले जे गरे पनि दिदीले त्यसो गर्नु हुन्थ्यो के ?

कान्ति अस्पतालमा पाँच जनाको मृत्यु !

पाटन अस्पतालमा तीन जना ...!

........................................!

नीरवतामा ठेस लाग्यो । ... मरून्-मरून् । जनसङ्ख्यावृद्धिले सरकारको टाउको खाएको छ । कमसेकम परिवार नियोजनको भ्याउलो त हट्ला । अँ, नेपालीलाई धमाधम परिवार नियोजन र विदेशीलाई धेरथोर पैसामा नागरिकता.......निकट भविष्यमा नेपाल र नेपालीको अस्तित्व ? भर्सेला परोस् । आफैं त भरे हो कि भोलि !...

आगामी पाँच वर्षमा विश्वको जनसङ्ख्या पाँच अरब...।

कोही समाचारको शीर्ष-पङ्क्ति पढेर झस्केको छ । म सोच्छु- रोग लाग्नुपर्छ, महामारी, उल्का र भूकम्प आउनुपर्छ अनि पो बाँचेकाले पेटभर खान पाउँछ । साँच्चै के खान पाउँछ पेटभरि ! मान्छेको मूल समस्या नै यही हो । ...

ए ! तिमी भरखर आ'को ? एम्पिसिलिन खायौ ?

नछोए नि खानुपर्छ, रोगीसँग आएपछि । लु खाइहाल ।

यी स्वर आफन्तका होइनन् । मलाई थाहा छ, यहाँ मेरो आफन्त कोही छैन । तैपनि तालबेतालका अस्पष्ट स्वरका बीचमा अनायास परिचित स्वर छाम्न खोज्छु । सुनिन्न । कुनै अनुहार देखिन्न पनि । ... टीठलाग्दो जनरल वार्ड । यो पनि बडो मुस्किलले पाएको । नत्र बाहिर बरन्डासरन्डामा मिल्किनुपर्ने थियो अरू कतिजस्तै । दुख लाग्छ, मलाई सम्झेर भेट्न आउने कोही छैन ।

रीता आई । अरू त कोही आएनन् हैन ? ममात्रै तिम्रो मायाले आ'की । उसले बत्तिसी देखाउँदै भनी । ऊ दुर्गन्ध टाँसिन्छ कि भैं गरी मेरो ओछ्यानमा हलुङ्गोसित बसी र उसले मेरो टाउको सुमसुम्याई । माया गर्दै मेरो म्वाइं खाई । तीन-चार दिनमा त तिमी ठीक हुन्छौ हगि ? उसले भनी । तर म बोलिन । बोल्न खोजेर पनि बक फुटेन । अलमलिएँ । मानौं बक्के कैद छ मेरो । एकछिन बसेर मुसुक्क हाँस्दै फटाफट गई ऊ ।

दिदी, दिदी ! रीता !! अकस्मात् म बहुलाएझैं चिच्याएँ । रीता थिइन । सपना थियो ? विपनामा ऊ आउन्न, सपनामा म बोल्दिन ।....

हो रीता आउनुपर्ने हो ! स्कुल बन्द । क्याम्पस बन्द । सिनेमा..... ए सिनेमा हल बन्द छैनन् । किन ? राजस्व ...गोली मार राजस्वलाई । भर्सेला परोस् छुद्र आमदानीमा । यहाँ दुनियाँ भकाभक मर्दै छन् । दुनियाँ मारेर राजस्व ? यो सरुवा रोग हो । सिनेमा हलहरूमा आगो सल्काउँछु म । डढेलो लगाउँछु प्राणघातक मनोरञ्जनमा । सिनेमाले गर्दा रीताजस्ता कति मान्छे आफ्ना रोगीलाई भेट्न र हेरविचार गर्न आउँदैनन् । रोगीले पानी खान पाएका छैनन् । यहाँ आए रोग सर्छ । सिनेमा हलमा दुनियाँका पसिना र दुर्गन्धी सासमा मुछिंदा रोग सर्दैन ! डाक्टर र सिस्टरलाई भने 'सु' गर्ने फुर्सद छैन ।

रीता आइन। कोही त आउनुपर्ने हो। भो' पऱ्या छैन आउन। भरे त म गइहाल्छु।....रनन्न टाउको दुख्छ.....अंठ्याएर पल्टन्छु। धुमधामसँग गाजाबाजाकाबीच रीतासित मेरो विवाह भयो। सबै साथीहरूलाई निमन्त्रण.....सरहरूलाई पनि....अरूलाई पनि.....प्रीति भोज....रीताले छोरो पाई.......नाम राजु.........जेठमा भ्याकुरको लहरा झैं राजु बढ्यो। एकदिन राजुका एकएक हात समातेर हामी घुम्न निस्क्यौं। वसन्ती रमाइलो। .... मैले झल्यांस्स सम्झें, टेकु अस्पतालमा मेरो साथी रोगग्रस्त छ र उसलाई आजै हेर्न जानु छ। रीतालाई पनि जाने आग्रह गरें। मानिन। कति सम्झाएँ, तैपनि मानिन। मलाईसमेत नजानुहास् पो मान्छे, अझ। मलाई रीस उठ्यो। जान हुन्न के सर्छ। कस्तो भन्या पनि नमान्ने ? ऊ च्याँठ्ठिई।....

"जान हुन्न के सर्छ। कस्तो भन्या पनि नमान्ने।" अस्पतालको पर्खालबाहिरबाट उछिट्टिएर आएको महिला भलाद्मी स्वर पो रहेछ यो। धत् रीता त दिदी पो। म आफैंसित च्याँठ्ठिन्छु, के सोच्या होला सोच्न पनि....?

म सम्झन्छु- घरमा मेरी लुरी स्वास्नी छ। छोराछोरीकी आमा पनि भइसकेकी छ। राम्री छ। म सन्तुष्ट छु। त, यो रीता मेरो मानसिकतामा पटकपटक किन उदाउँछे ? किन आक्रमण गर्छे मलाई ?

क्वाँ आँ आँ.......क्वाँ आँ आँ....!

फेरि ए ! एम्बुलेन्स !!

अरू पाँच जना.........।

सोचाइको शृङ्खला चुँडिन्छ।

के देख्न-सुन्न पऱ्या होला यस्तो !

मुख सुक्छ, पानी छैन। चिन्ता तीव्र हुन्छ। चुरोट खान मन लाग्छ। पाकेटै रित्तो छ। चुरोटले चिन्ता पखाल्न चाहन्छु, निश्चिन्त हुन चाहन्छु। चुरोटले नपुग्ला....अफिम चाहिने हो .... चरेस .... गाँजा ... भाँग ... धतुरो ....ठाडो घाँटी... अनि चिन्ताशून्य... परमानन्दप्राप्ति। देवकोटा, कटुवाल, कलरिजहरू सम्झन्छु। उनीहरूको व्यसनको पछाडि अविदित रहस्य हुनुपर्छ। कति आनन्दको बेला त्यो। ....साँच्चै मृत्यु पनि त्यस्तै होला के ? शून्य...आनन्द...रित्तो....ड्याङड्याङती। न रोजीरोटीको समस्या न जागिर न चाकरी .... सिफारिस... निवेदन ....म्याद .... परीक्षण काल .... खोसुवा ... दुखपीर .... टाउको ठोकुवा रुवाइ ... दाम्पत्य जीवन .... सन्तान ... बुढ्याइँ ...धत्तेरी किन छोड्यो होला रोगले ? मृत्युको मीठो अनुभव गर्नुपर्ने हो। हो, गर्नेपर्छ। तर मलाई त सन्चो भयो रे। परेन फसाद ? पख, म मृत्युका निमित्त आवेदन गर्छु। न्यूनतम योग्यता पुगेकै होला।

बिस्तारै उठ्छु र ढाड भित्तामा अड्याएर बस्छु। ऐय्याया...कम्मर दुख्छ...भोकले आन्द्रा चुँडिन आँटेका छन् ...तिर्खा त्यत्तिकै लागेको छ।

पोखरामा पाँच जनाको मृत्यु, पचासजना अस्पतालमा....!

पूर्व ओखलढुङ्गामा....!

छिमेकी रोगीले थप सूचना पाएछन्। ...जीउ दुख्छ। मुटुको गति झन् तीव्र हुन्छ। रोग देशव्यापी भएछ। जुम्लातिर पनि जम्मै सोत्र्याम्मै छन् रे। हो हामीले मर्न पाउनै पर्छ। कमसेकम त्यति त सुलभ होस्। हीं !....अँ गोरखापत्रमा समवेदना दिनुपर्ला मर्नुपूर्व नै, ता कि स्वयम् पनि पढ्न पाइयोस् आफ्नो समवेदना।

"बेड नं. सिक्स पेसेन्ट ! आफ्नो मान्छेलाई खबर गर्नु भो ? नगरेको भए छिट्टै गर्नुहोस्। भरे पाँच बजे ..." सिस्टर फतफताउँदै अर्कैतिर लागी। सिस्टर ! मेरो बोलावट सुनिनछे क्यार ! फर्केर हेरिन। ... अब निश्चित भएछ, म बाँच्ने भएछु। तर मेरो को छ र बोलाऊँ ? ...कसरी बोलाऊँ ? बोलाउनु त पर्छ। म जाऊँ र बोलाएर ल्याऊँ ! ? ... ए एक्लै पनि जान सक्छु। सक्नैपर्छ नेपालीको छोरो भए !

कोठाभरि धुलैधुलो ....मुसा मेरेर गनाएको ....ढुसी लागेको ... घरधनीले बिजुलीको कनेक्सन छुटाइसकेकाले छिंडीकोठा दिउँसै अँध्यारो .... आफ्नो भने जीउ र टाउको दुखेर छुट्टी ....चक्कर आउलाजस्तो भो'। उभिने तडी हरायो। थचक्क बसें ...टाउको थिचें। रीता आई ... कोठा सफा गरी ... श्याम आइपुग्यो ... राम पनि कताबाट ... रीताले चिया पकाई ... सबैले खाए .... तर मलाई ?

"बेड नं. सिक्स ! सुन्नु भो' ? बेड कम भएर तपाईलाई डिस्चार्ज गर्न लागिएको हो, तर हिजोअस्ति राम्रोसँग घाम लागेकाले आज दसबारमात्रै आए, पन्धसोर छुटे, पाँचसात मरे। त्यसैले तपाई अझै बस्नुपर्छ, ठीक भएको छैन। तपाईको मान्छे आयो भने यसै भनी पठाउनुहोला।" सिस्टरले पहिले दिएको लिस्ट लिएर अर्को सूचना दिँदै गई। म अवाक्। हुरी झैं सुस्केरा निक्लन्छ मेरो मुखबाट- ओह ! मलाई छाडेको छैन मेनिन्जाइटिसले !?

यो मृत्युको उपक्रम !

म मृत्युको वैकल्पिक उम्मेदवार।

लाग्छ, नसानसामा नदीको वेग छैन अब। शरीरबाट मानौं तातोपनले त्यागपत्र दिइसकेको छ, श्वासप्रश्वासले बिदा लिइसकेको छ। आँखा ओइलाइसकेका छन् .....हातगोडा लल्याकलुलुक भइसकेका छन्।

तर यस्तो हुनसक्दैन ... स्फूर्ति अकस्मात् ज्वालामुखीझै पड्कन्छ....मलाई केही भएको छैन.... म निको हुन्छु। हुनैपर्छ। मैले बाँच्न पाउनैपर्छ। कुनै डाक्टरले, सिस्टरले, ममाथि मनपरी गर्न पाउँदैन। मेरो म, म म हुँ। अरू कसैको हुनैसक्तैन। .... म सन्चै छु, को हो छैन भन्ने ?

नभन्दै मेरो मुर्दा शरीरमा नयाँ जोस, स्फूर्ति र उमङ्ग सञ्चारित हुन्छ, सर्रर।

❖

# भोक-उन्मूलन

गरिबी र ऋणले गर्दा चुलाको आगो त उहिल्यै निभेको हो र अहिलेसम्म पनि निभेको निभ्यै छ, तर पेटको आगो झन् दन्कदै छ। गरिबीले त्यसलाई निभाउन सकेन, भोक-उन्मूलन गर्न सकेन। अन्तर्राष्ट्रिय भोक निवारण दिवसका पूर्वसन्ध्यामा भाषण गरी बरु मन्त्रीले आफ्नो कर्तव्य र जिम्मेवारी निभाए। त्यसैले पेटको आगो झन् चर्को रूपमा ह्वारह्वारती बलिरहेको छ।

पेटको आगो जो निभाउनैपर्छ। त्यो निभाउन मान्छेले आज पनि एक्लै भिड्नुपर्छ, एक्लै हिंड्नुपर्छ। त्यसैले ऊ हात पसारेर हिंड्दै छ। माग्दै छ। पाएको छैन केही। अर्थात् कसैले केही दिएको छैन उसलाई। कसकसलाई दिने दिनेले पनि ? दिनै परे हुने खानेलाई नदिने जो आफूलाई पनि कुनै बखत काम लाग्न सक्छ।

उसको नाम हो, गोर्खाली। थर पनि यही हुनसक्छ। उसको पूर्ण व्यक्तिगत विवरणसित दुनियाँलाई के चासो ? उसलाई चिन्ने (?) ले गोर्खाली भन्छन् बस्।

माग्ने क्रम जारी छ, कुनै शाश्वत सत्यझैं। र जोकोहीलाई नदिने क्रम पनि असत्य होइन। अतः त्यो पनि जारी छ। भोक निवारणबारे भाषण पनि जारी छ। सडकछेउ उभिएर कोही केही खाँदै थियो। सायद ब्रेड थियो त्यो। गोर्खालीले देख्यो। मुखभरि र्‍याल आयो। दुम थिएन, हल्लाउनलाई। हजुर ....हात पसार्‍यो। दिएन। हट् भन्यो। गोर्खाली हटे पनि भोक त हट्दैन हट् भन्दैमा। खपिसक्नु भएन भोक। झम्टेर खोस्यो र भाग्यो जति भाग्न सक्यो।

(त्यस दिनदेखि त्यसले सेफ पक्का गरी राख्न थाल्यो।)

अलिक पर पुगी फर्केर हेर्‍यो गोर्खालीले। उसलाई लखेट्नै कोही आ'छैन। छ भने भोक आ'छ पछ्याउँदै। भोक भगाउन एक ठाउँमा टुक्रुक्क बसेर त्यो ब्रेड खान थाल्यो हतारहतार। अन्य काम ढिला भए पनि खाने काम छिट्टै हुनु युगको माग हो। यस कुरामा चाहिं अपवाद छैन ऊ पनि। खान साँच्यो अरूलाई। खाए जति आफ्नो सिद्धान्तविरोधी होइन ऊ पनि। कुकुरले झम्टेला भनी सतर्क र चनाखो थियो ऊ। उसको सम्पूर्ण दृष्टि र सतर्कता कुकुरपट्टि थियो। अकस्मात् कागले टप्प टिपेर लग्यो। मुखको गासमात्र

बाँकी रह्यो । ऊ हेरेको हेर्‍यै भयो । भोक गिजियोमात्रै । भोकको पेट चौथाइ पनि भरिएन । कागका पछि दगुर्न सक्दैन ऊ पनि । मन्त्रीले सबै सभा-गोष्ठीमा भाग लिन भ्याएनन् ।

भोकले रन्थनिएको गोर्खाली खोलातिर लाग्यो अनायास । कपाल खौरेको चारपाँच मानिसहरू उसले देख्यो, दूधपानीमा पकाएको चामल अर्थात् खिरका डल्ला । त्यति खान पाए ! आजको दिन त कट्थ्यो । उसले अनुमान लगायो । दिनै काट्नु त छ, गोर्खालीलाई । त्यसभन्दा बढी केही भएको भए आज उसले यस्तो सोच्नुपर्थ्यो ? ... जोखना हेर्‍यो....झम्ट्यो र खाँदै अलिक पर पुग्यो ।

एक भाइले त्यो माग्ने हो भन्यो ।

अर्कोले बाबुको अवतार भन्यो ।

तेस्रोले बाबुले रूप फेरेको भन्यो ।

चौथोले बहुलाहा भन्यो ।

पण्डितले पूजाको प्रतापले पितृ प्रसन्न भई पिण्ड ग्रहण गरेको बतायो ।

कसैले भनेन, ऊ नेपाली हो ।

कसैले सम्झेन, ऊ गोर्खाली हो ।

भोलिपल्ट सोही स्थानमा पुग्यो । कोही थिएन । भोक त उस्तै थियो । हेर्‍यो, अझै यताउति । केही देखेन । फर्कने आँटेको थियो । केही देख्यो ।

कुकुर मुखमा मासुको लाप्सो च्यापेर दगुर्दै थियो । कुकुरका पछि अर्को कुकुर थियो । पछिल्लाले भेट्टायो । दुवै बाभ्न थाले । लुछाचुँडी गर्न थाले । मासु भुइँमा एक्लै भो' । गोर्खालीको दाउ लाग्यो । लुछ्न थाल्यो हतारहतार, तर पेटसम्म पुग्न पाएन । बलियो कुकुर युद्ध सिद्धचाएर तुरुन्त आइपुग्यो ... उसमाथि झम्ट्यो ....पछार्‍यो । मासुको लाप्सो च्यापेर भाग्यो । ऊ पनि कुकुरका पछि भएभरको बल लगाएर दौड्यो, तर भेट्न सकेन । दगुर्न पनि छाडेन । बगरका ढुङ्गामा बेसरी पछारियो ऊ । कसरीकसरी उठ्यो र फेरि दगुर्न थाल्यो । पुनः पछारिएर तीन बल्यांड खायो अनि पित्रिक्क अलिकति रगत छाद्यो । धेरै त भए पो छादोस् ।

कुकुर मासुको लाप्सो च्यापेर दगुरी नै रहेको थियो ।

भोक-निवारण दिवसका अवसरमा उता मानिसहरू, गोष्ठी, सेमिनार, सभामा भाग लिन चिप्ला कारमा दगुर्दै थिए ....छापाहरू संसारबाट भोक-उन्मूलनको भँगेरटाउके समाचार छाप्दै थिए ...यता गोर्खालीले बगरमा खुट्टा तनक्क तान्यो ।

साँच्चै नै अब भोक-उन्मूलन भो, किनभने अब गोर्खाली भोको छैन । गोर्खाली भोको यस कारणले छैन कि अब ऊ नै छैन । भोक-निवारण दिवसको मिसन सार्थक भो' । अन्यत्र पनि कतै छ र भोक ?

❖

रेडियो नेपालबाट प्रसारित

# प्रवाह

बडो फ्यान्टास्टिक सपना ! सपना कुन अर्थमा पनि भने यो विपना भए पनि म यसलाई विपना वा सत्य भनेर रियालिस्टिक कहलाउन चाहन्न । समयको प्रवाहलाई अलिक मोड्न सकिएला, रोक्न सकिन्न । यहींनेर मानवीय सीमा छलंङ्गिन्छ ।

क्याम्पसमा शैक्षिक वातावरण ठ्याम्मै थिएन । हाहाहूहू बढी हुन्थ्यो । भद्रभलादमीले आहोरदोहोर गर्न पाउन्नथे । शिक्षक-शिक्षिका र भद्र छात्रछात्राका छुट्टै नामकरण भएका हुन्थे । कहाँसम्म भने रिटायर्ड हुने बेलाका प्राध्यापकको कुनै भाउ थिएन, कुनै अधिकार थिएन । भरखर एक वर्षका लागि क्याम्पस प्रवेश गरेका विद्यार्थीको स्वर चर्को हुन्थ्यो, अधिकार ठूलो हुन्थ्यो । कुनै विद्यार्थीले आज नपढ्ने भनेमा पढाइ हुन्नथ्यो । स्मरणीय छ, पढ्ने विद्यार्थीले आज नपढ्ने कुरै गर्दैन । क्याम्पसमा कोही राजनीति गर्छन् । अनि परिआउँदा भाषणमा 'क्याम्पस भनेको राजनीतिको अखडा होइन' भनी चर्को स्वरले डुक्रिन्छन् । ...आज मेरो काम छ नपढौं है भनी प्राध्यापकले भन्दा विद्यार्थी मान्दैनथे र प्राध्यापक पढाउन बाध्य हुन्थ्यो । ... कक्षामा पढाइ भइरहेको हुन्थ्यो । बाहिरबाट ढुङ्गा, गिट्टी र इँटाका टुक्राहरू बर्साइन्थे । कक्षाभित्रै विद्यार्थीहरू कन्याकुमारीलाई अङ्कमाल गरी चुरोट खान्थे । प्राध्यापक सकीनसकी बुझाउने कोसिस गर्थे र विद्यार्थी आपसमा गफ गर्थे अनि भोलिपल्ट क्याम्पस प्रमुखलाई घेर्थे- फलानोलाई पढाउन आउन्न ... अर्को पठाइदेऊ .....यसलाई निकाल्देऊ । देशमा प्रजातन्त्र आएको हो कि छाडातन्त्र ? छुट्याउन मुस्किल भइरहेको थियो । क्याम्पस प्रमुखलाई पनि त्यति सजिलो कहाँ थियो कि ऊ पढाइरहेको प्राध्यापकलाई हटाएर अर्को नियुक्त गरोस् । अर्कोलाई फेरि यसै नहोला भन्ने पो के ग्यारेन्टी ?

एकदिन शिक्षकहरूले पनि क्याम्पस प्रमुखलाई घेरे र सल्लाह दिए । यस्तो वातावरणमा पढाउन सकिन्न । न्यूनतम शैक्षिक वातावरण त सृजना गर्नुपर्‍यो । धेरै छलफल र भनाभनपछि एउटा निष्कर्षमा पुगियो ।.... उच्छृखल विद्यार्थीलाई कारवाही गर्नेबारेको सूचना गर्ने र भरसक्के कारवाही पनि गर्ने । सो निर्णयअनुसार सूचना भयो, तर

वातावरण बीसको उन्नाइस भएन । सूचनामा कुनै दम थिएन कि कुन्नि ?

अर्को दिन म पढाउँदै थिएँ । हलको बीचमा एकजना छात्राले स्वाट्ट चुरोट तानेर सिलिङतिर फुसुसुसु धुवाँ छाडेको देखें । मेरो मस्तिष्क चक्कराउन थाल्यो । भ्रम त थिएन नै । तुरुन्त तिनीछेउ पुगें र तिनलाई बाहिर लगें । केही सम्झाएपछि मैले भनें- तपाईं क्याम्पस प्रमुखकोमा जानोस्, म अहिले आउँछु । तपाईंलाई अब कारवाही हुन्छ । यस्तै निर्णय छ । सूचना पढ्नुभएन ? नो रियाक्सन ! यस्तैमा थुप्रै विद्यार्थी जम्मा भए र केही शिक्षक पनि । घटना शिक्षक साथीलाई अवगत गराएर म बाँकी समयमा आजको पाठयोजना पूरा गर्न पुन: कक्षाभित्र पसें । प्रसङ्गलाई जोड्नमात्र के आँटेको थिएँ, हलतिर आँखा गए । त्यहाँ त थुप्रै विद्यार्थीले चुरोट फुसफुसाइरहेका, बेअदब । मैले भनें, पढाइ स्थगित । र ती छात्रछात्रालाई क्याम्पस प्रमुखको कार्यालयमा तुरुन्त जान भनें जो चुरोट खाइरहेका थिए । कुनै प्रतिवाद थिएन, कुनै असर थिएन । जन्याकजुरुक्क उठेर फुर्तीसाथ सबै विद्यार्थी क्याम्पस प्रमुखको कार्यालयमा पुगे । बरु म चकको हात धोएर उनीहरूभन्दा पछि पुगें । डिस्कस चलिरहेको थियो, तर त्यहाँ पनि तिनीहरू चुरोट खाइरहेका थिए । कार्यालय धुवाँमय भएको थियो । त्यो कोठा क्याम्पस प्रमुखको कार्यकक्ष हो कि किचेनको चिम्नी ? छुट्याउन मुस्किल पर्थ्यो । तर क्याम्पस प्रमुख मौन थिए, मौनी बाबाझैं ।

एउटा कुरा थियो । यसअघिका क्याम्पस प्रमुखका पछाडि विद्यार्थीले जति बदमासी गरे पनि अगाडि वा प्रत्यक्षमा कोही अन्यथा गर्दैनथ्यो । सबै अदबसाथ आउँथे, गल्ती भयो भनी स्वीकार्थे र शिर झुकाएर जान्थे । यद्यपि यस्तो क्रम दोहोरिइरहन्थ्यो । तर अहिले त्यस्तो नक्कली कुरा हुन्न । पछाडि जस्तो अगाडि त्यस्तै । क्या रियालिस्टक ! बहुदलपश्चात् सके क्याम्पस प्रमुखको बदली भएको थियो र यहाँ पनि प्रजातन्त्रिक परिपाटीबमोजिम योग्य क्याम्पस प्रमुखको मनोनयन भएको थियो । हुनसक्छ क्याम्पसको हालको वातावरण त्यही योग्यताको परिणाम होस् । फेरि पनि हामी क्याम्पसको वातावरण सुधार्न एकमना लागिरहेका थियौं ।

हामी अनवरत चिन्तामग्न छौं, हामीले चाहृयौं के र पायौं के ? सायद यहींनेर आदर्श र यथार्थको लक्ष्मणरेखा कोरिएको छ ।

❖

संवाद, २०४६

# थिसिस

म अहिले यहाँ छु । स्मृति भने विगततिर फाल हाल्दै छ ।

अनकन्टार जङ्गलमा उन्मुक्त रमाउने हरेक जङ्गली जनावरलाई मानवले वशमा गर्न सक्छ भन्ने थिसिसलाई परीक्षण गर्न आएको अनुसन्धान टोलीमा म पनि छु । केही गोरा र काला साथी पनि छन् । कोही अति रमाउँछन् र कोही अति डराउँछन्, तर पनि अनुसन्धानप्रतिको लगावले गर्दा अनुसन्धान टोलीमा संलग्न भइआएका छन् ।

महिनौं भइसक्यो हामी अस्थायी शिविर खडा गर्दै बस्ने गरेका छौं ।

जङ्गल अनकन्टार छ । जङ्गलभित्र केही ठाउँ छाडेर भन्ने हो भने सूर्यका किरण पर्दैनन् । सम्पूर्ण जङ्गल प्रायः ओसिलो रहन्छ । ठिहिर्‍याउने जाडो पनि हुन्न हुन त । दिनमा न्यानो हुन्छ र रातमा केही चिसो ।

जङ्गली जनावरलाई नमारीकन वशमा राख्नुपर्नेछ । त्यसैले हामी हातहतियारविहीन छौं भन्दा हुन्छ । हतियारका नाममा आत्मरक्षाका लागि बन्चरो, बाउसो, छुरी, खुकुरी, भाला भने छन् । हामीसित त्यस्तामात्र हतियार छन्, जसले सामान्यतया आत्मरक्षासम्म गर्न सकिन्छ । जङ्गली जनावरलाई मार्नचाहिं सकिंदैन । त्यस्ता औषधि वा केमिकल पनि छैनन्, जसले जङ्गली जनावरलाई लठ्याउन सकियोस् ।

जङ्गलमा उतिखेरै हात्तीका समूहहरू चित्कार गर्दै हिंड्छन्; उतिखेरै बाघ डमरु अघिपछि लगाएर सिंहावलोकन गर्दै अघि बढ्छ; सिंह जङ्गल थर्काएर भएभरका मृगहरूलाई दगुराउँछ; अर्नाहरू बडाबडा राताराता आँखाले हेर्दै सिङ थाप्छन्; गैंडाका जोडी केंटालाई जोगाउँदै हिंडिरहन्छन्; वदेलहरू, बाँदरहरू, सर्पहरू... थरीथरीका जङ्गली जीवजन्तुहरूको विचित्रको त्रासले जङ्गल त्रासभूमिमा परिणत हुन्छ र हाम्रो रगत मानौं जमेर चिसिन्छ ।

जोहनलाई हात्तीले कुल्चेर मारिदियो । कारण के भने हामीले जङ्गली जनावरलाई वशमा पार्ने प्रथम अभियान हात्तीबाट थाल्यौं । हात्तीलाई तह लगायौं भने त्यही हात्तीलाई उपयोग गरेर अरू हात्ती र जनावरलाई समात्ने हाम्रो लक्ष्य थियो र त्यही लक्ष्यअनुरूप

समूहमा हिँडिरहेको एक हात्तीलाई बडेमानको रूखको कापमा लुकेर बसेको जोहनले समात्न पहिलो पासो फालेको थियो। रस्सीको पासोमा त्यो हात्ती त एकछिनका लागि फँस्यो, तर अरू हात्तीले त्यस रूखलाई एकसाथ सुँडले समातेर बेसरी हल्लाउन थाले। रूख त ढल्थ्यो वा ढल्दैनथ्यो, तर जोहन उम्किने उद्देश्यले फाल हाल्न खोज्दा हात्तीका फन्दामा पऱ्यो। हात्तीले त्यसलाई सुँडले समातिछाडे र खुट्टाले कुल्चेर छिचिन्यान्न पारिछाडे। त्यो देखेर हामी सिंहको गर्जन सुनेर भाग्ने मृगशावक भएका थियौं।

जोहनको अवसानले सबका हड्डीमा ज्वरो काढिदिएको छ। अरू त छाडौं एउटा लोखर्के समात्ने स्याउ पनि हराइसकेको छ हामीबाट।

यसपूर्व हामीले लक्ष्य विपरीत थुप्रै मृग मारेका थियौं। यसो गर्नुका दुईवटा उद्देश्य थिए- पहिलो त आहारा र छाला उपलब्ध गर्नु, दोस्रो र मुख्य के भने हिंसक जन्तुका मुख्य आहारा नै मृग नै हामीले खाइदिएपछि ती क्रमश: कमजोर हुँदै गई वशमा गर्न सरल पर्नु। आगाका वरिपरि मृगचर्ममा बसेर हामी आगामी योजना बनाउन थालेका थियौं। अकस्मात् रामेश उफ्रियो। भन्यो, मृग चलमलाइरहेछ। हामी हाँस्यौं।

आज मृगचर्म चलमलाउन्न भनेर धेरैले विश्वास लिएका छन्, तापनि मलाईसमेत पछाडि पिठ्यूँतिरबाट कतै गैंडाले चाट्दै त छैन भनी डर लागिरहेछ। आगो ताप्नु जरुरी छैन र पनि सबै आगोतिर टाँसिदै गएका छौं। हामीले जङ्गलमा आगोको महत्त्वलाई अझ महत्त्वका साथ बुझेका छौं।

आगाकै वरिपरि बसेर योजना बनायौं। त्यसअनुसार लामालामा भाला ताछ्यौं, कठबाँसका लौरा बनायौं, सामान लगेका बोरा बटारेर आगो साथमा लिने लुँडा बनायौं। जता गए पनि आगो साथमा राख्ने नीति अख्तियार गऱ्यौं।

हात्ती, गैंडा, चितुवा, बाँदर, बँदेल, दुम्सी, स्याल, मृग, जरायो... धेरैजसो जनावरलाई हामीले समात्यौं। भाला रोपेर हलनचल तुल्यायौं। फेरि पनि हामीभित्र डर जीवित छ। जनावर सङ्गठन गर्न जान्दैनन् भन्ने हामीलाई थाहा छ, तर विपत्तिले सङ्गठित पनि तुल्याउँदो रहेछ, आइलाग्ने माथि जाइलाग्ने तिनको प्रवृत्ति हुन्छ भन्ने कुरा हामीले पटकपटकको अनुभवबाट सिकेका छौं। त्यसैले डर छैन भन्नु व्यर्थ छ, किनभने डर छ, त्रास छ।

नेपालीले सगरमाथा आरोहण गरेझैं नै हाम्रो नेतृत्वमा अनुसन्धान टोली जङ्गल पसेको भए पनि हामी तिनका अगाडि एकदमै नादान र निहत्था छौं। तिनसित केही हामीलाई थाहा भएका र केही थाहै नभएका अत्याधुनिक उपकरण छन्। ...जोहन मर्दा एउटा उपकरणबारे मैले नै जानकारी पाएको छु। त्यो घटना घट्नेबित्तिकै मेरा आँखा छलेर दिसा गर्न गएको निहुँ गरेर विलियमले कट्टूभित्रबाट सानो यन्त्र झिकेर बोलेको थियो, "हलो ब्रिटेन, आई एम् विलियम स्पिकिङ फ्रम् नेपाल्स जङ्गल। जोहन डेथ बाई

एलेफेन्थ । कल सुन जोनी... एस् एस् ओ के रोजर....।"

व्यक्तिगत रूपमा पनि आत्मरक्षाका उपाय अँगाल्नुपर्ने आवश्यकता ममा प्रथमपल्ट अनुभव भयो ।

पछि एकदिन विलियमले दूरभाष उपकरणमा यत्रतत्र छरिएका आफ्ना गोरा साथी जत्तिलाई आफूनेर बोलायो र त्यहाँ उनीहरूले नेपाली, अफ्रिकाली आदि सबलाई जनावरका मुखमा होमेर आफूहरू सुटुक्कन भाग्ने योजना बनाए ।

म झसङ्ग र भरङ्ग भएँ । मैले गोप्य तर युद्धस्तरमा मुकेश, सुकेशलाई भने, गोल्छे, गुइँठेलाई पनि जानकारी दिएँ अनि अनुसन्धान कार्यलाई बीचैमा छाडेर उनीहरू भन्दा पहिले नै हामी जङ्गलबाट पलायन भयौँ । अर्को विकल्प थिएन । भाग्दा झन् त्रास, झन् आतङ्क । न बाटो छ न गोरेटो । लहरो भनी समाउँदा सर्प समाइने, मुढो भनी टेक्दा अजिङ्गरमाथि टेकिने ...अनकन्टार जङ्गलका बीचबाट पथविहीन मानवहरू कम्पासका सहायताले दिशाबोध गर्दै कैयौं दिनपश्चात् जङ्गलबाहिर पुग्न त सफल रह्यौं । कम सास्ती त भएन ।

ओहो, अहिले ती घटना सम्झँदा पनि आङ जिरिङ्ग हुन्छ । एक थिसिस परीक्षण गर्न हिंडेका हामी अर्को थिसिस सँगालेर फर्केका छौं ।

जङ्गली जनावरभन्दा घातक त मान्छे पो हुँदोरहेछ। यही थिसिस अँगालेर म मानवसमुदायका बीचमा सतर्क भई जीवन यापन गरिरहेको छु ।

❖



**कथाकार**

यस सङ्ग्रहका कथाले औंल्याएका प्रश्नहरूमध्ये बीसौं शताब्दीको अन्तसम्म आइपुगेको मानव जातिको यस उर्ध्वगामी यात्रामा पनि अझै विज्ञानको प्रयोग निहित स्वार्थका लागि गरिनु, आजका सभ्य मानिसहरूले बसोबास गरिने सहरबस्तीहरूमा पनि बालश्रमको शोषण र तिनको पाशविक यातना हुनु, निम्न वर्गप्रति उपेक्षापूर्ण आग्रह राखिनु, निम्न वर्ग पनि निहित स्वार्थका लागि ठूलाबडाहरूको हतियार बनेर प्रयोग हुनु, शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रबाट पनि अस्वस्थकर लाभ र अनुचित चरित्रको प्रदर्शन हुनुजस्ता मानवीय अभिशाप बहुरूपी दृश्यलाई कथाकार लामिछानेले आफ्ना यी कथाहरूमा उतारेका छन् र तिनको यथार्थ तस्वीर प्रस्तुत गर्ने जमर्को गरेका छन्।

**-प्रा.ठाकुर पराजुली**
**प्रथम संस्करणको भूमिकाबाट**

यस सङ्ग्रहका कथाहरूमा विश्वका बिभिन्न कथाकारहरूको भावनात्मक प्रभाव देखिन्छ। कथाकार कपिल लामिछानेको बृहत् अध्ययन क्षेत्रको सङ्केत पनि पाइन्छ। कथाको मनोवैज्ञानिक पक्षका सम्बन्धमा फ्योदर दोस्तोभस्की र एड्गर एलेन पोको प्रभाव देखिन्छ भने विज्ञानसम्मत आविष्कारका सम्बन्धमा एच.जी. वेल्सको विज्ञान-उपन्यास (Science Fiction) को अमिट छाप देखिन्छ। त्यसैगरी सामाजिक विकृतिका सम्बन्धमा चाइनिज कथाकार लू शुनका कथामा पाइने इज्जत धान्ने आई क्यू प्रवृत्तिको प्रभाव देखिन्छ।

**-डा.कृष्णचन्द्र शर्मा भण्डारी**
**प्रथम संस्करणको भूमिकाबाट**

**भोकयुद्ध** कथासङ्ग्रहमा प्रकाशित कथाहरूमा कथाकार कपिल लामिछानेले आफूले भोगेका, देखेका र सुनेका प्रसङ्गहरूलाई कथाको रूप दिएका छन्। कथामा देशको स्थिति, परिवेश छर्लङ्ग र स्पष्ट किसिमले देखाइदिएका छन्। कथासङ्ग्रहमार्फत कथाकारले पञ्चायतीकालको नृशंसताको वर्णन, जनआन्दोलनका घटनाक्रमहरू र शोषित-पीडित जनमनका भावना-कर्महरू नलुकाईकन प्रस्ट पारेका छन्।

**-मोहन दुवाल**
**प्रथम संस्करणको प्रकाशकीयबाट**

निष्कर्षमा **भोकयुद्ध** समाजको शोषितपीडित व्यक्तिहरूको सामाजिक व्यथाको दारुण कथा हो। समय र राजनीतिमा परिवर्तन आए पनि समाजमा हैकम जमाएर खान पल्केकाहरू अनुहार बदलेर पनि जनतालाई सताइरहेका हुन्छन् भन्ने कटु सत्यलाई यस सङ्ग्रहले अगाडि ल्याएको छ। कथाहरू संरचनाभन्दा बढी मनोवेगतर्फ गएका देखिए पनि समाजमा चलेका विकृतिहरूमा आमूल परिवर्तन ल्याएर स्वस्थ तथा शोषणविहीन न्यायपूर्ण समाजको निर्माण हुनुपर्ने सन्देश **भोकयुद्ध**ले दिएको छ।

**-प्रा.गोपीकृष्ण शर्मा, गोधूलि, २०५७, अङ्क ११, पृ. ५१**

अत्यन्त सरल, सहज र प्रभावकारी ढंगबाट सिर्जना गरिएका कथाकार कपिल लामिछानेका कथाहरू समाजलाई विकृति, विसंगतिको दलदलबाट मुक्त गर्नुपर्छ भन्ने दिशामा अग्रसर देखिन्छन्। त्यसैले राष्ट्रमा व्याप्त भ्रष्टाचार, बेरोजगारी, शोषण र पजेरो संस्कृतिविरुद्धको शंखघोष हो- **भोकयुद्ध** कथासंग्रह। निम्नवर्गका नेपालीहरूको अधिकार, नारीप्रतिको दृष्टिकोण र विज्ञानको निस्वार्थ प्रयोगबारे सचेत रहेर कथाकारले आफ्नो सिर्जनशील कलमलाई गति दिएको अनुभूति हुन्छ।

**-यादव भट्टराई, छलफल, २०६०, असार १, पृ. ६**